कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/३/१३ गते

# सरुमारानी गाउँपालिकाको
# गाउँ शिक्षा योजना
## (२०८१/८२-८५/८६)

शिक्षा योजना सरुमारानी

INCLUDEPICTURE "https://upload.wikimedia.org/wikipedia/commons/thumb/2/23/Emblem_of_Nepal.svg/1024px-Emblem_of_Nepal.svg.png" * MERGEFORMATINET INCLUDEPICTURE "https://upload.wikimedia.org/wikipedia/commons/thumb/2/23/Emblem_of_Nepal.svg/1024px-Emblem_of_Nepal.svg.png" * MERGEFORMATINET INCLUDEPICTURE "https://upload.wikimedia.org/wikipedia/commons/thumb/2/23/Emblem_of_Nepal.svg/1024px-Emblem_of_Nepal.svg.png" * MERGEFORMATINET

सरुमारानी गाउँपालिका

गाउँपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

बङ्गाँडा,प्युठान,२०८१

प्रकाशक : *सरुमारानी गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालयबङ्गाँडा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल*

प्रकाशन मिति :(२०८२/३/१३)

सर्वाधिकार :सरुमारानी गाउँपालिकाको कार्यालय,प्युठान

**सल्लाहकार समिति :**

**अध्यक्ष :** श्री झगबहादुर विश्वकर्मा,

**उपाध्यक्ष : श्री बसन्ता खड्का,**
**प्रमुख प्रशासनिक अधिकृत :** श्री त्रिविक्रम खड्का
**आर्थिक तथा प्रशासन शाखा प्रमुख : टोपबहादुर शाही**

## शिक्षा योजना निर्माण कार्यदल :

**संयोजक : भीमबहादुर मर्साङ्गी**

**सदस्य : निर्मल शर्मा**

**सदस्य : भक्तबहादुर मर्साङ्गी**
**सदस्य : वेदबहादुर पुन**

**सदस्य :** यमराज खनाल

**सदस्य :** श्री पुष्पलाल शाही
**सदस्य : गीता पोखल**
**सदस्य :** लालभक्त रोकाय

शिक्षा योजना सरुमारानी

## विषयसूची

हाम्रो भनाई
विषय प्रवेश १
परिच्छेद १ ९-२५
परिचय ९
१.१ पृष्ठभुमी १०
१.२ मुख्या समस्याहरु २२
१.३ शिक्षा क्षेत्रका चुनौतीहरु २४
१.४ अबसरहरु २४
परिच्छेद २ २६-५०
लक्ष्य निर्धारण २६
२.१ दुरदृष्टि २९
२.२ लक्ष्य २९
२.३ उदेश्य २९
२.४ रणनितीहरु ३०
२.५ कार्यनिती ३५
२.६ अपेक्षित उपलब्धि ४४
२.७ मुख्यम कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ४५
परिच्छेद ३ ५१-७९
विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु ५१
३.१ प्रारम्भिक बालविकास र शिक्षा ५१
३.२ आधारभूत शिक्षा ५६
३.३ माध्यमिक शिक्षा ६२
३.४ प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम ६८
३.५ अनौपचारिक तथा आजिवन सिकाई ७४
परिच्छेद ४ ८०-११९
अन्तरसमन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम र मुल्याङकन ८०

शिक्षा योजना सम्मारानी

४.२ शिक्षक व्यवस्थापन र विकास ८७
४.३ शैक्षिक समता र समावेसिकरण ९५
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम १००
४.५ विद्यालय सूरक्षा, विपद,न्यूनिकरण तथा उत्थानसिलता १०५
४.६ विद्यालय भौतिक पुर्वाधार विकास ११०
४.७ विद्यालयमा सूचना तथा संञ्चार प्रविधि ११६
परिच्छेद ५ १२०-१२५

विद्यालय समुदाय समन्ध १२०

परिच्छेद ६ सुशासन तथा ब्यवस्थापन १२६-१३७
६.१ बर्तमान अबस्था १२६
६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको स्वरुप १३३

परिच्छेद ७ १३८-१४५
लगानी र स्रोत ब्यवस्थापन
७.१ बर्तमान अबस्था १३८
७.२ उदेश्यहरु १३९
७.३ रणनितिहरु १४०
७.४ मुख्य उपलब्धिहरु १४१

परिच्छेद ८ १४६-
१५०
अनुगमन तथा मुल्याङकन
८.१ बर्तमान अबस्था १४६
८.२ उदेश्य १४७
८.३ रणनिति १४८
८.४ मुख्य उपलब्धि र नतिजा १४८
८.५ मुख्य क्रियाकलाप र परिमाणात्क लक्ष्य

शिक्षा योजना सम्मारानी

## हाम्रो भनाइ

शिक्षा मानव जीवनको आधारशिला हो । यो त्यस्तो अमूल्य सम्पत्ति हो, जसले व्यक्तिको चेतना, विचार र व्यवहारमा उज्यालो फैलाउँछ । शिक्षाले बालबालिकाको भित्र लुकेका प्रतिभा र क्षमताहरूलाई जगाउँदै उनीहरूलाई जिम्मेवार नागरिकका रूपमा तयार पार्छ । त्यसैले शिक्षा हरेक बालबालिकाको जन्मसिद्ध अधिकार हो, जसलाई सुनिश्चित गर्नु हाम्रो साझा जिम्मेवारी हो ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकका रूपमा स्पष्ट रूपमा निर्दिष्ट गरेको छ । संघीय संरचनाको कार्यान्वयनसँगै स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएकाले अब गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षा प्रदान गर्ने दायित्व स्थानीय सरकारकै काँधमा आएको छ । यही जिम्मेवारीको बोधका साथ **सरुमारानी गाउँपालिका**ले शिक्षा क्षेत्रको दीर्घकालीन रूपान्तरणका लागि पाँच वर्षे शिक्षा योजना निर्माण गरेको छ ।

यो योजना केवल सरकारी कागजमा सीमित दस्तावेज होइन, यो सरुमारानीका प्रत्येक बालबालिका, शिक्षक, अभिभावक र समुदायको सामूहिक सपना हो । हाम्रो लक्ष्य हो ‘ सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने, कोही पनि शिक्षाबाट वञ्चित नहोस् भन्ने सुनिश्चितता दिलाउने र सिकाइलाई व्यवहारिक जीवनसँग जोड्ने ।

शिक्षा नीति, २०७६ र विद्यालय शिक्षा क्षेत्र योजना, २०७७ का मार्गनिर्देशनहरूलाई आत्मसात गर्दै, यस गाउँपालिकाको शिक्षा योजनाले स्थानीय आवश्यकता, सम्भावना र चुनौतीका आधारमा रणनीति तय गरेको छ । साक्षरता दरलाई १०० प्रतिशतमा पुऱ्याउने, इन्टरनेट पहुँच भएका विद्यालयहरूलाई शिक्षण—सिकाइमा प्रभावकारी रूपमा प्रयोग गर्ने, र विद्यार्थीहरूमा व्यवहारिक सीप विकास गर्ने लक्ष्य यस योजनाले लिएको छ ।

नेपाल सरकारले इन्चोन सम्मेलनमार्फत सन् २०३० सम्म सार्वजनिक शिक्षालाई सुदृढ बनाउने अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ । त्यही प्रतिबद्धतालाई स्थानीय स्तरमा कार्यान्वयन गर्ने दिशामा सरुमारानी गाउँपालिकाले यो योजना तयार गरेको हो । यसले राष्ट्रिय नीति र स्थानीय आवश्यकता बीचको सम्बन्धलाई सन्तुलित गर्दै, शिक्षा क्षेत्रलाई विकासको मुख्य मेरुदण्डका रूपमा अघि बढाउने उद्देश्य राखेको छ ।

हामी विश्वास गर्छौं ‘ शिक्षामा लगानी भनेको भविष्यमा लगानी हो । विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकबीचको सहकार्यले मात्रै गुणस्तरीय शिक्षाको सपना साकार हुन्छ । सरुमारानी गाउँपालिकाको शिक्षा योजना त्यसै सहकार्य र साझा प्रतिबद्धताको दस्तावेज हो ।

हामी स्थानीय सिप, ज्ञान, संस्कृति र सम्पदालाई आधुनिक प्रविधिसँग जोडेर, विद्यार्थीहरूलाई रोजगारीमुखी, अनुसन्धानमुखी र आत्मनिर्भर बनाउने दिशामा अघि बढिरहेका छौं । साथै, विद्यालयबाट बाहिरिएका बालबालिकाहरूलाई पुनः शिक्षाको मूलधारमा ल्याउने र उनीहरूलाई निरन्तर सिकाइमा जोड्ने हाम्रो प्रतिबद्धता स्पष्ट छ ।

**"शिक्षा हाम्रो अधिकार मात्र होइन, हाम्रो भविष्यको बाटो पनि हो।"**
हामी सबैको सहभागिता, सहयोग र प्रतिबद्धताले यस शिक्षा योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सघाउनेछ भन्ने हाम्रो दृढ विश्वास छ ।

-सरुमारानी गाउँपालकाको कार्यालय प्युठान

शिक्षा योजना सरुमारानी

# विषय प्रवेश:

शिक्षा हरेक बालबालिकाको नैसर्गिक अधिकार हो। शिक्षा यस्तो दीप हो जसले व्यक्तिभित्र रहेको अन्धकारलाई हटाई ज्ञानरुपी प्रकाशले उज्यालो बनाउछ। हरेक बालबालिकाहरूसँग असिम सम्भावना रहेको हुन्छ। शिक्षाले उक्त असिम क्षमतालाई झकझकाइ बाहिर प्रस्फुटन गर्न मद्दत गर्दछ। नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा लिएको छ। नेपालको संविधानले तीन तहको संरचना निर्माण गरिसकेको छ। स्थानीय तहलाईबलियो बनाउने उद्देश्यले त्यहाँको भूगोल, धर्म, संस्कार, संस्कृति र सामाजिक मूल्य मान्यतालाई आधार बनाई शिक्षा नीति तथा योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएकोले सरुमारानी गाउँपालिकाले पनि ५ वर्षको शिक्षा नीति तथा योजना कस्तो बनाउने भन्ने विषयमा व्यापक छलफल गरी योजनाको निर्माण कार्य अगाडि बढाएको हो। शिक्षा नीति,२०७६ मा पनि शिक्षाको लगानीलाई प्राथमिकतामा राखी राष्ट्रिय नीति जारी गरेको थियो। आर्थिक वर्ष २०८१।०८२ देखि २०८५।०८६ ले समेत ५ वर्ष र सो माथिको साक्षरता दर सत प्रतिशत पुर्याउने, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्थालाई सतप्रतिशत कार्यान्वयनमा लैजाने लक्ष्य लिएको छ। त्यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना,२०७७ मा भएको व्यवस्था अनुसार सरुमारानी गाउँपालिकामा शिक्षामा सुधारका लागि शिक्षा योजनाको आवश्यकताको महसुस गरिएकोले यो योजना तयार गरिएको छ। नेपाल सरकारले इन्चोन सम्मेलनले तय गरिएको विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर गरी सन् २०३० सम्म नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको छ। नेपाललाइ वि स २०७९ सम्म अल्प विकसित राष्ट्रबाट विकासशील राष्ट्रको रुपमा स्तर उन्नति गरी वि स २०८७ सम्म मध्यम आय भएको मुलुकको स्तरमा पुर्याउने लक्ष्य राखिएको छ। हामी स्थानीय निकायबाट राष्ट्रिय नीति तथा योजनालाई पूरा गर्न तत् अनुसारको योजना तथा कार्यक्रमहरूलाई अगाडि बढाउनुपर्ने देखिन्छ। सघ प्रदेश र स्थानीय निकायका नीति तथा योजनाहरूको अन्तरसम्बन्धलाई पनि ध्यान दिनुपर्ने देखिन्छ। मूलत शिक्षा भनेको देश विकासको मेरुदण्ड हो। ज्ञानसिप बिना विद्यार्थीहरूमा अपेक्षाकृत गुणस्तरीय शिक्षाको आशा गर्न सकिँदैन । सरुमारानी गाउँपालिका भित्रका सांस्कृतिक, भौगोलिक, धार्मिक, नैतिक, सामाजिक, शैक्षिक तथा कृषिका पक्षहरूलाई सम्बोधन गर्ने गरी शैक्षिक योजना तयार गरी उच्च तथा मध्यम प्रकारको जनशक्तिको जग तयार गर्ने प्रकारको योजना बनाउनुपर्ने कुरामा विशेष जोड लगाउनु पर्ने देखिन्छ। वर्तमान शिक्षाप्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापक, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तकमा, पठनपाठन प्रक्रिया र मूल्याङ्कन प्रणलीमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ। नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय सरकारको मुख्य एजेण्डा हो। यसलाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक रोजगारमूलक गुणस्तरीय जनमुखी जीवन उपयोगी र अनुसन्धानमूलक ज्ञान प्रदान गर्नु हाम्रो स्थानीय तहको पहिलो प्राथमिकता हो। हामीले यहाँको कला संस्कृति ज्ञान सीपलाई आधुनिक प्रविधिसँग जोडेर विद्यार्थीहरुलाई स्थानीय स्तरमै रोजगारमूलक जनशक्ति तयार गर्न हाम्रो लक्ष्य हो। केही विद्यार्थीहरु विद्यालयमा भर्ना हुने भइसकेपछि बीचमै छाड्ने हुन्छन् त्यस्ता बालबालिकाहरूलाई शिक्षा प्रणालीको

समतामूलक मूलधारमा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ। यस्ता बालबालिकाहरूलाई निरन्तर पृष्ठपोषण दिँदै पढाइप्रति आकर्षित गर्नुपर्छ। आवश्यक परेमा बालबालिकालाई व्यक्तिगत रुपमा उपचारात्मक शिक्षण गर्नुपर्ने हुन्छ ।

## 1) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य :

### सरुमारानी गाउँपालिकाको ५ वर्षे शिक्षा योजनाको औचित्य र आवश्यकता

g]kfnsf] ;+ljwfgdf lglb{i6 ul/Psf lzIff ;DaGwL xs tyf clwsf/, lzIff lglt @)&^, lzIff P]g tyf lgodfjnL, :yflgo ;/sf/ ;+rfng P]g @)&$, eod'St l;sfO jftfj/0fsf lgldt gLltut Joj:yf @)^& ,pRr:t/Lo lzIff cfof]u @)&$ sf] sfo{ k|ult tyf l;kmfl/;x?, ;'/lIft ljBfno gLlt @)&#, SSDP sf sfo{s|dx?, lbuf] ljsf; nIosf sfo{s|dx?, clgjfo{ tyf lgMz'Ns lzIff ;DalGw P]g @)&%, ljBfno 5fqfjf; Joj:yfkg lgb]{lzsf @)&!, ;f]x|f}F of]hgfsf] cfwf/kq, ;?df/fgL ufpFkflnsf lzIff P]g @)&% cflb of] lzIff gLlt th'{dfsf d"n cfwf/ x'g . u'0l:t/Lo lzIff k|fKt ug]{ ;?df/fgLjf;Lsf] clwsf/nfO{ Jojxf/df sfof{Gjog ug{, ;ª3Lo nf]stflGqs u0ftGqsf] dfGotf cg'?k lzIffdf ;a}sf] ;/n, ;xh / ;dtfd"ns kx"Fr ;'lglZrt ug{ Pj+ lzIffnfO{ ;j{JofkL, hLjgf]kof]uL, k|lt:kwL{ Pj+ u'0f:t/o'St agfpg of] ufpF lzIff gLlt cfjZos k/]sf] xf] . ;+3Lo 9fFrf cg'¿k :yflgo txdf k|fKt lzIff ;DalGw clwsf/nfO{ sfof{Gjog ug{ lzIff k|zf;g k|efjsf/L Pj+ glthfd"ns 9+un] ;~rfng u/L ;?df/fgLjf;Lsf] lzIff k|flKtsf] clwsf/ ;'lglZrt ug{sf nflu ;dofg's'n of] lzIff gLltsf] h?/t k/]sf] xf] . To;}u/L 5l/P/ /x]sf :yflgo txdf k|fKt lzIff ;DalGw clwsf/x?nfO{ ;xh / ;/n ?kdf sfof{Gjog ug{ cfjZos ufpF lzIff gLltsf] vfFrf] k"/f ug]{ Wo]on] of] ;?df/fgL ufpFkflnsfsf] lzIff gLlt th'{df ug'{ k/]sf] xf] .

नेपालको संघीय संरचनामा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षासम्बन्धी कार्यभार प्रमुख रूपमा तोकिएको छ। त्यसै अनुरूप, सरुमारानी गाउँपालिकाको ५ वर्षे शिक्षा योजना स्थानीय आवश्यकता, राष्ट्रिय लक्ष्य, गुणस्तरीय शिक्षा, समावेशिता, प्रविधिमैत्री शिक्षा, तथा दिगो विकासका लक्ष्यहरूलाई समेटेर निर्माण गर्न आवश्यक छ।

## १. स्थानीय आवश्यकताको पहिचान

सरुमारानी गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता शिक्षाको आवश्यकतामा प्रभाव पार्छ। ग्रामीण भेगका विद्यालयहरूको पूर्वाधार, शिक्षकको उपलब्धता र शैक्षिक गुणस्तरको अवस्था, बालबालिकाको शिक्षामा पहुँच, गुणस्तर र सान्दर्भिकता सुनिश्चित पहिचान गरी योजना तर्जुमा गर्न।

## २. गुणस्तरीय शिक्षाको सुनिश्चितता

विद्यालयको भौतिक पूर्वाधार सुधार, पर्याप्त शिक्षक आपूर्ति तथा तालीमको व्यवस्था गर्दै पाठ्यक्रमलाई व्यावहारिक बनाउँदै शिक्षण विधिमा सुधार गर्न,बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि गर्दै जीवन उपयोगी शिक्षा प्रदान गर्न।

## ३. समावेशी शिक्षाको प्रवर्द्धन

सीमान्तकृत, अपाङ्गता भएका र विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकालाई मूल प्रवाहमा ल्याउन,, विपन्न तथा समुदायका बालबालिकालाई लक्षित गरी छात्रवृत्ति, पोषणयुक्त खाजा तथा अतिरिक्त सहयोग कार्यक्रम सञ्चालन गर्न।

## ४. प्रविधिमैत्री शिक्षाको विकास

- विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट र डिजिटल शिक्षण प्रणालीको विकास गर्न, शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न।

## ५. स्थानीय स्रोत साधनको उपयोग

- गाउँपालिकामा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै शिक्षा प्रवर्धन गर्न,स्थानीय ज्ञान, सीप र संस्कृतिलाई पाठ्यक्रममा समावेश गर्न आवश्यक छ।

## ६. राष्ट्रिय लक्ष्यको कार्यान्वयन

- नेपालको शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा दीर्घकालीन लक्ष्यहरूलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न, शिक्षामा समानता, गुणस्तर र पहुँच सुनिश्चित गर्न शिक्षा योजनाले महत्वपूर्ण भूमिका खेल्छ।

शिक्षा योजना सरुमारानी

## ७. स्थानीय सरकारको दायित्व

नेपाल सरकारको संविधान (अनुसूची ८) अनुसार, माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो। गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्दै, विद्यालय व्यवस्थापन तथा अनुगमन सुदृढ गर्न योजना आवश्यक छ।

## ८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यको कार्यान्वयन

- नेपालको शिक्षा नीति २०७६ लाई कार्यन्वयन गर्न, नेपाल सरकारको दीर्घकालीन लक्ष्य (२०००/०१) को कार्यान्वयन गर्न,१६औं योजना तथा दिगो विकास लक्ष्य (SDG 2030) का शैक्षिक लक्ष्य प्राप्त गर्न,स्थानीय स्तरमा शिक्षाको समग्र सुधार गर्दै अन्तर्राष्ट्रिय लक्ष्यहरूमा योगदान पुऱ्याउने।

## ९. शैक्षिक व्यवस्थापनको सुधार

- प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि योजनाबद्ध प्रयास आवश्यक छ।
- स्रोत साधनको उचित परिचालन, अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नुपर्छ।

## १०. भविष्यको लागि मार्गचित्र

- विगतका अनुभव तथा तथ्याङ्कको अध्ययन गर्दै शिक्षाको गुणस्तर निर्धारण गर्न, व्यवहारिक र नतिजामुखी शिक्षा योजनाको निर्माण आवश्यक छ।

## ११. सरुमारानी गाउँपालिकाको मौलिक आवश्यकता

- स्थानीय कला, संस्कृति, ज्ञान, सीपलाई आधुनिक प्रविधिसँग जोडेर रोजगारमूलक शिक्षा प्रदान गर्न, विद्यालय छाड्ने बालबालिकाहरूलाई पुनः मूलधारमा ल्याउने प्रयास गर्न ।

## १२. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयन

विज्ञान, प्रविधि, र संस्कृति समायोजन गर्दै अन्तर्राष्ट्रिय आवश्यकताहरू पूरा गर्ने जनशक्ति विकास गर्न यो योजना आवश्यक छ।

## १३. व्यवहारिक र नतिजामूलक योजना

- परामर्श, वस्तुस्थितिको विश्लेषण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको प्रभावकारी संयोजन।

**घ) शिक्षा योजना निर्माणका आधार**


यस सरुमारानी गाउँपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्न लिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाइ मूल आधार मानि शिक्षा योजना निर्माण गर्ने प्रयास गरेको छ ।

1) नेपालको संविधान २०७२
2) स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०७९
3) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,
4) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) सन २०२२।०२३ देखि २०३१।०३२
5) शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,
6) दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप
7) स्थानीय विकास योजना
8) सरुमारानी गाउँपालिकाको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट
9) Recovery and Accelerated Learning (ReAL) Plan २०२३-२०२८
10) विद्यालय शिक्षामा समता रणनीति
11) राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८
12) विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)
13) अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू
14) सरुमारानी गाउँपालिकाको शिक्षा ऐन,२०७५
15) Flash Report 2022/023
16) बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०
17) सरुमारानी गाउँपालिका कृषि गणना
18) सरुमारानी गाउँपालिकाको बजेट पुस्तिका २०८१/०८२

19)    अन्य निर्देशिका,कार्यविधि तथा मापदण्डहरु

### ङ) शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गर्दै यस गाउपालिकाले शिक्षा क्षेत्रलाई सुधारको बाटोमा अघि बढाउन गाउ कार्यपालिका, शिक्षा समिति लगायतका बिभिन्न फोरमहरुमा शिक्षा योजनाको आबश्यकता महसुस गरी  छलफल गरिदै आएको छ । सोही अनुसार पालिकाले मिति २०७९/९/२१ गतेको कार्यपालिका बैठकबाट शिक्षा योजना निर्माण कार्यदल गठन भएको। उक्त वैठकमा गाउँ  शिक्षा योजनामा समावेश गरिनुपर्ने विषयवस्तु माथि छलफल गरिएको थियो । शिक्षा योजना तयार गर्नको लागि सामाजिक विकास समिति संयोजक श्री भीमबहादुर मरसाङ्गीको संयोजकत्वमा गठित ५  सदस्यीय कार्यदलले विभिन्न समयमा गाउं शिक्षा योजना निर्माण लेखन गरी विभिन्न मितिमा विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट प्राप्त सुझावहरु, बिभिन्न बौद्धिक वर्गहरुसंग छलफल, अन्तरक्रिया गरी यहाँहरुको अमूल्य सुझावहरुलाई यस शिक्षा योजनाले समावेश गरेको छ । उक्त योजनाको अन्तिम रुपलाई गाउँ  शिक्षा शिक्षा समितिको बैठकको निर्णय सहित गाउँ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने प्रक्रियाहरु अवलम्बन गरिएको थियो । यस सरुमारानी गाउँपालिकाले शिक्षा योजना निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको थियो जुन प्रक्रियाहरु निम्नानुसार रहेका छन :




### च) योजनाको लेखाजोखा

### छ) योजनाको दस्तावेजको स्वरूप

नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ परिमार्जित तथा अध्यावधिक संस्करण २०८१ को अनुसूची १ अनुसार तयार गरिएको छ।

## परिच्छेद १ : परिचय

### परिचय

प्यूठान जिल्लाको सदरमुकाम देखि १७ कोष दक्षिणमा महाभारत श्रृखलाको तल्लो भागमा भित्री मधेश र चुरे पहाडि क्षेत्रमा यो सरुमारानी गाउँपालिका अवस्थित रहेको छ । धार्मिक हिसावले महत्वपुर्ण मानिने स्वर्गद्धारी जाने प्रवेशद्वारको रुपमा यो गाउँपालिका रहेको छ ।पुर्व—पश्चिम राजमार्ग अन्तर्गत दाङको भालुवाङ्गबाट ८ कि.मी. उत्तर तिर यस गाउँपालिकाको सिमारम्भ हुन्छ । यो गाउँपालिका साविक बाङ्गेसाल, हंसपुर, ढङ्गेगढी गाविस पुरै र तिराम गाविसको वडा नं.५देखि९ र धुवाङ गाविसको वडा नं.७ र ८ गाभिएर हाल ६ वटा वडा बनेको छ भने यसको केन्द्र साविक ढुङ्गेगढी गाविसको बङ्गाँडा र हालको ०४ नं वडामा रहेको छ । यस गाउँपालिकाको नामाकरण यहाँ रहेको भौगोलिक सबैभन्दा अग्लो पहाड सरुमारानीबाट रहेको हो , यो पहाड साविकको ढुंगेगढि र तिराम गाविसमा हालको सरुमारानी वडा नं ०४ , ०५ र ०६ को सिमानामा पर्दछ , सरुमारानी पहाडको नाम कसरी रहयो भन्ने विषयमा बाइसे चौविसे राज्यको समयमा त्यस ठाउँ कि रानी अग्लो पडाडको टुप्पा अर्थात शिरमा गएर नेपालको दक्षिणी तराई तथा भारतको मनोरम दृश्य हेर्न जानेहुदाँ त्यहाका जनताले शिरमा रानी गएकी छन् अर्थात शिरमा रानी शिरमा रानी भन्दा भन्दै अपभ्रंश भएर सरुमारानी नाम रहन गएको जनविश्वास रहेको छ । पुर्वमा प्युठान जिल्लाको ऐरावती गाउँपालिका र अर्घाखाँचि जिल्लाको सितगंगा नगरपालिका, पश्चिममा दाङ्ग जिल्लाको बंगलाचुली गाउँपालिका, उत्तरमा प्युठानको ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिका र दक्षिणमा दाङ्ग जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका पर्दछ । चुरे पर्वतको काख र चुरे पर्वतदेखि उत्तर र माहाभारत श्रृखला देखि दक्षिणमा अवस्थित रहेको छ । मोक्ष प्राप्तीको लागी पवित्र स्थल मानीने ऐरावति नजिकै मिसिने राप्ती नदी यहाँको जल श्रोतको प्रमुख श्रोत को रुपमा रहेको छ । यस नदिमा बहुचर्चित नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजना पनि यो गाँउपालिका बासिको सपना रहेको छ । यो नदि स्नान तिर्थको लागी भारतको गंगा नदी जस्तै पवित्र स्थलको रुपमा मानिन्छ । यो नदिको किनारमा रहेका वडा नं ०१ र ०२ को उर्वर भुमिमा सिंचाईको संभावना रहेको छ । यस क्षेत्रमा अत्याधिक सालको वनजंगल रहेको छ । यहाँको जंगलमा चितुवा, रतुवा, घोरल, बँदेल, दुम्सी, बाँदर ,खरायो आदी जनावर पाईन्छन भने मयूर , कालिज, चाखुरा, तित्रो लगायतका पंछिहरु पाईन्छन । यहाँका धार्मिक तथा ऐतिहासिक धरोहरहरु जस्तै ऐरावती, झक्रीदमार ,छहरे ,बराहथान, हंसपुर खड्ग भगवती मन्दीर ,सरुमारानी मंदिर ,गढिदरवार रानी कुवा ,मनोरम सरुमारानी पहाड आदी रहेका

छन । यहाँ को मूख्य जातजातीहरु मगर , दलित समुदाय , क्षेत्री ,ब्रहामण, मुसलमान, कुमाल,धामी ,राउत,गुरुङ ,नेवार ,कुसुन्डा रहेका छन । यहाँको मुख्य भाषामा नेपाली भाषा रहेको भएपनि मगर भाषा ,मुस्लिम भाष र गुरुङ भाषा पनि बोल्ने गरेको पाईन्छ । यहाँका मुख्य पर्वहरु तिज , दशै , तिहार ,ईद ,तमुल्होसार ,माघे संक्रान्ति ,जनै पूर्णीमा रहेको र उक्त पर्वहरुमा विभिन्न ठाँउहरुमा मेलाहरु लाग्न गर्दछन् । यहाँको मुख्य धर्म हिन्दु रहेको छ भने मुस्लिम , बौद्ध र क्रिश्चीयन धर्म पनि मानिने गरेको पाईन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस सरुमारानी गाउँपालिकाको जनसंख्या १९७८३ रहेको छ । जस मध्य महिला १०९५१ र पुरुष ८८३२ रहेको छ । यसै गरि यस सरुमारानी गाउँपालिकाको घरधुरी ४४५३ रहेको छ ।

## १.१ वर्तमान अवस्था

### 1) भौगोलिक अवस्थितिको विश्लेषण :

**सरुमारानी गाउँपालिकाको भौगोलिक विश्लेषण:**

सरुमारानी गाउँपालिका नेपालका लुम्बिनी प्रदेशअन्तर्गत प्युठान जिल्लाको दक्षिणी भागमा अवस्थित छ। यो गाउँपालिका महाभारत पर्वत श्रृंखलाको तल्लो भागमा, भित्री मधेश र चुरे पहाडी क्षेत्रमा फैलिएको छ।

**सीमाना:**

- **पूर्व:** प्युठान जिल्लाको ऐरावती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका। ,**पश्चिम:** दाङ जिल्लाको बंगलाचुली गाउँपालिका। **उत्तर:** प्युठान जिल्लाको ऐरावती र माण्डवी गाउँपालिका,**दक्षिण:** दाङ जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको सितगंगा नगरपालिका।

**क्षेत्रफल र जनसंख्या:** गाउँपालिकाको कुल क्षेत्रफल १५७.९७ वर्ग किलोमिटर छ, जसमा २०७८ सालको राष्ट्रिय जनगणना अनुसार १९,७८३ जनसंख्या बसोबास गर्छन्।

**भौगोलिक बनावट:** यो क्षेत्र चुरे पर्वतको काखमा अवस्थित छ, जसको उत्तरमा महाभारत श्रृंखला र दक्षिणमा चुरे पर्वत फैलिएको छ। गाउँपालिकाको भूबनावट पहाडी र तराई क्षेत्रको मिश्रण हो, जसले विविध हावापानी र माटोको बनोट प्रदान गर्छ।

शिक्षा योजना सरुमारानी

**जलस्रोत:** गाउँपालिकाको प्रमुख जलस्रोत रासी नदी हो, जुन ऐरावती क्षेत्रमा मिसिन्छ। यो नदी धार्मिक दृष्टिले पवित्र मानिन्छ र सिंचाइका लागि महत्वपूर्ण स्रोत हो।

**वनस्पति र जीवजन्तु:** यस क्षेत्रमा सालको वनजंगल प्रशस्त मात्रामा पाइन्छ। यहाँ चितुवा, रतुवा, घोरल, बँदेल, दुम्सी, बाँदर, खरायो जस्ता जनावरहरू र मयूर, कालिज, चाखुरा, तित्रो लगायतका पक्षीहरू पाइन्छन्।

**धार्मिक तथा ऐतिहासिक स्थलहरू:** गाउँपालिकामा ऐरावती, झक्रीदमार, छहरे, बराहथान, हंसपुर खड्ग भगवती मन्दिर, सरुमारानी मन्दिर, गढिदरवार रानी कुवा जस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरू अवस्थित छन्।

**जनजाति र भाषा:** यहाँ मगर, दलित, क्षेत्री, ब्राह्मण, मुसलमान, कुमाल, धामी, राउत, गुरुङ, नेवार, कुसुन्डा लगायतका विभिन्न जातजातिहरू बसोबास गर्छन्। मुख्य भाषा नेपाली भए पनि मगर, मुस्लिम र गुरुङ भाषाहरू पनि बोलिन्छन्।

**पर्वहरू:** तिज, दशैं, तिहार, ईद, तमु ल्होसार, माघे संक्रान्ति, जनै पूर्णिमा जस्ता पर्वहरू यहाँ मनाइन्छन्, जसमा विभिन्न स्थानहरूमा मेलाहरू लाग्छन्।


प्रादेशिक विभाजन अनुसार लुम्बिनी प्रदेशको उत्तरतर्फ रहेको यस गाउँपालिका महाभारत पर्वत श्रृङ्खलाको काखमा अवस्थित गाउँपालिका हो। समुद्री सतहदेखि ३०५ मिटर देखि १६०० मिटरको उचाइमा रहेको छ। भौगोलिक तवरले ८२ डिग्री ५४ मिनेट ३५ सेकेन्ड देखि ८३ डिग्री ३ मिनेट ६३ सेकेन्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ७ सेकेन्ड देखि २८ डिग्री ११ मिनेट ४८ सेकेन्ड उत्तरी अक्षांशमा अवस्थित यस गाउँपालिकाको क्षेत्रफल करिब १५७।९७ वर्ग किमी रहेको छ। उषण तथा समशितोष्ण हावापानी पाइने यस क्षेत्रमा भोगोलिक तथा मौसमी हिसाबले यहाँको तापक्रम १५ देखि ४० डिग्री सेन्टिग्रेड सम्म हुने गरेको पाइन्छ। भौगोलिक हिसाबले विकटतायुक्त गाउँपालिका भएता पनि यस गाउँपालिकाका आठै वटा वडामा गरी जम्मा २९ सामुदायिक विद्यालय तथा ४ संस्थागत विद्यालय स्थापना भई सेवा दिइरहेका छन् । केही ग्राबेल तथा कच्ची सडक सञ्जालले सबै वडा तथा धेरै विद्यालयहरू जोडिएका छन् भने केही जोडिएका छैनन्। तराइ दिख पहाडी क्षेत्रले ओगटेको यो क्षेत्रमा धान गँहु मकै तोरी फापर अदुवा वेसार आप जस्ता अन्नबाली लगायत फलफुल खेती हुने गर्दछ । अधिकांश रुपमा कृषकहरु रहेको यस क्षेत्रमा उत्पादनलाई जोड दिदै कृषि कार्य गर्ने गरिन्छ। यस अन्तरगत कृषि कार्य, पशुपालन, पेशा व्यवसाय, वैदेशिक रोजगारी यहाँका प्रमुख आर्थिक क्रियाकलाप हुन् ।

**ख) सरुमारानी गाउँपालिकाको जनसाङ्खिक संरचनाको विश्लेषण:**

**जनसंख्या र लैङ्गिक अनुपात:**

- कुल जनसंख्या: १९,७८३ मध्ये पुरुष जनसंख्या: ४४.६% महिला जनसंख्या: ५५.४%,लैङ्गिक अनुपात: प्रति १०० महिलामा ८०.६५ पुरुष यसले गाउँपालिकामा महिलाको संख्या पुरुषको तुलनामा धेरै रहेको देखाउँछ, जुन लैङ्गिक अनुपातबाट पनि पुष्टि हुन्छ। यस्तो लैङ्गिक अनुपातले महिला सशक्तीकरण र महिला केन्द्रित विकास कार्यक्रमहरूको आवश्यकतालाई औंल्याउँछ। जनघनत्व: १२५ प्रति वर्ग किलोमिटर रहेको छ। कुल घरधुरी: ४,४५३ रहेका छन्।
- **साक्षरता दर:** कुल साक्षरता दर: ७९.१% पुरुष साक्षरता दर: ८७%महिला साक्षरता दर: ७३% कुल साक्षरता दर राम्रो भएता पनि महिला साक्षरता दर पुरुषको तुलनामा कम छ, जुन चिन्ताको विषय हो।

| उमेर समूह | पुरुष | महिला |
|---|---|---|
| 95+ | 1 | 3 |
| 90-94 | 2 | 7 |
| 85-89 | 25 | 20 |
| 80-84 | 45 | 47 |
| 75-79 | 81 | 124 |
| 70-74 | 139 | 204 |
| 65-69 | 189 | 258 |
| 60-64 | 276 | 312 |
| 55-59 | 299 | 328 |
| 50-54 | 395 | 447 |
| 45-49 | 342 | 505 |
| 40-44 | 447 | 582 |
| 35-39 | 435 | 691 |
| 30-34 | 512 | 759 |
| 25-29 | 597 | 974 |
| 20-24 | 661 | 1143 |
| 15-19 | 1028 | 1268 |
| 10-14 | 1253 | 1241 |
| 05-09 | 1137 | 1131 |
| 00-04 | 968 | 907 |




वडा अनुसारको जनसख्या

| वडा | पुरुष | महिला |
|---|---|---|
| 1 | 1674 | 2081 |
| 2 | 1671 | 2108 |
| 3 | 1458 | 1867 |
| 4 | 1472 | 1761 |
| 5 | 1117 | 1406 |
| 6 | 1440 | 1728 |

| अपाङ्गताको प्रकार | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | 37.2 | 37.3 | 37.1 |
| न्यून दृष्टियुक्त | 14 | 14.9 | 13.1 |
| दृष्टिविहीन | 6.9 | 3.9 | 9.7 |
| बहिरोपन | 14 | 16.7 | 11.4 |
| मनोसामाजिक अपाङ्गता | 3 | 4.4 | 1.7 |
| न्यून श्रवणशक्ति | 3.4 | 3.5 | 3.4 |
| बहिरोपन एवं दृष्टिविहीन | 1.5 | 1.3 | 1.7 |
| मानसिक वा मनोसामाजिक | 11.6 | 8.8 | 14.3 |
| बौद्धिक | 2.4 | 3.9 | 0.8 |

| | | | |
|---|---|---|---|
| अपाङ्गता | | | |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | 0 | 0 | 0 |
| अटिजम् | 0.4 | 0 | 0.8 |
| बहुअपाङ्गता | 5.6 | 5.3 | 5.9 |

अपाङगताको प्रकार अनुसारको प्रतिशत

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जनसख्या | १४४९९ -५५.५ प्रतिशत_ | ११६३१ -४४.५ प्रतिशत_ | २६,१३० |
| अल्पसंख्यक जनसख्या | ४३२ | लुम्बिनी | |
| अपाङ्गता प्रतिशत | २.९% | १.९% | २.४% |
| सिमान्तकृत | 15033 | 17649 | |
| जनसख्या बृद्धिदर | ०.८८% | | |
| लैङ्गिक अनुपात | ८०.२२ | पुरुष प्रति १०० महिला | |
| जनघनत्व | २४४ | प्रतिवर्ग कि.मि | |

| Area and sex | Total Population | Religion | | | | |
|---|---|---|---|---|---|---|
| | | Hindu | Bouddha | Islam | Christian | Prakriti |
| Total | 32682 | 30730 | 245 | 40 | 24 | 1643 |
| Male | 15033 | 14151 | 110 | 18 | 11 | 743 |
| Female | 17649 | 16579 | 135 | 22 | 13 | 900 |

**ग. सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण:**

धार्मिक हिसाबले मुख्य रुपमा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस गाउँपालिकामा मुस्लिम, बौद्ध तथा इसाई धर्मालम्बीहरू पनि रहेको पाइन्छ। यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, नेवार, दलित, कुमाल तथा अन्य जातजातिका धेरै थरिघरीहरु बसोबास गरेको पाइन्छ। यस क्षेत्रमा अधिकांश कृषि पेशा अंगालेका कृषक केही व्यापारी व्यवसायीहरू रहेका छन्। यहाँको मुख्य भेषभूषाको रूपमा

पुरुषहरुले लगाउने दौरा सुरवाल, सर्ट पाइन्ट र महिलाहरूले धोतीचोली, कुर्ता सुरुवाल, साडी ब्लाउज आदि पाइन्छ। यस गाउँपालिकाभित्र विचार आर्दान प्रदान तथा दैनिक बोलचालमा नेपाली भाषा प्रयोग गरेको पाइन्छ र कार्यालयीय काम काजके भाषाका रुपमा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै प्रचलनमा रहेको छ । यस गाउँपालिकामा परम्परा देखि नै चलिआएका संस्कारहरू जन्म संस्कार, छैठी, न्वारन, पास्नी, मुन्डन, व्रतबन्ध, विवाह, मृत्यु, श्राद्ध लगायतका संस्कारहरु मान्ने प्रचलन छ। लोक संस्कार र संस्कृति सोरठी, देउसी भैलो, भजन किर्तन, लोक गीत, लहरे भाका, झ्याउरे गीत तथा कृष्ण अष्टमी रोपाई जात्रा जस्ता संस्कृति लगायत दशैं, तिहार, तीज, साउने संक्रान्ति, मातातीर्थ औंशी, जनैपूर्णिमा, एकादशी, कुलपूजा देवाली जस्ता चाड पर्व तथा संस्कार संस्कृति मनाउने चलन रहेको छ ।

### घ. आर्थिक अवस्थाको विश्लेषण: मुख्य व्यवसाय, पेशा, व्यापार, रोजागरीका क्षेत्र (कृषि, उद्योग, पर्यटन आदि)।

यस गाउँपालिकाका स्थानीय बासिन्दाहरुको मुख्य आम्दानीको स्रोतहरुका रुपमा कृषि र पशुपालन रहेता पनि वैदेशिक रोजगारीको ठूलो हिस्सा ओकटेको छ । कृषि र पशुपालन, नोकरी, व्यापार व्यवसाय, वैदेशिक रोजगारी एवम् अन्य पेसाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी कृषि पेसा गर्नेहरुको प्रतिशत बढी छ । यस गाउँपालिका पहाडि क्षेत्रभित्र पर्ने भएकाले जमिनको वनावटको अधिकांश हिस्सा भिरालो रहेको पाईन्छ । कृषि उत्पादनका सन्दर्भमा मकै, धान, गहुँ प्रमुख बालीका रुपमा पाइन्छ । सरुमारानी गाउँपालिकाको वडा नं. ३ आलु उत्पादनको पकेट क्षेत्र मानिन्छ । कोदो, अदुवा, बेसार, सुन्तला, कागति, लगाएत अन्य फलफूल, नगदेबाली र मौरीपालनको उर्वर भूमिका रुपमा यो क्षेत्रको पहिचान हुने गर्दछ ।

| लिग | आर्थिक रुपमा सक्रिय जनसख्या १६बर्ष माथि | रोजगार | रोजगारदाता | आफ्नै ब्यापार, रोजगारी | परिवारको सदस्य लाई सहयोग गर्दै | शुरुवात नगरेको |
|---|---|---|---|---|---|---|
| पुरुष | ४७१६ | | | | | |
| महिला | ६६९७ | | | | | |
| जम्मा | ११४१३ | | | | | |

### ङ शैक्षिक अवस्थाको विश्लेषण:

नेपालमा शैक्षिक योजनाको शुरुवात बि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भएपछि शुरु भएको मानिन्छ । त्यस पछि बि.सं. २०१९ सालमा सर्बाङ्गिण राष्ट्रिय शिक्षा समिति, बि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा ञद्द पद्धतीका् योजना, बि.सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग, बि.सं. २०५५ सालमा उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोग, जस्ता बिभिन्न आयोगहरु गठन भई तिनीहरुले तयार गरेका प्रतिबेदनहरु र तिनीहरुले सिफारिस गरेका सुझावहरु नै नेपालको शैक्षिक योजना निर्माणका लागि मार्गदर्शक सामग्रीहरु रही आएका छन् । बि.सं.२०५५ को उच्चस्तरीय शिक्षा आयोगको सिफारिस बमोजिम बि.सं. २०५६ सालमा शिक्षा बिभाग स्थापना भई शिक्षामा बिकेन्द्रिकरणको शुरुवात भई जिल्लास्तरिय शिक्षा योजना निर्माणको क्रम शुरु भएको पाईन्छ । संघिय राज्य निमार्ण पश्चात शिक्षाका अधिकार क्षेत्रहरुको पनि विभाजन गरियो । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अधिकार नेपालको संविधान २०७२ ले स्थानीय तहलाइ दियो । नेपालको संबिधान २०७२ बमोजिम नेपाल संघीय संरचनामा गएसंगै प्रदेश सामाजिक बिकास मन्त्रालय, शिक्षा निर्देशनालय हुदै स्थानीय तहहरुमा शिक्षा महाशाखाहरु बनेपछि स्थानीय तहहरुले समेत आबधिक नगर तथा पालिका शिक्षा योजना बनाउने क्रम शुरु भएको छ भन्न सकिन्छ । यिनै विविध सन्र्दभहरु त्था राज्यको विकेन्द्रिकरण तथा पुर्नसंरचनाको अवधारणा अनुसार सरुमारानी गाँउपालिकालाई शैक्षिक दृष्टिले प्रगतिशिल गाँउपालिकाको रुपमा विकसित गर्न निःशुल्क तथा गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने उद्देश्यहरुमा समेत केन्द्रित रहि सरुमारानी गाँउपालिकाको दश बर्षे शिक्षा योजना तयार गरिएको छ ।

यस सरुमारानी गाँउपालिकामा सामुदायिक, धार्मिक र संस्थागत गरी तीन प्रकारका विद्यालयहरु सञ्चालनमा रहेका छन । जम्मा ३३ विद्यालय मध्ये २७ सरकारको लगानीमा चलेका सामुदायिक विद्यालय, २ वटा धार्मिक र ४ निजी क्षेत्रको लगानीमा सञ्चालन गरिएका संस्थागत विद्यालयहरु रहेका छन । यस नगरपालिकमा २ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन।

| लिंग | ५ बर्ष माथिको जम्मा जनसख्या | पढ्न लेख्न सक्ने | पढ्न लेख्न नसक्ने |
|---|---|---|---|
| पुरूष | ८७९९ | ७६५५ | ११४४ |
| महिला | १०९५१ | ७९९४ | २९५६ |
| | १९७३० | १५६४९ | ४१०० |

## बालविकास केद्रको विबरणः

| बालविकास | सघीय अनुदान | गा. पा. अनुदान | जम्मा संख्या |
|---|---|---|---|
| विद्यालयमा आधारित | **2 १** | **८** | २९ |
| समुदायमा आधारित | ४ | ४ | ८ |
| संस्थागत विद्यालयमा | ० | ० | ४ |
| जम्मा | २५ | १२ | ४१ |

## विद्यालयको तहगत विबरणः

| **क.स** | **सञ्चालित कक्षा** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
|---|---|---|---|---|
| **१** | **१-३** | 9 | 0 | 9 |
| **२** | **१-५** | 10 | 2 | 12 |
| **३** | **१-८** | 1 | 1 | 2 |
| **४** | **१-१०** | 5 | १ | 6 |
| **५** | **१-१२** | 3 | ० | 3 |
| | **जम्मा** | 29 | 4 | 33 |
| ६ | **सामुदायिक सिकाइ केन्द्र** | 2 | ० | २ |
| ७ | **सामुदायिक पुस्तकालय** | ० | ० | ० |

विद्यार्थीहरुको **ljj/0fM** सामुदायिक तर्फ

| क =स + | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण,क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम् मा | छात्रा | छात्र | जम् मा | छात्रा | छात्र | जम् मा | छात्रा | छात्र | जम् मा | छा त्रा | छात्र | जम् मा |
| १ | बालविकास | 396 | 381 | 777 | 23 | 11 | 34 | 284 | 374 | 558 | 67 | 81 | 148 | 22 | 15 | 37 |
| २ | १ | 242 | 250 | 492 | 6 | 4 | 10 | 182 | 186 | 368 | 41 | 50 | 91 | 13 | 10 | 23 |
| ३ | २ | 241 | 255 | 496 | 6 | 13 | 19 | 171 | 180 | 351 | 52 | 47 | 99 | 12 | 15 | 27 |
| ४ | ३ | 268 | 235 | 503 | 9 | 3 | 12 | 199 | 175 | 374 | 54 | 46 | 100 | 6 | 11 | 17 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | 230 | 309 | 539 | 10 | 9 | 19 | 177 | 230 | 407 | 38 | 58 | 96 | 5 | 12 | 17 |
| ६ | ५ | 269 | 291 | 560 | 7 | 9 | 16 | 207 | 227 | 434 | 47 | 48 | 95 | 8 | 7 | 15 |
| ७ | ६ | 307 | 271 | 578 | 16 | 10 | 26 | 223 | 200 | 423 | 62 | 52 | 114 | 6 | 9 | 15 |
| ८ | ७ | 335 | 288 | 623 | 13 | 16 | 29 | 259 | 229 | 488 | 46 | 37 | 83 | 17 | 6 | 23 |
| ९ | ८ | 277 | 203 | 480 | 13 | 6 | 19 | 210 | 159 | 369 | 47 | 33 | 80 | 7 | 5 | 12 |
| १० | ९ | 206 | 154 | 360 | 15 | 9 | 24 | 159 | 117 | 276 | 31 | 26 | 57 | 1 | 2 | 3 |
| ११ | १० | 235 | 155 | 390 | 18 | 15 | 33 | 166 | 119 | 285 | 43 | 18 | 61 | 8 | 3 | 11 |
| १२ | ११ | 94 | 93 | 187 | 7 | 5 | 12 | 66 | 54 | 120 | 19 | 13 | 32 | 2 | 2 | 4 |
| १३ | १२ | 124 | 94 | 218 | 10 | 13 | 23 | 89 | 64 | 153 | 17 | 11 | 28 | 8 | 6 | 14 |
| hDdf | | **3224** | **2979** | **6203** | **147** | **123** | **270** | **2395** | **2214** | **4609** | **564** | **520** | **1084** | **113** | **102** | **215** |

स्रोतः **IEMIS** तथ्याङ्क **-**२०८१

विद्यार्थीहरु सस्थागत तर्फ

| क्र =स + | कक्षा | कुल विद्यार्थीहरु | | | ब्राम्हण,क्षेत्री विद्यार्थी | | | जनजाति विद्यार्थी | | | दलित विद्यार्थी | | | अन्य विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम् मा | छात्रा | छात्र | जम्मा |
| | बालविकास | 182 | 193 | 375 | 13 | 18 | 31 | 124 | 119 | 243 | 38 | 52 | 90 | 7 | 4 | 11 |
| १ | १ | 30 | 53 | 83 | 6 | 20 | 26 | 18 | 17 | 45 | 4 | 15 | 19 | 2 | 1 | 3 |
| २ | २ | 33 | 47 | 80 | 13 | 12 | 25 | 16 | 25 | 41 | 4 | 10 | 14 | 1 | 0 | 1 |
| ३ | ३ | 45 | 67 | 112 | 12 | 19 | 31 | 23 | 35 | 58 | 10 | 12 | 22 | 0 | 1 | 1 |
| ४ | ४ | 28 | 54 | 82 | 11 | 15 | 26 | 14 | 21 | 35 | 4 | 9 | 13 | 0 | 0 | 0 |
| ५ | ५ | 29 | 43 | 72 | 12 | 13 | 25 | 14 | 21 | 35 | 3 | 8 | 11 | 0 | 1 | 1 |
| ६ | ६ | 12 | 22 | 34 | 5 | 10 | 15 | 4 | 8 | 12 | 3 | 3 | 6 | 0 | 1 | 1 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ७ | 14 | 21 | 35 | 7 | 14 | 17 | 4 | 10 | 14 | 3 | 4 | 7 | 0 | 0 | 0 |
| ८ | ८ | 14 | 26 | 40 | 6 | 11 | 17 | 5 | 12 | 17 | 3 | 2 | 5 | 0 | 1 | 1 |
| ९ | ९ | 7 | 13 | 20 | 2 | 8 | 10 | 1 | 3 | 4 | 1 | 2 | 3 | 0 | 0 | 0 |
| १० | १० | | | | | | | | | | | | | | | |
| जम्मा | | 394 | 539 | 933 | 87 | 140 | 227 | 223 | 271 | 494 | 73 | 117 | 190 | 10 | 9 | 19 |

स्रोतः **IEMIS** तथ्याङ्क **-**२०८१

**जम्मा : ७१३६**

## सिकाइ उपलब्धि विबरण २०८१

| विषय कक्षा | नेपाली | अंग्रेजी | गणित | सेरोफेरो विज्ञान | /सामाजिक | स्वस्थ्य | स्थानिय | ऐ.पहिलो | ऐ.दोस्रो | ऐ.तेस्रो |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | २.९४ | २.६१ | २.८१ | ३.०३ | ० | ० | २.८१ | | | |
| ५ | २.६९ | २.६० | २.५४ | २.२५ | २.४१ | २.४७ | २.६८ | | | |
| ८ | २.९१ | २.६६ | २.६९ | २.७५ | २.९८ | ३.०६ | ३.०१ | | | |
| १० | २.९५ | २.६४ | २.७५ | २.९४ | २.९९ | ० | ० | ३.०१ | २.८७ | |
| १२ | २.९२ | २.६१ | ० | ० | २.६४ | | | २.६६ | २.८६ | २.८९ |

विद्यालयमा अध्ययनरत अपांगता भएका विद्यार्थीको विवरण २०८१

| अपाङ्गता विवरण | शारीरिक अपाङ्गता | | | बौद्धिक अपाङ्गता | | | बहिरा | | | कमजोर दृष्टि | | | बहिरा तथा दृष्टिविहिन | | | बहु अपाङ्गता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| बाल विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ०० | ० | ० | ० | ० |
| ४ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ३ | ३ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ६ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ७ | १० | १७ | ० | ० | ० | १ | २ | ३ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |


## शिक्षक दरबन्दी २०८१

## स्थायी र श्रेणीगत शिक्षक विवरण

| क्र. सं. | शिक्षक विवरण | आधारभुत तह (कक्षा १–५) | | | आधारभुत तह (कक्षा ६–८) | | | माध्यमिक तह (कक्षा ९–१०) | | | माध्यमिक तह (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | स्थायी शिक्षक | १३ | ५२ | 65 | 1 | 7 | 8 | 1 | 6 | 7 | 0 | 0 | ० |
| 4 | राहत शिक्षक | 10 | 11 | 21 | 2 | 8 | 10 | 0 | 4 | 4 | 0 | 4 | ४ |
| ४ | गाउँपालिका अनुदान शिक्षक | 7 | 9 | 16 | 12 | 7 | 19 | 6 | 15 | 21 | 0 | 0 | 0 |
| जम्मा | | ३० | ७२ | १०२ | १५ | २२ | ३७ | ७ | २५ | ३२ | ० | ४ | ४ |

## १.२ मुख्य समस्या तथा चूनौतीको विश्लेषण

### क) समस्या बृक्ष (Problem tree) र विश्लेषण



गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखिएका समस्याहरुले यहाँको शैक्षिक आकास अँध्यारो र समग्र शैक्षिक अवस्था

विषय विज्ञको सहयोग प्राप्त
शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रयोग
शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम लागु
शिक्षण सिकाइमा स्थानीय तथा परम्परागत सीप र कलाको प्रयोग
शैक्षिक भ्रमण तथा अवलोकन
भौतिक पूर्वाधारहरुको व्यवस्थापन
विषयगत शिक्षकको गोष्ठी तथा अन्तर विद्यालय सिकाई आदान–प्रदान
अभिभावकहरु सग अन्तरक्रिया कार्यक्रम
दिवाखाजा, प्राथमिक उपचार बाकस
विद्यलयहरुमा नियमित अनुगमन
कक्षा १ देखि ५ सम्मका विद्यार्थीको सामान्य स्वास्थ्य परीक्षण गर्ने गरिएको छ,
शैक्षिक सत्रको सुरु सँगसँगै भर्ना अभियान सञ्चालन गर्ने गरिएको छ,
विद्यार्थी प्रतिभा प्रष्फुटन गर्न र सिर्जनशिलताको विकासको लागि आंशिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ,
अंग्रेजी,गणित र विज्ञान विषयको सिकाई उपलब्धी सुधारको लागि ती विषयहरुको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ,
तोकिए बमोजिम सामाजिक परीक्षण तथा लेखा परीक्षण सम्पन्न गरी प्रतिवेदन सम्प्रेषण समयमा नै गरिएको छ,
अधिकांश सामुदायिक विद्यालयहरुमा कम्प्यूटर र फोटोकपी मेसिन उपलब्ध गराइएको छ,
विद्यालयहरुद्वारा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मार्फत तथ्याङ्क उपलब्ध गराउने गरिएको छ।

निरासाजनक भने छैन। समस्याका साथसाथै यस गाउँपालिकामा भएका अवसरहरुले अपेक्षित शैक्षिक उद्देश्य हासिल गर्न मद्दत पुर्याउने छन्। यस गाउँपालिकामा हाल उपलब्ध अवसरहरूलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

शिक्षा

## शिक्षा क्षेत्रका मुख्य समस्याहरु

यस गाउँपालिकाको वर्तमान शैक्षिक सूचकाङ्कहरुले शैक्षिक अवस्था सन्तोषजनक रहेको देखिदैन। गुणस्तरीय शिक्षाको सर्वमान्य परिभाषा भएता पनि यसलाई मापन गर्ने एउटा आधार सिकाई उपलब्धि हो । यस गाउँपालिकाको शैक्षिक समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

शिक्षा योजना सम्भारनी

क) तहगत, विषयगत शैक्षिक असमानताको अभाव
ख) सबै विद्यालयहरुमा प्रयाप्त सूचना प्रविधिको पहूँचमा समस्या
ग) सबै विद्यालयहरुमा कक्षाकोठा, फर्निचर शौचालय लगाएत भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिएको
घ) अभिभावकहरुको आर्थिक अवस्था कमजोर हुनु
ङ) अभिभावकहरुमा प्रयाप्त शैक्षिक चेतनास्तरको कमि
च) शिक्षकहरुलाई प्रयाप्त पुनर्ताजगि तालिम नहुनु
छ) शैक्षिक क्यालेन्डर, स्थानीय विषयको पाठ्यपुस्तक, सन्दर्भ सामग्री समयमै उपलब्ध नहुनु
ज) कक्षा कोठामा व्यवहारिक सिपका क्रियाकलापहरु अवलम्वन नहुनु
झ) विद्यार्थीको नियमितता उपस्थिति नहुनु
ञ) प्रयाप्त रुपमा सरोकारवाला पक्षहरु बिच आपसी अन्तरक्रिया नहुनु ।
ट) आन्तरिक मूल्याङ्कनको व्यवहारिक प्रयोग हुन नसक्नु
ठ) नविनतम प्रविधि तथा डिजिटल शैक्षिक सामग्री प्रयोगमा शिक्षकको चासोमा कमि
ड) अभिभावक,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक र शिक्षकहरुमा सामुहिक प्रतिबद्धताको कमी हुनु,
ढ) विद्यालय विकासमा सरोकारवालाको सहभागितामा कमी हुनु,
ण) शिक्षकको कार्य सम्पादनको आधारमा पुरस्कृत तथा दण्डित गर्ने संस्थागत परिपाटी नहुनु,
त) संस्थागत विद्यालय र सामुदायिक विद्यालय बीच समन्वय तथा शैक्षिक अनुभव आदानप्रदानमा कमी हुनु,
थ) शैक्षिक सामग्रीहरुको कमी हुनुका साथै भएका शैक्षिक सामग्रीहरुको अपेक्षित प्रयोग नहुनु,
द)न) प्राकृतिक प्रकोपहरू जस्तै भुकम्प,बाढी, पहिरो, महामारी रोगहरु आदिको कारणले विद्यालयमा पढाई सञ्चालन हुन नसक्नु ।

**अवसरहरु:-** यस गाउँपालिकामा शिक्षा क्षेत्रका ग्रामीण क्षेत्रमा रहेका विद्यालयहरुले निम्न विद्यार्थीहरूको

शिक्षा योजना

शैक्षिक, सामाजिक, र आर्थिक विकासमा महत्वपूर्ण योगदानमा अवसरहरू पुर्याउँछन्। यहाँ केही प्रमुख अवसरहरूको चर्चा गरिएको छ:

**चुनौतिहरुः**

क) सबै विद्यालयमा आधारभूत पूर्वाधारको पहँुच हुनु

ख) सेवा क्षेत्र भित्र रहेका बालबालिकाहरुको लागि विद्यालयहरु सहज पहुच

ग) विद्यालय शिक्षा क्षेत्रमा तालिमप्राप्त शैक्षिक जनशक्ति सन्तोषजनक रहेको

घ) स्थानीय तहमा समुदायको पहँुचमा प्रयाप्त विद्यालयहरु रहेको

ङ) स्थानीय सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा खारी उच्च लगानी गरीरहेको

च) सरुमारानी वासीहरुको शिक्षा प्रति सकारात्मक धारणा रहेको

छ) प्राविधिक शिक्षामा पहुँचका लागी एक पाविवधिक विदयालयको ब्यबस्था भएको

ज) विद्यार्थीको नियमित मूल्याङ्कनका लागि स्थानीय निकायको पहल कदमि भइरहेको

क) विषयगत शिक्षक व्यवस्थापन
ख) विद्यार्थीको रूची र नयाँ प्रविधिको तादाम्यता मिलाउन
ग) उपयुक्त कक्षाकोठा, सभाहल, पुस्तकालय, खेल मैदान, ICT Lab, विज्ञान प्रयोगशाला उपलब्ध गराउन
घ) पाठ्यघण्टा र कार्यघण्टा अनुरुप शैक्षिक समय व्यवस्थापन
ङ) विद्यालयमा कुशल क्षमता निमाण गर्न
च) शैक्षणिक सामग्री निमार्ण र प्रयोग
छ) शैक्षिक जनशक्ति पलायन रोक्न
ज) दिवाखाजा व्यवस्थापन
झ) भौगोलिक रूपमा केही वडामा विद्यालयहरू विकट हुनु
ञ) प्रशासन प्रशासनिक कार्यमा मात्र अल्झीनु
ट) विद्यालयमा आवश्यक पर्ने न्यूनतम आर्थिक खर्च उपलब्ध गराउनु
ठ) अभिभावलाई विद्यालय प्रति जिम्मेवार बनाउनु

यस गाउँपालिकामा शिक्षा प्रणालीले विभिन्न सबल पक्षहरु हुदाहुदै पनि थुपै चुनौतीहरूको सामना गरिरहेको छ। यहाँ केही प्रमुख चुनौतीहरू प्रस्तुत गरिएको छन्:

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ सरुमारानी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा लिइएका आधारहरू:-

यस सरुमारानी गाउँपालिकाको शिक्षा योजनाको परिच्छेद एकमा उल्लेख गरिएको गाउँपालिका स्तरीय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरीएका मुख्य चुनौति तथा वर्तमान अवस्थाको समीक्षा समेतको आधारमा यस गाउँपालिकाको १० वर्षे शिक्षा योजना तयार गरीएको छ । वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा माथि उल्लेखित बिभिन्न् सन्दर्भ स्रोतहरुलाइ आधार मान्दै शिक्षा सम्बन्धी अधिकारहरु कार्यान्वयन गर्न, अनिवार्य तथा नि:शुल्क आधारभुत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्न वि स २०९० (सन् २०३०) सम्म प्राप्त गर्ने उपलब्धीहरुलाई समेट्ने गरी यस परिच्छेदमा नगर शिक्षा योजनाको दुरदृष्ठि (Vision), ध्येय (Mission), उद्धेश्यहरु Objectives) रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धी सुचक (Key Indicators) प्रस्तुत गरीएको छ । शिक्षा योजना निर्माणको कार्यका लागि हाम्रा नीति, ऐन,

नियम, र अन्य सम्बन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन्।

**२.१.१) संबैधानिक प्रावधानहरु:**

**धाराः ३१**

1. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
2. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
3. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
4. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिकभाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
5. नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिहरु: (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

1. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
2. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
3. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
4. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

**२.१.२) स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन (शिक्षासम्बन्धी अधिकारः गाउँ/नगरस्थानीय तह)**

**दफा ११ (२) ज**

1. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
2. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
3. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
4. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,
5. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
6. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
7. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
8. विद्यालयको नामाकरण,
9. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

१0 विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

11. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
12. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
13. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
14. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
15. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
16. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
17. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
18. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
19. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
20. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
21. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
22. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
23. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**२.१.३) संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

**क) आयोजना तर्जुमा र कार्यान्वयनः**

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

**२.१.४) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू**

1. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।
2. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।
3. दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह
4. दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह
5. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।
6. दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।
7. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।
8. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।
9. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।

१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)

११.आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ (नियम ४)

12. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)

13. छात्रवृत्ति तथा विशेष व्यवस्था । (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)
14. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

## २.२ दूरदृष्टिः

सरुममारानी गाउँपालिको समृद्धिको आधार : प्रविधियुक्त, सीपयुक्त,व्यवहारिक र समावेशी शिक्षामा सुधार ।

### २.३ लक्ष्यः

"सबै बालबालिकालाई समयको माग अनुसारको डिजिटल प्रविधिमा आधारित गुणस्तरीय, समावेशी, व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गरी सरुमारानी गाउँपालिकाको मौलिक पहिचान कायम गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा सक्षम, प्रतिस्पर्धी र जिम्मेवार नागरिकको तयार गर्ने। "

### २.४ उद्धेश्यः

यस योजनाले तय गरेको दुरदृष्टि र निर्धारण गरेको लक्ष्य हासिल गर्नका लागि उद्देश्य निर्माण गर्नुपर्छ। उद्देश्य हासिल गर्नका लागि नीति,रणनीति र कार्यक्रम निर्माण गरिन्छ। स्रोतको पहिचान सङ्कलन र उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गरेमा मात्र उद्देश्य हासिल हुन्छ। उद्देश्यहरुको सामुहिक प्रतिबिम्वन नै लक्ष्य हो भने लक्ष्यबाट देखिने क्षितिज दुरदृष्टि हो । यस योजनाले राखेको दुरदृष्टि र निर्धारण गरेको लक्ष्य हासिल गर्नको लागि निम्नानुसारका उद्देश्यहरु निर्धारण गरिएका छन्।

१. **सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता:** सरुमारानी गाउँपालिकाका सबै बालबालिकाको शैक्षिक अवसरमा वृद्धि गर्दै गुणस्तरीय, समावेशी र समयको माग अनुसारको डिजिटल प्रविधिमा आधारित शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने।

२. **खुद भर्ना र टिकाउ दरमा वृद्धि:** गाउँपालिका भित्रका सबै योग्य बालबालिकाको विद्यालयमा खुद भर्ना दर वृद्धि गर्ने र भर्ना भएका विद्यार्थीहरूको टिकाउ दरलाई सुनिश्चित गर्ने।

शिक्षा योजना सरुमारानी

३. **सिकाइ उपलब्धिको सुनिश्चितता:** पाठ्यक्रमले तोके बमोजिमका विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गराउन प्रभावकारी शिक्षण सिकाइ प्रक्रियाको अवलम्बन गर्ने।

४. **जीवनोपयोगी र व्यावसायिक शिक्षाको अवसर:** बालबालिकाहरूलाई जीवनोपयोगी तथा पेसागत सीप प्रदान गर्न प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर सिर्जना गर्ने र विशेष आवश्यकता भएका बालबालिकाका लागि विशेष शिक्षाको अवसर प्रदान गर्ने।

५. **बालमैत्री र सुरक्षित पूर्वाधार विकास:** बालमैत्री, अपांगमैत्री र सुरक्षित भौतिक पूर्वाधार विकास गरी प्रभावकारी सिकाइ वातावरणमा सुधार गर्ने।

६. **सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग:** शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार तयार गर्दै त्यसको उच्चतम उपयोग गर्ने।

७. **निरन्तर शिक्षाको व्यवस्था:** विद्यालय शिक्षाको पहुँचमा नपुगेका निरक्षर नागरिकहरूका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर प्रदान गर्ने।

८. **स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन:** स्थानीय पाठ्यक्रमको आवश्यकता अनुसार निर्माण, अध्यावधिक र प्रभावकारी कार्यान्वयन गर्ने।

९. **शिक्षक दरबन्दीको व्यवस्थित व्यवस्थापन:** विषयगत र कक्षागत आवश्यकता अनुसार शिक्षकहरूको दरबन्दी व्यवस्थापन गर्ने।

१०. **सरोकारवालाहरूको क्षमता अभिवृद्धि:** शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक तथा अन्य सबै सरोकारवालाहरूको नियमित क्षमता अभिवृद्धि गर्ने अवसरहरू प्रदान गर्ने।

## २.५ रणनीति:

सरुमारानी गाउँपालिकाको शिक्षा योजनाका लागि तयार पारिएका उद्देश्यहरूसँग सम्बन्धित रणनीतिहरू निम्न अनुसार छन्:

### उद्देश्य नं १ सँग सम्बन्धित रणनीतिहरु

शिक्षा योजना सरुमारानी

१. निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षाको गुणस्तर सुनिश्चित गर्न **विशेष प्रोत्साहन कार्यक्रमहरू** (उदाहरण: उत्कृष्ट विद्यालयलाई पुरस्कार, अतिरिक्त शैक्षिक सामग्री सहयोग) सञ्चालन गरिनेछ।

२. विद्यालयहरूको **वैज्ञानिक नक्साङ्कन** गरी विद्यार्थी संख्या र भौगोलिक अवस्थितिको आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गरिनेछ।

३. कक्षा छोड्ने, दोहोराउने र विद्यालय बाहिर रहेका बालबालिकाको **घरदैलो सर्वेक्षण** मार्फत पहिचान गरी उनीहरूको आवश्यकता अनुसार **लक्षित शैक्षिक तथा सामाजिक कार्यक्रमहरू** सञ्चालन गरिनेछ।

४. विशेष क्षमता भएका बालबालिकाहरूको शैक्षिक अवसर सुनिश्चित गर्न **विशेष स्रोतयुक्त विद्यालय स्थापना** गर्न पहल गरिनेछ र त्यस्ता विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।

५. न्यून बालबालिका भएका विद्यालयहरूलाई **गाउँपालिकाको शिक्षा नीति अनुसार मर्जर** गर्नुपर्ने भएमा विद्यार्थीहरूको सहजताका लागि **सुरक्षित यातायात साधनको व्यवस्था** गरिनेछ।

**६.** प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गर्ने। विद्यालयमा आकर्षक र बालमैत्री वातावरण सिर्जना गर्ने।

**७.** डिजिटल शिक्षाका लागि आवश्यक पूर्वाधार (कम्प्युटर, इन्टरनेट, सफ्टवेयर आदि) को व्यवस्थापन गर्ने।

८.विद्यालयहरूको भौतिक पूर्वाधार अभाव भएका विद्यालय पहिचान गरी सुधार तथा विस्तार गर्ने (कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान आदि)।

**उद्देश्य नं २ सँग सम्बन्धित रणनीतिहरु**

1. शिक्षासँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय तहका जनप्रतिनिधि लगायत सबै सरोकारवाला निकायलाई शिक्षाको महत्व, आफ्नो भूमिका र जिम्मेवारीबारे **जागरुक बनाउन नियमित अन्तर्क्रिया तथा क्षमता विकास कार्यक्रम** सञ्चालन गरिनेछ। साथै, उनीहरूलाई कार्यसम्पादनका लागि **जवाफदेही बनाउन अनुगमन र मूल्याङ्कन प्रणाली** लागू गरिनेछ।
2. दिवाखाजा कार्यक्रमलाई पोषणयुक्त र प्रभावकारी बनाउन **स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ** र छात्रवृत्ति वितरणलाई **पारदर्शी तथा लक्षित वर्गसम्म पुग्ने व्यवस्था** मिलाइनेछ।
3. भर्ना अभियानलाई घरदैलोसम्म पुऱ्याइनेछ, अभिभावक शिक्षा कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरी विद्यालय र समुदायबीचको सम्बन्धलाई सुदृढ बनाइनेछ। यसका लागि **विद्यालयमा नियमित अभिभावक भेला तथा अन्तरक्रिया कार्यक्रम** आयोजना गरिनेछ।

4. विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीहरूलाई पहिचान गरी परामर्श तथा सहयोग प्रदान गर्ने।

5. दुर्गम तथा पिछडिएका क्षेत्रमा आवासीय विद्यालय वा यातायात सुविधाको व्यवस्था गर्ने।

### उद्देश्य नं ३ सँग सम्बन्धित रणनीतिहरु

1. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका र सिकाइलाई रोचक र अन्तरक्रियात्मक बनाउनका लागि **शिक्षकहरूलाई आवश्यक शैक्षिक सामग्री तथा** विभिन्न शिक्षण विधि तथा प्रविधि सम्बन्धी **तालिम** दिइनेछ र शिक्षण सिका क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाइनेछ।
2. शिक्षकहरूको पाठ्यक्रम ज्ञान र शिक्षण कौशल अभिवृद्धि गर्न **नियमित रूपमा पाठ्यक्रम प्रबोधिकरण तालिम** आयोजना गरिनेछ।
3. कमजोर सिकाइ भएका विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा तथा उपचारात्मक **शिक्षण गरिने छ र नियमित मासिक परीक्षा** सञ्चालनका लागि विद्यालयलाई **आवश्यक अनुदानको व्यवस्था** गरिनेछ।
4. शिक्षण सिकाइलाई थप रोचक र प्रभावकारी बनाउन **सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास** गरिनेछ र शिक्षक तथा विद्यार्थीहरूलाई यसको **अधिकतम उपयोगका लागि प्रेरित** गरिनेछ।
5. गाउँपालिका स्तरबाट विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि **नियमित र प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण प्रणाली** लागू गरिनेछ

### उद्देश्य नं ४ सँग सम्बन्धित रणनीतिहरु

1. गाउँपालिकाको एकमात्र बालि विज्ञान प्राविधिक धारको सरस्वती मा.वि.बाङ्गेसालमा विद्यार्थीको भर्ना आकर्षण गर्न **प्रोत्साहन अनुदान** उपलब्ध गराइनेछ।
2. प्राविधिक शिक्षामा विद्यार्थीहरूको पहुँच बढाउन **आर्थिक रूपले विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति** उपलब्ध गराइनेछ।
3. स्थानीय स्तरमा उपलब्ध रोजगारीका अवसरहरूसँग सम्बन्धित सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।
4. विशेष आवश्यकता भएका बालबालिकाका लागि समावेशी व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिने छ।

### उद्देश्य नं ५ सँग सम्बन्धित रणनीतिहरु

1. सबै विद्यालयहरूमा विद्यालय भवन तथा परिसरलाई बालमैत्री र अपांगमैत्री बनाउन मापदण्ड निर्धारण गरी कार्यान्वयन गरी। विद्यमान पूर्वाधारको नियमित मर्मत सम्भार गरिनेछ। यसका लागि निरन्तर **आवश्यक बजेट विनियोजन** गरिनेछ।
2. भिन्न क्षमता भएका कमजोर बालबालिकाहरूको सिकाइमा सहयोग पुऱ्याउन विद्यालयहरूमा **स्रोत कक्षाहरू संचालन** गरिनेछ र त्यस्ता कक्षाका लागि **विशेष शिक्षक तथा शैक्षिक सामग्री** उपलब्ध गराइनेछ।
3. विद्यालयमा प्राथमिक उपचारको व्यवस्था गर्ने। साथै,विद्यालयमा खेलकुद तथा मनोरञ्जनका लागि सुरक्षित स्थान र सामग्रीको व्यवस्था गर्ने।
4. सुरक्षित खानेपानी, सरसफाइ र शौचालयको व्यवस्थापन गर्ने।

**उद्देश्य नं ६ सँग सम्बन्धित रणनीतिहरु**

1. सबै विद्यालयलाई डिजिटल विद्यालयका रूपमा विकास गर्ने । यसकालागि **सम्पूर्ण विद्यालयहरूमा इन्टरनेट पहुँच बढाउन इन्टरनेट टावर स्थापना गर्ने, कमप्युटर प्रयोगशाला स्थापना गर्ने,** डिजिटल शैक्षिक सामग्रीको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने।
2. शिक्षकहरूलाई शिक्षण सिकाइ प्रक्रियामा यसको प्रभावकारी प्रयोग सम्बन्धी **नियमित तालिमको व्यवस्था** गरिनेछ र उनीहरूलाई यसको अधिकतम उपयोग गर्न **प्रेरित गरिनेछ**।
3. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्यालयहरूको शैक्षिक गतिविधि, उपस्थिति र अन्य सूचकहरूको **नियमित अनुगमन** गरिनेछ।
4. अनलाइन शिक्षा तथा दूर शिक्षा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

**उद्देश्य नं ७ निरन्तर शिक्षाको व्यवस्थासँग सम्बन्धित रणनीतिहरु:**

1. निरक्षर नागरिक तथा बिचैमा कक्षा छोडेका वा विभिन्न कारणले समस्यामा रहेका बालबालिकाहरूको पहिचान **तथा तथ्याङ्क** गरी साक्षरता कक्षा सञ्चालन गर्ने गरिनेछ।
2. पहिचान भएका बालबालिकाहरूलाई **साक्षरता कक्षा तथा खुला शिक्षा कार्यक्रममा आवद्ध** गराइनेछ र उनीहरूलाई **आयआर्जनका सीप विकास कार्यक्रममा सहभागी हुने अवसर** प्रदान गरिनेछ।
3. गाउँपालिकाका रहेका दुईवटा सा**मुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गरी** सीप विकास तथा व्यावसायिक तालिमका कार्यक्रमहरूलाई निरन्तरता दिने। **। आवश्यकता अनुसार थप सामुदायिक सिकाइ केन्द्रहरू स्थापना** गरिनेछ र विद्यमान केन्द्रहरूलाई **आवश्यक स्रोत साधन उपलब्ध गराई सुदृढ** गरिनेछ।

**उद्देश्य नं ८ स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन: सँग सम्बन्धित रणनीतिहरु:**

1. "हाम्रो सरुमारानी हाम्रो गौरव" स्थानीय पाठ्यक्रमलाई आवश्यकता, गाउँपालिका भित्र रहेका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, परम्परा र परम्परागत पेशा तथा प्रविधिको संरक्षण, संवर्धन र विकास गर्ने गरी **अध्यावधिक** गरिनेछ र यसको **प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूलाई तालिम** दिइनेछ।
2. राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम स्थानीय पाठ्यक्रम बमोजिमका विषयवस्तुहरूलाई **समयानुकुल अध्यावधिक** गरी **विद्यार्थीहरूलाई निशुल्क पाठ्यपुस्तक** उपलब्ध गराइनेछ।

**उद्देश्य नं ९ शिक्षक दरबन्दीको व्यवस्थित व्यवस्थापनसँग सम्बन्धित रणनीतिहरु:**

1. विद्यार्थी संख्या र विषयगत आवश्यकताको आधारमा प्रत्येक विद्यालयको **शिक्षक संख्या निर्धारण गरी नियमित रूपमा अद्यावधिक** गरिनेछ।
2. शिक्षक दरबन्दीलाई व्यवस्थित गर्न **दरबन्दी मिलान कार्यविधि निर्माण** गरी आवश्यकता अनुसार विद्यालय समायोजन गरिनेछ।
3. विद्यालय समायोजन हुने समुदायका बालबालिकाहरूको **गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकलाई सुनिश्चित** गर्न आवश्यक व्यवस्था गरिनेछ।
4. दुर्गम तथा अपायक विद्यालयहरूमा शिक्षकहरूलाई आकर्षित गर्न विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ।

**उद्देश्य नं १० सरोकारवालाहरूको क्षमता अभिवृद्धि सँग सम्बन्धित रणनीतिहरु:**

1. शिक्षकहरूको आवश्यकता पहिचान गरी उनीहरूको **शिक्षण कौशल, विषयगत ज्ञान र प्रविधि प्रयोग क्षमता विकास** गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
2. शिक्षासँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षाकर्मी लगायत सबै सरोकारवालाहरूको क्षमता विकासका लागि व्यवस्थापन, नेतृत्व र जवाफदेहिता सम्बन्धी **तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रमहरू** सञ्चालन गरिनेछ।
3. शिक्षक र विद्यार्थीहरूलाई अन्य शैक्षिक संस्थानहरूको अनुभव आदान प्रदान गर्न र ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रको अध्ययन अवलोकन भ्रमणबाट ज्ञान सीपको विकास गर्ने अवसर प्रदान गरिनेछ। यसका लागि **शैक्षिक भ्रमणको आयोजना** गरिनेछ।

शिक्षा योजना सरुमारानी

## २.६ कार्यनीति

लक्ष्य, उद्देश्य र रणनीतिहरुलाई कार्यान्वयनको सुनिस्चिताको लागि निम्नानुसारको मुख्य कार्यनीतिहरु तयार गरेको छ :

### उद्देश्य नं १ सँग सम्बन्धित रणनीतिहरु

1. **रणनीति १:** निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षाको गुणस्तर सुनिश्चित गर्न विशेष प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।
    - **कार्यनीति १.१:** वार्षिक रूपमा शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीको सिकाइ उपलब्धि (राष्ट्रिय तथा स्थानीय मूल्याङ्कनको नतिजा विश्लेषण गरी) र विद्यालयको शैक्षिक वातावरण (शिक्षण सिकाइ क्रियाकलाप, पुस्तकालयको उपयोग, अतिरिक्त क्रियाकलाप) को मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई शैक्षिक सामग्री वा खेलकुद सामग्री खरिद गर्न नगद पुरस्कार प्रदान गर्ने।
    - **कार्यनीति १.२:** विषयगत रूपमा (विज्ञान, गणित, अंग्रेजी) उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा प्रोत्साहन गर्न छात्रवृत्ति प्रदान गर्ने।
2. **रणनीति २:** विद्यालयहरूको वैज्ञानिक नक्साङ्कन गरी विद्यार्थी संख्या र भौगोलिक अवस्थितिको आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गरिनेछ।
    - **कार्यनीति २.१:** गाउँपालिका भित्र रहेका सबै बस्तीहरूको भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित नक्सा तयार पार्ने र प्रत्येक बस्तीमा रहेका विद्यालय जाने उमेरका बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्ने।
    - **कार्यनीति २.२:** विद्यार्थी संख्या कम भएका तर भौगोलिक रूपमा टाढा रहेका बस्तीहरूमा आवश्यकता अनुसार थप कक्षाकोठा निर्माण गर्ने वा शिक्षक दरबन्दी मिलान गर्ने।
3. **रणनीति ३:** कक्षा छोड्ने, दोहोराउने र विद्यालय बाहिर रहेका बालबालिकाको घरदैलो सर्वेक्षण मार्फत पहिचान गरी उनीहरूको आवश्यकता अनुसार लक्षित शैक्षिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
    - **कार्यनीति ३.१:** शैक्षिक सत्रको सुरुमा विद्यालय भर्ना नभएका र नियमित नआएका बालबालिकाको घरदैलो सर्वेक्षण गर्ने र विद्यालय नजानुका कारणहरू पत्ता लगाउने।

शिक्षा योजना सम्भावनी

- **कार्यनीति ३.२:** विद्यालय छोड्ने जोखिममा रहेका बालबालिकालाई विद्यालयमा टिकाउन परामर्श सेवा सञ्चालन गर्ने र आवश्यकता अनुसार आर्थिक वा शैक्षिक सहयोग प्रदान गर्ने।

4. **रणनीति ४:** विशेष क्षमता भएका बालबालिकाहरूको शैक्षिक अवसर सुनिश्चित गर्न विशेष स्रोतयुक्त विद्यालय स्थापना गर्न पहल गरिनेछ र त्यस्ता विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ।
   - **कार्यनीति ४.१:** गाउँपालिकाभित्र रहेका विशेष क्षमता भएका बालबालिकाको पहिचान तथा तथ्याङ्क संकलन गर्न स्वास्थ्यकर्मी र सामाजिक परिचालकहरूसँग समन्वय गर्ने।
   - **कार्यनीति ४.२:** आवश्यकता अनुसार कम्तीमा एक विद्यालयमा विशेष स्रोत कक्षा स्थापना गर्ने र विशेष शिक्षा तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने।
5. **रणनीति ५:** न्यून बालबालिका भएका विद्यालयहरूलाई गाउँपालिकाको शिक्षा नीति अनुसार मर्जर गर्नुपर्ने भएमा विद्यार्थीहरूको सहजताका लागि सुरक्षित यातायात साधनको व्यवस्था गरिनेछ।
   - **कार्यनीति ५.१:** न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूको पहिचान गरी मर्जरको लागि गाउँपालिकाको शिक्षा नीति अनुसार प्राथमिकता निर्धारण गर्ने।
   - **कार्यनीति ५.२:** मर्जर भएका विद्यालयका विद्यार्थीहरूलाई नयाँ विद्यालयसम्म सुरक्षित र नियमित रूपमा पुग्न यातायात व्यवस्थापनको योजना तयार पार्ने र कार्यान्वयन गर्ने।
6. **रणनीति ६:** प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गर्ने। विद्यालयमा आकर्षक र बालमैत्री वातावरण सिर्जना गर्ने।
   - **कार्यनीति ६.१:** गाउँपालिका भित्र सञ्चालित सबै प्रारम्भिक बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार, शैक्षिक सामग्री र जनशक्तिको अवस्था मूल्याङ्कन गर्ने।
   - **कार्यनीति ६.२:** प्रारम्भिक बालविकास केन्द्रका शिक्षिकाहरूका लागि बाल विकास, शिक्षण विधि र सामग्री निर्माण सम्बन्धी नियमित तालिम आयोजना गर्ने।
7. **रणनीति ७:** डिजिटल शिक्षाका लागि आवश्यक पूर्वाधार (कम्प्युटर, इन्टरनेट, सफ्टवेयर आदि) को व्यवस्थापन गर्ने।
   - **कार्यनीति ७.१:** सबै माध्यमिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेटको पहुँच सुनिश्चित गर्न योजना बनाउने र कार्यान्वयन गर्ने।

- **कार्यनीति ७.२:** विद्यालयहरूमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त संख्यामा कम्प्युटर तथा अन्य डिजिटल उपकरणको व्यवस्थापन गर्ने र शिक्षकहरूलाई तालिम प्रदान गर्ने।

8. **रणनीति ८:** विद्यालयहरूको भौतिक पूर्वाधार अभाव भएका विद्यालय पहिचान गरी सुधार तथा विस्तार गर्ने (कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान आदि)।

    - **कार्यनीति ८.१:** भौतिक पूर्वाधार सुधार गर्नुपर्ने विद्यालयहरूको प्राथमिकता निर्धारण गर्न विस्तृत सर्वेक्षण गर्ने।

    - **कार्यनीति ८.२:** क्रमागत रूपमा भौतिक पूर्वाधार सुधारका लागि वार्षिक बजेट विनियोजन गर्ने र निर्माण कार्यको अनुगमन गर्ने।

**उद्देश्य नं २ सँग सम्बन्धित रणनीतिहरु**

1. **रणनीति १:** शिक्षासँग सम्बन्धित सबै सरोकारवाला निकायलाई शिक्षाको महत्व, आफ्नो भूमिका र जिम्मेवारीबारे जागरुक बनाउन नियमित अन्तर्क्रिया तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
    - **कार्यनीति १.१:** विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागि विद्यालयको नीति निर्माण, योजना तर्जुमा र अनुगमन सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने।

    - **कार्यनीति १.२:** शिक्षक अभिभावक संघका पदाधिकारीहरूका लागि शिक्षाको महत्व र विद्यालयसँग सहकार्य गर्ने तरिका सम्बन्धी कार्यशाला आयोजना गर्ने।

2. **रणनीति २:** दिवाखाजा कार्यक्रमलाई पोषणयुक्त र प्रभावकारी बनाउन स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ र छात्रवृत्ति वितरणलाई पारदर्शी तथा लक्षित वर्गसम्म पुग्ने व्यवस्था मिलाइनेछ।

    - **कार्यनीति २.१:** दिवाखाजा कार्यक्रमका लागि स्थानीय रूपमा उत्पादित पोषणयुक्त खाद्य सामग्रीको सूची तयार पार्ने र विद्यालयहरूलाई सोही अनुसार खरिद गर्न प्रोत्साहित गर्ने।

    - **कार्यनीति २.२:** छात्रवृत्ति वितरणका लागि स्पष्ट मापदण्ड र कार्यविधि तयार पार्ने र सार्वजनिक रूपमा जानकारी गराउने।

3. **रणनीति ३:** भर्ना अभियानलाई घरदैलोसम्म पुर्‍याइनेछ, अभिभावक शिक्षा कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गरी विद्यालय र समुदायबीचको सम्बन्धलाई सुदृढ बनाइनेछ।

    - **कार्यनीति ३.१:** शैक्षिक सत्र सुरु हुनुअघि विद्यालय जाने उमेरका सबै बालबालिकाको तथ्याङ्क संकलन गर्न घरदैलो भर्ना अभियान सञ्चालन गर्ने।

- **कार्यनीति ३.२:** विद्यालयमा नियमित रूपमा अभिभावक शिक्षा कार्यक्रम आयोजना गर्ने र बाल विकास तथा सिकाइ प्रक्रियाबारे जानकारी प्रदान गर्ने।

4. **रणनीति ४:** विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीहरूलाई पहिचान गरी परामर्श तथा सहयोग प्रदान गर्ने।
    - **कार्यनीति ४.१:** नियमित रूपमा विद्यार्थीहरूको उपस्थिति अभिलेखको विश्लेषण गरी विद्यालय छोड्ने जोखिममा रहेका विद्यार्थीहरूको पहिचान गर्ने।
    - **कार्यनीति ४.२:** पहिचान भएका विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूसँग व्यक्तिगत रूपमा परामर्श गर्ने र विद्यालय छोड्नुका कारणहरू पत्ता लगाउने।
5. **रणनीति ५:** दुर्गम तथा पिछडिएका क्षेत्रमा आवासीय विद्यालय वा यातायात सुविधाको व्यवस्था गर्ने।
    - **कार्यनीति ५.१:** दुर्गम तथा पिछडिएका क्षेत्रहरू पहिचान गर्ने जहाँ विद्यार्थीहरूलाई विद्यालय आउन कठिनाइ छ।
    - **कार्यनीति ५.२:** पहिचान भएका क्षेत्रहरूमा आवश्यकता अनुसार आवासीय विद्यालय स्थापना गर्ने सम्भाव्यता अध्ययन गर्ने वा यातायात सुविधाको व्यवस्था गर्ने।

**उद्देश्य नं ३ सँग सम्बन्धित रणनीतिहरु**

1. **रणनीति १:** पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका र सिकाइलाई रोचक र अन्तरक्रियात्मक बनाउनका लागि शिक्षकहरूलाई आवश्यक शैक्षिक सामग्री तथा विभिन्न शिक्षण विधि तथा प्रविधि सम्बन्धी तालिम दिइनेछ र शिक्षण सिका क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाइनेछ।
    - **कार्यनीति १.१:** प्रत्येक विद्यालयलाई पाठ्यक्रममा आधारित आवश्यक शैक्षिक सामग्री खरिद गर्न वार्षिक रूपमा बजेट विनियोजन गर्ने।
    - **कार्यनीति १.२:** शिक्षकहरूलाई विद्यार्थी केन्द्रित शिक्षण विधिहरू (सहभागीतामूलक सिकाइ, परियोजना कार्य) सम्बन्धी तालिम आयोजना गर्ने।
2. **रणनीति २:** शिक्षकहरूको पाठ्यक्रम ज्ञान र शिक्षण कौशल अभिवृद्धि गर्न नियमित रूपमा पाठ्यक्रम प्रबोधिकरण तालिम आयोजना गरिनेछ।
    - **कार्यनीति २.१:** नयाँ पाठ्यक्रम वा पाठ्यक्रममा संशोधन भएमा शैक्षिक सत्र सुरु हुनुअघि विषयगत शिक्षकहरूका लागि पाठ्यक्रम प्रबोधिकरण तालिम आयोजना गर्ने।
    - **कार्यनीति २.२:** विद्यालय स्तरमा विषयगत शिक्षकहरूको नियमित बैठक आयोजना गरी पाठ्यक्रममा आधारित शिक्षण योजना निर्माणमा सहकार्य गर्ने वातावरण सिर्जना गर्ने।

3. **रणनीति ३:** कमजोर सिकाइ भएका विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा तथा उपचारात्मक शिक्षण गरिने छ र नियमित मासिक परीक्षा सञ्चालनका लागि विद्यालयलाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

   - **कार्यनीति ३.१:** नियमित मूल्याङ्कन (मासिक परीक्षा) को आधारमा कमजोर सिकाइ भएका विद्यार्थीहरूको पहिचान गर्ने।
   - **कार्यनीति ३.२:** कमजोर सिकाइ भएका विद्यार्थीहरूका लागि विद्यालय समय अघि वा पछि अतिरिक्त शिक्षण कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने।

4. **रणनीति ४:** शिक्षण सिकाइलाई थप रोचक र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गरिनेछ र शिक्षक तथा विद्यार्थीहरूलाई यसको अधिकतम उपयोगका लागि प्रेरित गरिनेछ।

   - **कार्यनीति ४.१:** सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेटको पहुँच सुनिश्चित गर्ने।
   - **कार्यनीति ४.२:** शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने।

5. **रणनीति ५:** गाउँपालिका स्तरबाट विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि नियमित र प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण प्रणाली लागू गरिनेछ।

   - **कार्यनीति ५.१:** गाउँपालिका शिक्षा शाखा प्रमुखको नेतृत्वमा शैक्षिक गुणस्तर अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने।
   - **कार्यनीति ५.२:** वार्षिक रूपमा विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि अनुगमन योजना तयार पार्ने र कार्यान्वयन गर्ने।

**उद्देश्य नं ४: प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच र गुणस्तर वृद्धि**

1. **रणनीति १:** गाउँपालिकाको एकमात्र बालि विज्ञान प्राविधिक धारको सरस्वती मा.वि.बाङ्गेसालमा विद्यार्थीको भर्ना आकर्षण गर्न प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।
   - **कार्यनीति १.१:** सरस्वती मा.वि.बाङ्गेसालमा बालि विज्ञान कार्यक्रमको प्रचार प्रसार गर्न गाउँपालिका स्तरमा विशेष अभियान सञ्चालन गर्ने।
   - **कार्यनीति १.२:** सरस्वती मा.वि.बाङ्गेसालको भौतिक पूर्वाधार र शिक्षण सामग्रीलाई गुणस्तरीय बनाउन वार्षिक रूपमा विशेष बजेट विनियोजन गर्ने।

2. **रणनीति २:** प्राविधिक शिक्षामा विद्यार्थीहरूको पहुँच बढाउन आर्थिक रूपले विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।

- **कार्यनीति २.१:** प्राविधिक शिक्षा अध्ययन गर्न इच्छुक विपन्न तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड तयार पार्ने र सार्वजनिक सूचना जारी गर्ने।
- **कार्यनीति २.२:** छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको नियमित अध्ययन र प्रगति अनुगमन गर्ने।

3. **रणनीति ३:** स्थानीय स्तरमा उपलब्ध रोजगारीका अवसरहरूसँग सम्बन्धित सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ।
    - **कार्यनीति ३.१:** गाउँपालिका भित्र रहेका उद्योग, व्यवसाय र श्रम बजारको अध्ययन गरी आवश्यक सीप पहिचान गर्ने।
    - **कार्यनीति ३.२:** पहिचान भएका सीपहरूमा आधारित छोटो अवधिका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।
4. **रणनीति ४:** विशेष आवश्यकता भएका बालबालिकाका लागि समावेशी व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिने छ।
    - **कार्यनीति ४.१:** विशेष आवश्यकता भएका बालबालिकाका लागि उपयुक्त हुने व्यावसायिक तालिमहरूको पहिचान गर्न विज्ञहरूको राय लिने।
    - **कार्यनीति ४.२:** समावेशी व्यावसायिक तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार र प्रशिक्षकको व्यवस्थापन गर्ने।

**उद्देश्य नं ५: बालमैत्री र सुरक्षित विद्यालय वातावरण**

1. **रणनीति १:** सबै विद्यालयहरूमा विद्यालय भवन तथा परिसरलाई बालमैत्री र अपांगमैत्री बनाउन मापदण्ड निर्धारण गरी कार्यान्वयन गरी। विद्यमान पूर्वाधारको नियमित मर्मत सम्भार गरिनेछ।
    - **कार्यनीति १.१:** विद्यालय भवन तथा परिसरलाई बालमैत्री र अपांगमैत्री बनाउने मापदण्ड तयार पारी सबै विद्यालयलाई उपलब्ध गराउने।
    - **कार्यनीति १.२:** विद्यालयहरूको भौतिक पूर्वाधारको नियमित निरीक्षण गरी मर्मत सम्भारका लागि वार्षिक बजेट विनियोजन गर्ने।
2. **रणनीति २:** भिन्न क्षमता भएका कमजोर बालबालिकाहरूको सिकाइमा सहयोग पुऱ्याउन विद्यालयहरूमा स्रोत कक्षाहरू संचालन गरिनेछ र त्यस्ता कक्षाका लागि विशेष शिक्षक तथा शैक्षिक सामग्री उपलब्ध गराइनेछ।

- **कार्यनीति २.१:** आवश्यकता अनुसार विद्यालयहरूमा स्रोत कक्षा संचालन गर्नका लागि विशेष शिक्षा तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने।
- **कार्यनीति २.२:** स्रोत कक्षाका लागि आवश्यक शैक्षिक सामग्री र उपकरणहरू उपलब्ध गराउने।

3. **रणनीति ३:** विद्यालयमा प्राथमिक उपचारको व्यवस्था गर्ने। साथै,विद्यालयमा खेलकुद तथा मनोरञ्जनका लागि सुरक्षित स्थान र सामग्रीको व्यवस्था गर्ने।
    - **कार्यनीति ३.१:** सबै विद्यालयमा प्राथमिक उपचार सामग्री भएको प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने र शिक्षकहरूलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिने।
    - **कार्यनीति ३.२:** विद्यालयमा खेलकुद तथा मनोरञ्जनका लागि सुरक्षित खेल मैदान र आवश्यक खेल सामग्रीको व्यवस्था गर्ने।
4. **रणनीति ४:** सुरक्षित खानेपानी, सरसफाइ र शौचालयको व्यवस्थापन गर्ने।
    - **कार्यनीति ४.१:** सबै विद्यालयहरूमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था सुनिश्चित गर्न नियमित परीक्षण गर्ने।
    - **कार्यनीति ४.२:** छात्र र छात्राका लागि छुट्टाछुट्टै पर्याप्त संख्यामा स्वच्छ शौचालय निर्माण र सरसफाइको व्यवस्था गर्ने।

**उद्देश्य नं ६: सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन**

1. **रणनीति १:** सबै विद्यालयलाई डिजिटल विद्यालयका रूपमा विकास गर्ने। यसकालागि सम्पूर्ण विद्यालयहरूमा इन्टरनेट पहुँच बढाउन इन्टरनेट टावर स्थापना गर्ने, कमप्युटर प्रयोगशाला स्थापना गर्ने, डिजिटल शैक्षिक सामग्रीको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने।
    - **कार्यनीति १.१:** गाउँपालिकाका सबै विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार गर्न दूरसञ्चार सेवा प्रदायकहरूसँग समन्वय गर्ने।
    - **कार्यनीति १.२:** विद्यालयहरूमा आवश्यकता अनुसार कम्प्युटर प्रयोगशाला स्थापना गर्न योजना बनाउने र बजेट विनियोजन गर्ने।
2. **रणनीति २:** शिक्षकहरूलाई शिक्षण सिकाइ प्रक्रियामा यसको प्रभावकारी प्रयोग सम्बन्धी नियमित तालिमको व्यवस्था गरिनेछ र उनीहरूलाई यसको अधिकतम उपयोग गर्न प्रेरित गरिनेछ।
    - **कार्यनीति २.१:** शिक्षकहरूका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी आधारभूत र उन्नत तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।

- **कार्यनीति २.२:** शिक्षकहरूलाई डिजिटल शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न प्रोत्साहन गर्ने।

3. **रणनीति ३:** सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्यालयहरूको शैक्षिक गतिविधि, उपस्थिति र अन्य सूचकहरूको नियमित अनुगमन गरिनेछ।
   - **कार्यनीति ३.१:** विद्यालयहरूको शैक्षिक गतिविधि र विद्यार्थी उपस्थितिको अभिलेख व्यवस्थापन गर्न सफ्टवेयर प्रयोग गर्ने योजना बनाउने।
   - **कार्यनीति ३.२:** अनलाइन अनुगमन प्रणाली विकास गरी विद्यालयहरूको नियमित अनुगमन गर्ने।
4. **रणनीति ४:** अनलाइन शिक्षा तथा दूर शिक्षा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
   - **कार्यनीति ४.१:** आवश्यकता अनुसार अनलाइन शिक्षा वा दूर शिक्षा कार्यक्रम सञ्चालन गर्न पूर्वाधार विकास गर्ने।
   - **कार्यनीति ४.२:** अनलाइन शिक्षा तथा दूर शिक्षा कार्यक्रमको महत्व र प्रयोगबारे शिक्षक र विद्यार्थीहरूलाई जानकारी गराउने।

**उद्देश्य नं ७: निरन्तर शिक्षाको व्यवस्था**

1. **रणनीति १:** निरक्षर नागरिक तथा बिचैमा कक्षा छोडेका वा विभिन्न कारणले समस्यामा रहेका बालबालिकाहरूको पहिचान तथा तथ्याङ्क गरी साक्षरता कक्षा सञ्चालन गर्ने गरिनेछ।
   - **कार्यनीति १.१:** गाउँपालिका स्तरमा निरक्षर नागरिक र विद्यालय छोडेका बालबालिकाको पहिचान गर्न सर्वेक्षण गर्ने।
   - **कार्यनीति १.२:** पहिचान भएका निरक्षर नागरिकहरूका लागि टोल टोलमा साक्षरता कक्षा सञ्चालन गर्ने।
2. **रणनीति २:** पहिचान भएका बालबालिकाहरूलाई साक्षरता कक्षा तथा खुला शिक्षा कार्यक्रममा आवद्ध गराइनेछ र उनीहरूलाई आयआर्जनका सीप विकास कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरिनेछ।
   - **कार्यनीति २.१:** विद्यालय छोडेका बालबालिकाहरूलाई खुला विद्यालय वा अनौपचारिक शिक्षा कार्यक्रममा भर्ना हुन प्रेरित गर्ने।
   - **कार्यनीति २.२:** साक्षरता कक्षामा सहभागी भएका र खुला शिक्षामा आवद्ध बालबालिकाहरूका लागि आयआर्जनका सीप विकास तालिम सञ्चालन गर्ने।
3. **रणनीति ३:** गाउँपालिकाका रहेका दुईवटा सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गरी सीप विकास तथा व्यावसायिक तालिमका कार्यक्रमहरूलाई निरन्तरता दिने।

आवश्यकता अनुसार थप सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरिनेछ र विद्यमान केन्द्रहरूलाई आवश्यक स्रोत साधन उपलब्ध गराई सुदृढ गरिनेछ।

- **कार्यनीति ३.१:** सामुदायिक सिकाइ केन्द्रहरूको व्यवस्थापन समितिलाई सक्रिय बनाउने र नियमित बैठकको व्यवस्था गर्ने।
- **कार्यनीति ३.२:** सामुदायिक सिकाइ केन्द्रहरूमा स्थानीय आवश्यकता अनुसार सीप विकास र व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्न प्रशिक्षक र आवश्यक सामग्रीको व्यवस्था गर्ने।

**उद्देश्य नं ८: स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन**

1. **रणनीति १:** "हाम्रो सरुमारानी हाम्रो गौरव" स्थानीय पाठ्यक्रमलाई आवश्यकता, गाउँपालिका भित्र रहेका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, परम्परा र परम्परागत पेशा तथा प्रविधिको संरक्षण, संवर्धन र विकास गर्ने गरी अध्यावधिक गरिनेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूलाई तालिम दिइनेछ।
    - **कार्यनीति १.१:** स्थानीय पाठ्यक्रम अध्यावधिक गर्न शिक्षाविद्, स्थानीय संस्कृतिविद् र शिक्षकहरूको सहभागितामा कार्यदल गठन गर्ने।
    - **कार्यनीति १.२:** अध्यावधिक गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूलाई विषयगत तालिम प्रदान गर्ने।
2. **रणनीति २:** राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम स्थानीय पाठ्यक्रम बमोजिमका विषयवस्तुहरूलाई समयानुकुल अध्यावधिक गरी विद्यार्थीहरूलाई निशुल्क पाठ्यपुस्तक उपलब्ध गराइनेछ।
    - **कार्यनीति २.१:** स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यपुस्तक समयमै छपाइ र वितरणको व्यवस्था मिलाउने।
    - **कार्यनीति २.२:** स्थानीय पाठ्यक्रममा आधारित शिक्षण सामग्री (शिक्षक निर्देशिका, कार्यपुस्तिका) तयार पार्ने र शिक्षकहरूलाई उपलब्ध गराउने।

**उद्देश्य नं ९: शिक्षक दरबन्दीको व्यवस्थित व्यवस्थापन**

1. **रणनीति १:** विद्यार्थी संख्या र विषयगत आवश्यकताको आधारमा प्रत्येक विद्यालयको शिक्षक संख्या निर्धारण गरी नियमित रूपमा अद्यावधिक गरिनेछ।
    - **कार्यनीति १.१:** प्रत्येक शैक्षिक सत्रको सुरुमा विद्यालयहरूको विद्यार्थी संख्या र विषयगत शिक्षकको आवश्यकताको तथ्याङ्क संकलन गर्ने।

शिक्षा शाखा सरुमारानी

- **कार्यनीति १.२:** विद्यार्थी संख्या र विषयगत आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान गर्ने योजना तयार पार्ने।

2. **रणनीति २:** शिक्षक दरबन्दीलाई व्यवस्थित गर्न दरबन्दी मिलान कार्यविधि निर्माण गरी आवश्यकता अनुसार विद्यालय समायोजन गरिनेछ।

    - **कार्यनीति २.१:** शिक्षक दरबन्दी मिलान कार्यविधि निर्माण गर्न सरोकारवालाहरूसँग परामर्श गर्ने।

    - **कार्यनीति २.२:** दरबन्दी मिलान कार्यविधि अनुसार विद्यालय समायोजनको प्रक्रिया अगाडि बढाउने।

3. **रणनीति ३:** विद्यालय समायोजन हुने समुदायका बालबालिकाहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिनेछ।

    - **कार्यनीति ३.१:** विद्यालय समायोजन हुने क्षेत्रका बालबालिकाहरूको विद्यालय पहुँचलाई सहज बनाउन यातायात वा अन्य व्यवस्था गर्ने।

    - **कार्यनीति ३.२:** समायोजन भएका विद्यालयहरूमा पर्याप्त पूर्वाधार र शिक्षकको व्यवस्था सुनिश्चित गर्ने।

4. **रणनीति ४:** दुर्गम तथा अपायक विद्यालयहरूमा शिक्षकहरूलाई आकर्षित गर्न विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ।

    - **कार्यनीति ४.१:** दुर्गम तथा अपायक विद्यालयहरूको पहिचान गर्ने मापदण्ड तयार पार्ने।

    - **कार्यनीति ४.२:** पहिचान भएका दुर्गम तथा अपायक विद्यालयहरूमा कार्यरत शिक्षकहरूका लागि विशेष भत्ता वा अन्य प्रोत्साहनको व्यवस्था गर्ने।

### उद्देश्य नं १०: सरोकारवालाहरूको क्षमता अभिवृद्धि

1. **रणनीति १:** शिक्षकहरूको आवश्यकता पहिचान गरी उनीहरूको शिक्षण कौशल, विषयगत ज्ञान र प्रविधि प्रयोग क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।
    - **कार्यनीति १.१:** शिक्षकहरूको क्षमता विकासको आवश्यकता पहिचान गर्न विद्यालय स्तरमा सर्वेक्षण गर्ने।

    - **कार्यनीति १.२:** शिक्षकहरूको आवश्यकता अनुसार विभिन्न विषयगत तालिम, शिक्षण विधि तालिम र प्रविधि सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।

2. **रणनीति २:** शिक्षासँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षाकर्मी लगायत सबै सरोकारवालाहरूको क्षमता विकासका लागि व्यवस्थापन, नेतृत्व र जवाफदेहिता सम्बन्धी तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।
   - **कार्यनीति २.१:** विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागि विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धी तालिम आयोजना गर्ने।
   - **कार्यनीति २.२:** अभिभावकहरूका लागि बाल विकास र सिकाइमा अभिभावकको भूमिका सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने।
3. **रणनीति ३:** शिक्षक र विद्यार्थीहरूलाई अन्य शैक्षिक संस्थानहरूको अनुभव आदान प्रदान गर्न र ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रको अध्ययन अवलोकन भ्रमणबाट ज्ञान सीपको विकास गर्ने अवसर प्रदान गरिनेछ। यसका लागि शैक्षिक भ्रमणको आयोजना गरिनेछ।
   - **कार्यनीति ३.१:** शिक्षक र विद्यार्थीहरूका लागि शैक्षिक भ्रमणको योजना बनाउने र बजेट व्यवस्थापन गर्ने।
   - **कार्यनीति ३.२:** शैक्षिक भ्रमणबाट प्राप्त अनुभवहरू विद्यालयमा आदान प्रदान गर्ने कार्यक्रम आयोजना गर्ने।

## २.७ अपेक्षित उपलब्धि

यस शिक्षा योजनाको सफल कार्यान्वयन पश्चात निम्न अपेक्षित उपलब्धिहरू हासिल हुनेछन्:

१) गाउँपालिकाका सबै बालबालिकाहरूको गुणस्तरीय शिक्षामा सहज पहूँच र अर्थपूर्ण सहभागीता सुनिश्चित भएको हुनेछ।

२) बालबालिकाहरूको विद्यालयमा खुद भर्ना दरमा उल्लेख्य बृद्धि भई टिकाउ रहनेछ र शैक्षिक क्षति न्यूनीकरण भएको हुनेछ।

३) पाठ्यक्रमले निर्धारण गरे बमोजिम बालबालिकाहरूको कक्षागत र विषयगत सिकाइ उपलब्धिमा गुणात्मक बृद्धि भएको हुनेछ।

४) गाउँपालिकाका इच्छुक सबै बालबालिकाहरूले प्राविधिक, व्यवसायिक तथा प्रविधियुक्त शिक्षा प्राप्त गर्ने पर्याप्त अवसर प्राप्त गर्नेछन्।

५) बालमैत्री, अपांगमैत्री भौतिक पूर्वाधारको विकास तथा निर्माण भई विद्यार्थीहरूको सिकाइ वातावरणमा उल्लेखनीय सुधार भएको हुनेछ।

६) विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग भई शिक्षण सिकाइ प्रक्रिया थप प्रभावकारी र रोचक बन्नेछ।

७) गुणस्तरीय अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित भई सबै उमेर समूहका व्यक्तिहरूले लाभ उठाउन सक्नेछन्।

८) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको निर्माण तथा समयसापेक्ष अध्यावधिक भई प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

९) विद्यालयहरूमा विद्यार्थी संख्या र विषयगत आवश्यकता अनुसार शिक्षकहरूको व्यवस्थित दरबन्दी व्यवस्थापन भएको हुनेछ।

१०) शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र अन्य सबै सरोकारवालाहरूको क्षमता अभिवृद्धि भई शिक्षाको गुणस्तर सुधारमा सक्रिय योगदान पुऱ्याउनेछन्।

## २.८ स्थानीय तह तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

शैक्षिक योजनामा लक्ष्य निर्धारण गर्ने बिभिन्न विधिहरू हुन्छन। लक्ष्यहरुको प्रकृति अनुसार विधिको प्रयोग गर्नुपर्दछ। त्यसैले सबै लक्ष्यको निर्धारण कुनै एक बिधिको प्रयोगले मात्र सम्भव हुदैन। उक्त योजनाको कार्यान्वयनबाट नगरपालिकाले केके प्राप्ति गर्ने भनी मुख्यमुख्य कार्यसम्पादन सूचकहरुको विकास र तिनको लक्ष्यहरू निर्धारण गरेको छ। आगामी २ वर्ष, ३ वर्ष र ५ वर्षहरुका लागि तोकिएका ती सुचकगत राष्ट्रिय लक्ष्यहरू सहितको बिबरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

### शिक्षा नतिजा खाका

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९१.४ | १०६.८ | १०४.४ | १०६.४ | **१११.९** | |
| | | प्रदेश | १०६.८ | | | | | |
| | | राष्ट्रिय | **९९.९** | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका | स्थानीय | ९४.६ | ९६.८ | ९७.४ | ९८.८ | १०० | |
| | | प्रदेश | ८४.३ | | | | | |
| | | राष्ट्रिय | ७६.९ | | | | | |
| 2. | आधारभूत शिक्षा (कक्षा १ – ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.६ | ९७.५ | ९७.९ | ९८.८ | १०० | |
| | | प्रदेश | ७२.६ | | | | | |
| | | राष्ट्रिय | ९५.७ | | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२८.३ | १२८.७७ | १२९.४४ | १२९.६६ | १२९.३ | |
| | | प्रदेश | ११७.१ | | | | | |
| | | राष्ट्रिय | ११५.९ | | | | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.८ | ९६.७ | ९७.६ | ९८.१ | १०० | |
| | | प्रदेश | ९५.५ | | | | | |
| | | राष्ट्रिय | ९५.६ | | | | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३८.५ | १३८.५ | १३७.५ | १३८.५ | १३८.५ | |
| | | प्रदेश | १२८.४ | | | | | |
| | | राष्ट्रिय | १२४.८ | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.८ | ९६.२ | ९७.३ | ९८.६ | ९९ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १३८.४ | १३० | ११९ | ११३ | १०७ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | | | | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९३.३ | ९४ | ९६ | ९७ | ९८ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८७.१ | ८९ | ९४ | ९५ | ९८ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | | | | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १–५)मा भर्ना भएका ५–९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १७.७ | १५ | १५ | १३ | ९ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १–५) कूल भर्ना दरमा लैङ्गिक समता | स्थानीय | १.१४ | १.११ | १.०८ | १.०६ | १.०४ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचाङ्क* | | | | | | | | |
| २.११ | आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९५.८ | ९६.१ | ९७.३ | ९८.१ | १०० | |
| | | | प्रदेश | ९५.१ | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | | | | | |
| २.१२ | आधारभूत तह (कक्षा १–८) मा कूल भर्ना दर (%) | | स्थानीय | १३७.९ | १३८.१ | १३८.९ | १३८.९ | १३९.९ | |
| | | | प्रदेश | १२३.८ | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ९४.८ | ९५ | ९७.३ | ९८.६ | १०० | |
| | | | प्रदेश | ८६.२ | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ६७.७७ | ७१.३ | ७७.०६ | ८१.२ | ८५.७ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १–८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९६ | ०.९७ | ०.९८ | १.०० | १.०० | |
| | | | प्रदेश | 0.91 | | | | | |
| | | | राष्ट्रिय | १.०१ | | | | | |
| २.१६ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिका को सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५७ | ६० | ६३ | ६५ | ६८ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | | | | | |
| | | गणित | स्थानीय | ३८ | ४२ | ४६ | ५१ | ५५ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४१ | ४४ | ४७ | ५२ | ५७ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिका को सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६५ | ६७ | ७० | ७१ | ७३ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | | | | | |
| | | गणित | स्थानीय | ४६ | ४८ | ५१ | ५३ | ५५ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | | | | | |
| | | विज्ञान | स्थानीय | ४८ | ५१ | ५४ | ५७ | ६१ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | | | | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १–५) | स्थानीय | | १.८६ | १.५ | १.० | ०.५७ | ० | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२.९** | | | | | |
| | | आधारभूत (कक्षा १–८) | स्थानीय | | ३.६९ | ३.० | २.०२ | १.५० | १.१६ | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **६.६** | | | | | |
| २.२० | आधारभूत तह (कक्षा १–८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | ३८.५ | ४० | ४२ | ४४ | ४७ | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **४३.७** | | | | | |
| 3. | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | ५३.५ | ६५.७ | ७६.१ | ८५.८ | ९०.९ | |
| | | | प्रदेश | | 55.2 | | | | | |
| | | | राष्ट्रिय | | **४७.६** | | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९–१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | **७०.३** | **80.9** | **८८.८** | **९३.७** | १०० | |
| | | | प्रदेश | | **80.9** | | | | | |
| | | | राष्ट्रिय | | **७१.४** | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९–१२) | | स्थानीय | | ०.६८ | ०.७५ | 0.८९ | ०.९७ | १.०० | |
| | | | प्रदेश | | 0.93 | | | | | |
| | | | राष्ट्रिय | | **१.०२** | | | | | |
| ३.४ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ६३.७ | ६५ | ६८ | ७१ | ७५ | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | ५७.४ | ६१ | ६५ | ६८ | ७१ | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९–१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | १९.८ | २३ | २६ | २९ | ३३ | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | ० | | | | | |
| | | | | प्रा.व्या. | ९.५९ | ९.९० | ११.११ | १३.१९ | १५.५५ | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | **१०.०** | | | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | | नेपाली भाषा | स्थानीय | ३.०१ | ३.०६ | ३.०९ | ३.१३ | ३.२२ | |
| | | | | प्रदेश | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | २.८६ | २.९० | २.९३ | २.९६ | २.९९ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | २.९४ | २.९५ | २.९७ | २.९९ | ३.०३ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.७५ | २.८० | **२.८६** | **२.९०** | २.९६ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **4.** | **जिवन–पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६१ | ६५ | ६९ | ७५ | ८० | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | | | . | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ७९ | ८१ | ८३ | ८५ | ८८ | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | | | | | |
| ४.३ | साक्षरता दर (१५–२४ उमेर समूह) (%) | स्थानीय | | ९१ | ९३ | ९५ | ९७ | १०० | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.६३ | ०.६७ | ०.६९ | ०.७३ | ०.७५ | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | | | |
| **5.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त जनशक्ति मध्ये आर्थिक रूपले सक्रिय(%) | स्थानीय | | २७.२ | ३५ | ५० | ६५ | ७५ | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९–१२ वा डिप्लोमा वा प्रि–डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | १८ | २१ | २५ | २९ | ३५ | |
| | | | छात्र | १३ | १५ | १८ | २५ | २९ | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **6.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १– | स्थानीय | | ३१:१ | ३३:१ | ३५:१ | ३७:१ | ४०:१ | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | ५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६–८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४१:१ | ४१:१ | ४०:१ | ४०:१ | ४०:१ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १–८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३३:१ | ३५:१ | ३५:१ | ३८:१ | ४०:१ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९–१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २४:१ | २४:१ | २७:१ | ३०:१ | ३३:१ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९–१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | २८:१ | २८:१ | २९:१ | ३०:१ | ३२:१ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | | | | | |
| 7. | **शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | ४४.०६ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | | | | | |
| ७.२ | आधारभूत तह (ECD – १२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ४.५ | ५ | ५.५ | ६ | ६ | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | | | | | |

# परिच्छेद ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

शिक्षालाई विकासको मेरुदण्ड मानिन्छ । सबै प्रकारका विकासहरूको सम्बन्ध मानव विकाससँग जोडिन्छ। प्रारम्भिक बाल विकासबाट मानव विकास सुरु हुने गर्दछ। बालबालिकाहरूको शारीरिक मानसिक संवेगात्मक बौद्धिक सामाजिक विकास गराउने उद्देश्यले चार वर्ष पूरा भएका र पाँच वर्ष नपुगेका बालबालिकाहरूलाई दिइने शिक्षा प्रारम्भिक बालविकास शिक्षा हो। यो उमेर समूहका बालबालिकाहरूलाई शिक्षा दिनको लागि बाल विकास केन्द्रहरू स्थापना गरिएका छन्। यस प्रकारका बाल विकास केन्द्रहरूमा महिला सहयोगी कार्यकर्ताहरुले बाल मनोविज्ञान बुझेर दैनिक पाँच कार्यघण्टा बालबालिकाहरुलाई विभिन्न सिपहरुको विकास गराउँछन्। सहयोगी कार्यकर्ताहरुसँग आधारभूत सिप सिकाईका साथै विषयगत शिप सिकाई र मनोरञ्जन खेल आराम जस्ता सीपहरूको विकास गर्दै बालबालिकाहरूले २६ पाठ्य घण्टा र ८३२ कार्यघण्टा समयबाल विकास केन्द्रमा बिताउँछन्। प्रारम्भिक बाल विकासमा दिइने शिक्षामा पढाइ लेखाई भन्दा बालबालिकाहरूको सर्वागीण विकासमा जोड दिइन्छ । विश्वमा भइरहेको तीव्रतर विकाससँग समायोजन हुन सक्ने प्रतिस्पर्धी शैक्षिक जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो। नेपालको शैक्षिक प्रणालीले प्रारम्भिक बालविकासलाई शिक्षाको सुरुवाती चरण मानेको छ। एउटा मजबुत घर बनाउनका लागि जग मजबुत हुनु आवश्यक भएजस्तै एउटा व्यक्तिको दिगो शैक्षिक विकासको लागि बाल विकासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ बाल बालिकाहरूले सिक्ने असल आचरणले मानव विकासमा कोशेढुङ्गाको काम गर्ने भएकोले झिम्रुक गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई विशेष महत्व दिएको छ। यस शिक्षाको मुख्य ध्यय न्यानो पारिवारिक वातावरणमा हुर्किरहेका बालबालिकाहरूलाई बालमैत्री वातावरण सिर्जना गरी विद्यालयतर्फ आकर्षण गर्दै विभिन्न सिप विकास गराउनुको साथै पठनपाठनमा रुचि जगाउने भएकोले महत्वपूर्ण मानिएको छ।

## ३.१.१ वर्तमान अवस्था

सरुमारानी गाउँपालिकामा बालविकास कार्यक्रम विद्यालयमा आधारित तथा समुदायमा आधारित मोडलमा सञ्चालित छन्। शैक्षिक सत्र २०८१ को EMIS तथ्याङ्कअनुसार, गाउँपालिकाभित्र विभिन्न स्रोतबाट **कुल ४१ वटा बालविकास केन्द्रहरू** सञ्चालनमा रहेका छन्। तीमध्ये:

- विद्यालयमा आधारित बालविकास केन्द्रहरू — **२९ वटा**, र समुदायमा आधारित — **८ वटा**, गरी **३७ वटा** केन्द्रहरू छन्।
- **संघीय सरकारको स्रोतबाट सञ्चालित** बालविकास केन्द्रहरू — **२५ वटा** छन्।
- **गाउँपालिका स्रोतबाट सञ्चालित** विद्यालयमा आधारित बालविकास केन्द्रहरू — **१२ वटा** छन्।

शिक्षा योजना सरुमारानी

- यसका अतिरिक्त, ४ **वटा संस्थागत विद्यालयहरूमा** तीन वर्ष उमेर पुगेका बालबालिकालाई लक्षित **किन्डरगार्टेन कक्षाहरू** सञ्चालनमा छन् ।

संघीय र गाउँपालिका स्रोतबाट सञ्चालित ३७ वटा बालविकास केन्द्रमा **बालविकास सहयोगी कार्यकर्ताहरू** खटाइएका छन्, जसले प्रारम्भिक बाल्यावस्थामा सिकाइ विकासका लागि सहयोग पुऱ्याइरहेका छन् ।

शैक्षिक सत्र २०८१ को विवरण अनुसार बालविकास केन्द्रहरूमा अध्ययनरत बालबालिकाको विवरण निम्नानुसार छ:

- **सामुदायिक विद्यालयहरूमा:**
  - छात्रा — ३९४ जना
  - छात्र — ३८० जना
  - **जम्मा — ७७४ जना**
- **संस्थागत विद्यालयहरूमा:**
  - छात्रा — २०७ जना
  - छात्र — २२९ जना
  - **जम्मा — ४३६ जना**

*तालिका ३.१: सरुमारानी गाउँपालिकाको बालविकास केन्द्र विवरण*

| **क्रम संख्या** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | सरुमारानी गाउँपालिकामा सञ्चालित कुल बालविकास केन्द्र | ४१ |
| २ | संघीय सरकार स्रोतबाट सञ्चालित बालविकास केन्द्र | २५ |
| ३ | गाउँपालिका स्रोतबाट सञ्चालित बालविकास केन्द्र | १२ |
| ४ | संस्थागत विद्यालउमा आधारित | ४ |

सरुमारानी गाउँपालिकामा छवटा वडाहरू रहेका छन् प्रत्येक वडामा रहेका बाल विकास केन्द्रको सङ्ख्या निम्न अनुसार रहेको छ ।

| वडा नम्बर | बाल बालविकास केन्द्र सख्या |
|---|---|
| १ | ५ |
| २ | ६ |
| ३ | ८ |

शिक्षा योजना सरुमारानी

| | |
|---|---|
| ४ | ७ |
| ५ | ७ |
| ६ | ८ |
| जम्मा | 41 |

सरुमारानी गाउँपालिकामा सञ्चालित बालविकास केन्द्रहरू सुरक्षित बालमैत्री, अपाङ्गमैत्री, सिकाईमैत्री, न्यूनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या २१ वटा भएतापनि अन्य २० वटा बाल विकास केन्द्रमा पूर्णता हुन सकेको छैन बाल विकासमा कार्यरत सहयोगी कार्यकर्ताहरूको शैक्षिक योग्यता फरक फरक रहेको छ। एसइइ उत्तीर्ण १३ जना र कक्षा १२ वा सो भन्दा माथी उत्तीर्ण २८ जना सहयोगी कार्यकर्ताहरू सरुमारानी गाउँपालिकामा कार्यरत छन्। प्रारम्भिक बालविकास शिक्षामा सङ्घीय सरकार र गाउँपालिका दुवैबाट स्रोत व्यवस्थापन भएको छ। सहयोगी कार्यकर्ताहरु तालिम प्राप्त नै छन् विद्यालय शिक्षाको जग मानिने बाल विकास केन्द्रहरुलाई व्यवस्थित बनाउने थुप्रै प्रयासहरु भइरहेका छन् । तापनि केही समस्या तथा चुनौतीहरू रहेका छन्। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| अवसर तथा सबल पक्षहरु | समस्या तथा चुनौतीहरु |
|---|---|
| 1. प्रारम्भिक चरणको सिप अन्तर्गत भाषाको विकास आदर सत्कार गर्ने सिपको विकास<br>2. समूहमा मिलेर बस्ने, खेल्ने बानीको विकास<br>3. सरसफाई गर्ने बानीको विकास<br>4. भाषिक, गणितिय सिप तथा धारणाको विकास<br>5. प्रत्येक विद्यालयमा तथा विभिन्न समुदायमा आवश्यकताका आधारमा बालविकास कोटा निर्धारण<br>6. बालविकास सहजकर्ताको पारिश्रमिकमा स्थानीय तहले थप गरी मनोवल बढाउनु<br>7. प्रति विद्यार्थी लागतको आधारमा अनुदान उपलब्ध गराउनु | 1. प्रारम्भिक बाल विकासमा भर्ना हुने उमेर नाघिसकेका र उमेर नपुगेका बालबालिकाहरू पनि बाल विकासमा भर्ना हुनु<br>2. स.काहरुको तालिमको अभाव<br>3. बाल विकास सहजकर्ताहरुको विद्यालयमा विताउने समयमा एक रुपता नहुनु<br>4. भर्ना भएका बालबालिकाको विद्यालय छाड्ने दर बढ्नु<br>5. खेलमैदानको अभाव हुनु<br>6. कक्षाकोठा बालमैत्री नहुनु<br>7. बालविकास केन्द्रमा बालबालिकाको संख्या बढाउनु ।<br>8. सुपरीवेक्षण पृष्ठपोषण नियमित गर्नु ।<br>9. सहजकर्ताको काम गर्ने समय र बजेट अभावका कारण बाल विकास सहयोगी कार्यकर्तालाई राम्रो सुविधा दिन नसक्नु |

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षासम्बन्धी निम्न उद्देश्यहरू तय गरिएका छन्।

क. प्रत्येक बालबालिकाहरूमा बालविकासको पहुँच पुराई आधारभूत शिक्षाको लागि तयार गर्ने

ख. बाल विकास सहयोगी कार्यकर्ताहरूलाई पेशागत दक्षता अभिवृद्धि गर्न तालिम प्रदान गरी बालमैत्री सिकाईमा जोड दिने

ग. बाल विकास केन्द्रहरूको आर्थिक तथा मानवीय स्रोत विकासमा ध्यान दिइ गुणस्तर सुनिश्चित गर्ने

घ.बाल विकास केन्द्रहरूलाई भौतिक रुपमा स्तरीय बनाई बालबालिकाहरूको सर्वाङ्ग सहयोग पुर्याउने

### ३.१.३ रणनीति

सरुमारानी गाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्यहरू पूरा गर्न निम्न रणनीतिहरू तय गरिएका छन्।

1. बाल विकास उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य विद्यालय तथा समुदायमा आधारित बाल विकास केन्द्रमा भर्ना गराउने
2. भौगोलिक विकटताका कारण बाल विकास केन्द्रमा अध्ययन गर्न आउन नसक्ने बालबालिकाहरूको लागि वैकल्पिक व्यवस्था गर्ने
3. पर्याप्त शैक्षिक सामग्री खेल सामग्री बालमैत्री स्वच्छ पिउने पानी बालमैत्री शौचालय र व्यवस्थित कक्षा कोठा निर्माणका लागि स्रोत उपलब्ध गराउने
4. विपन्न बालबालिकाहरूका लागि पोशाक र स्टेशरी उपलब्ध गराउने
5. सहजकर्तालाई पूरा समय काम गराउने र उपयुक्त किसिमको पारिश्रमिक तोक्ने

च बालविकास केन्द्रहरूको समयसमयमा निरीक्षण अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने

छ. सहजकर्ताको मनोबल उठाउनका लागि र काममा प्रतिस्पर्धा गराउनका लागि प्रत्येक वर्ष गाउँपालिकामा उत्कृष्ट सहजकर्ता छनोट गर्ने मापदण्ड बनाई पुरस्कृत गर्ने

ज. दिवा खाजालाई व्यवस्थित बनाउने

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सरुमारानी गाउँपालिकाको गाउँ शिक्षा योजनाबाट प्रारम्भिक बालविकास र शिक्षामा निम्न उपलब्धि तथा नतिजा प्राप्त हुनेछ

1. सबै बालबालिकाहेलो गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाकोअवसर प्राप्त गर्नेछन्
2. प्रारम्भिक तहको कुल भर्नादर १००% पुगेको हुनेछ
3. भौतिक सुविधा सम्पन्न छापायुक्त कक्षा कोठाहरू भएका हुनेछन्
4. बाल मनोविज्ञान बुझेर गुणस्तरीय शिक्षा प्रदान गर्नेसहयोगी कार्यकर्ताहरू शतप्रतिशत तयार हुनेछन्।
5. न्यून पारिश्रमिकमा कार्यरत स.का. हरूले सम्मानजनक पारिश्रमिक पाएका हुनेछन्।
6.

| क्र सं | सूचकहरु | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | ९१.५ | ९३.४ | ९५.९ | ९८.४ | १०० |
| २ | कक्षा दोहर्याउने दर | ९.१ | ८.५ | ६.१ | ४.४ | ३.१ |
| ३ | प्रारम्भिक बालविकास केन्द्रको सख्या | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| ४ | ६ वटा सिकाई कुनाहरुको भएको बालविकास केन्द्रको संख्या | १७ | २१ | २७ | ३३ | ३७ |
| ५ | बालविकास सहजकर्ता हरुको क्षमता विकास | ३३ | ३५ | ३७ | ३९ | ४१ |
| ६ | कक्षाकोठाहरु छापामय भएका बालविकास केन्द्रका संख्या | १३ | १९ | २७ | ३३ | ३७ |

7.

8.

**9. ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

10. तलको तालिकामा सरुमारानी गाउँपालिकाले गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू देखाइएको छ ।

| क्र. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | १पटक | १पटक | १पटक | १पटक | १पटक | ५ पटक |

शिक्षा योजना सरुमारानी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | योग्यता पुगेका सहजकर्ताहरुको व्यवस्था | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ३ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | दिन | १८० | १८० | १८० | १८० | १८० | |
| ४ | बालविकास केन्द्रहरुको अनुगमन | पटक | १ | २ | १ | २ | ३ | |
| ५ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ६ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | २ | २ | २ | २ | २ | |
| ७ | सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ८ | कक्षाकोठाहरु छापामय भएका बालविकास केन्द्रका संख्या | वटा | ६ | ८ | ६ | २ | २ | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मको शिक्षालाई भनिन्छ। नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा १ मा आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क शिक्षा भनिएको छ। शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ १६औ पञ्चवर्षीय योजना स्थानीय सरकार सञ्चालन ऐन २०७४ आदिलाई मध्यनजर गर्दै सरुमारानी गाउँपालिकाले आफ्नो गाउँ शिक्षा योजना निर्माण गरेको छ। शिक्षाको आधार मानिने आधारभूत शिक्षालाई के कसरी व्यवस्थित बनाएर लगेमा अपेक्षित उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने कुरा यस १० वर्षीय गाउँ शिक्षा योजनामा समेट्ने प्रयास गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

आधारभुत तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाई तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्रि, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमतावृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु आवश्यक छ ।

सरुमारानी गाउँपालिकाको आधारभूत शिक्षासँग सम्बन्धित शैक्षिक तथ्याङ्क सबल पक्षहरू सुधार गर्नुपर्ने पक्षहरू अवसर र चुनौतीहरू लाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

सरुमारानी गाउँपालिकामा हालसम्म सञ्चालित आधारभूत विद्यालय सङ्ख्या विवरण

### १. आधारभूत विद्यालयहरूको स्तर अनुसार विवरण

| क्र.सं. | विद्यालय तह | विद्यालय संख्या | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | कक्षा १—१२ सम्म | ३ वटा | ० | ३ |
| २ | कक्षा १—१० सम्म | ५ वटा | १ | ६ |
| ३ | कक्षा १—८ सम्म | १ वटा | १ | २ |
| ३ | कक्षा १—५ सम्म | १० वटा | १ | ११ |
| ४ | कक्षा १—३ सम्म | ३ वटा | १ | ४ |
| ५ | कक्षा १—२ सम्म | ५ वटा | ० | ५ |

| क्र.सं. | विद्यालय तह | विद्यालय संख्या | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| ६ | कक्षा १ मात्र | २ वटा | ० | २ |
| | जम्मा विद्यालय | २९ वटा | ४ | ३३ |

शैक्षिक सत्र २०८१ मा आधारभूत तहमा भर्ना भएका विद्यार्थी संख्या विवरण

- सामुदायिक विद्यालयतर्फ:६१९०
- संस्थागत विद्यालयतर्फ:१०५८
- सामुदायिक र संस्थागत दुवै विद्यालयतर्फ ७२४८

  हालको कुल भर्नादर १०३.५

  हालको खुद भर्नादर : ९६.६४
- हालको टिकाउ दर ९७.५९

| अवसर तथा सबल पक्षहरु | समस्या तथा चुनौतीहरु |
|---|---|
| 1. अनिवार्य र नि:शुल्क शिक्षा<br>2. नि:शुल्क पाठ्यपुस्तक, दिवाखाजा र छात्रवृत्तीको व्यवस्था<br>3. मातृभाषामा अध्ययन अध्यापन<br>4. सिकाइ सक्रियता<br>5. समुदायमा आधारीत विद्यालय<br>6. ऐच्छीक संस्थागत विद्यालय<br>7. कक्षा १—५ मा विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था<br>8. बालबालिकाहरुका लागि घर पायक विद्यालय<br>9. न्यूनतम प्राथमिक स्वास्थ्य सेवा उपलब्ध<br>10. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न पहल<br>11. स्थानीय पाठ्यक्रम बनाई लागू<br>12. कक्षा १-३ मा अध्यापनरत शिक्षकलाई एकीकृत पाठ्यक्रम सम्बन्धित तालिमको व्यवस्था | क) विद्यालय उमेरका सबै बालबालिका विद्यालय ल्याउन<br>ख) नि:शुल्क शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न<br>ग) छात्रछात्रा शौचालय उपलब्ध गराउन<br>घ) खेलमैदान र प्रयाप्त समय प्रदान गर्न<br>ङ) नयाँ प्रविधिलाई शिक्षण सिकाइ सँग जोड्न<br>च) दक्ष र विषयगत शिक्षक व्यवस्थापन गर्न<br>छ) ICT Lab र विज्ञान सामग्री उपलब्ध गराउन<br>ज) बालमैत्री धारा र शुद्धपानीको प्रबन्ध गराउनु<br>झ) पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग गर्न<br>ञ) माथिल्ला कक्षाका विद्यार्थीलाई मुख्य ध्यान दिनुपर्ने विवसताले तल्ला कक्षाका बालबालिकालाई उपयूक्त सम्बोधन गर्न कक्षा<br>ट)१ मा भर्ना हुने सबै बालबालिकाहरूसँग बालविकासको अनुभव हुनु<br>ठ) सबै विद्यालयमा बालमैत्री कक्षा कोठा व्यवस्थापन गर्नु।<br>ढ) खुद भर्नादर १००% र विद्यालय छाड्ने दर ० बनाउनु। |

*३.२.२ उद्देश्य*



शिक्षा योजना मस्यौदा

सरुमारानी गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

1. गाउँपालिकाभित्रका आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु।
2. सिकाइलाई प्रविधिसँग जोड्दै बालमैत्री र व्यावहारिक बनाउनु
3. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण पूर्ण रुपमा बालमैत्री सिकाई मैत्री समावेशी भयरहित र सुरक्षित बनाउनु
4. आधारभूत शिक्षामा समावेशीकरणको अवधारणा अनुभूति हुनेगरी विशेष व्यवस्था गर्नु।

## ३.२.३ रणनीति

**माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि अपनाउने रणनीतिहरु**

सरुमारानी गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजनाका लागि तय गरेका उद्देश्यहरू पूरा गर्ने निम्न रणनीतिहरू अवलम्बन गर्नेछ।

1. सबै बालबालिकाहरूलाई अनिवार्य तथा निशुल्क शिक्षाको पहुँचमा ल्याउनका लागि सरोकाल वाला अभिभावक विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ शिक्षक स्थानीय समाजसेवी बुद्धिजीवीहरूसँग अन्तरक्रिया गर्ने र कार्यान्वयनमा जोड दिने
2. विभिन्न कारणले विद्यालय भर्ना नहुने र बीचैमा पढाइ छाड्ने विद्यार्थीहरूलाई प्रोत्साहन गरी तह पूरा गराउन आर्थिक सहायता प्याकेज तयार पारी उपलब्ध गराउने
3. शिक्षकहरूलाई प्रविधिसँग सम्बन्धित र पेशागत दक्षता अभिवृद्धि विज्ञहरूद्वारा तालिम तथा पुनर्ताजगी तालिम दिने
4. विद्यालयहरूको सुपरिवेक्षण तथा अनुगमन मात्र बढाई आवश्यक पृष्ठपोषण दिने
5. उत्कृष्ट नतिजा प्राप्त गर्ने अभिभावकहरूलाई समेत पुरस्कृत गर्ने
6. बालमैत्री शिक्षण क्रियाकलापका लागि आवश्यक शैक्षिक सामग्री र सन्दर्भ सामग्री विद्यालयहरूलाई उपलब्ध गराउने
7. शिक्षकहरूले तयार गर्ने वार्षिक कार्यतालिकालाई व्यावहारिक रुपमा कार्यान्वयन गराउने
8. पालिका स्तरीय परीक्षालाई थप स्तरीय र विश्वसनीय बनाउने
9. प्रत्येक विद्यालयमा आवश्यक भौतिक निर्माणका लागि बजेट व्यवस्थापन गर्ने
10. खुला आधारभूत विद्यालयको स्थापना गर्ने
11. पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयलाई आर्थिक सहयोग गर्ने
12. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय प्रवर्धन गर्ने
13. विद्यालयको दिवा खाजा कार्यक्रम र विद्यालय सरसफाई कार्यक्रमको अनुगमन गर्ने
14. कक्षा १ ३ मा एकीकृत पाठ्यक्रम अनुसार विद्यार्थीलाई व्यापार कुशल सीपको विकास गर्ने र अन्य कक्षाहरूमा कक्षागत र विषयगत सक्षमता पूरा गर्ने गरी शिक्षण गतिविधि सञ्चालन गर्ने

शिक्षा योजना सरुमारानी

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सरुमारानी गाउँपालिकाको १० वर्ष यस योजनाबाट निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ।

1. आधारभूत तहमा विद्यार्थी भर्नादर १०० पुगेको र विद्यालय छाड्ने र जिरो हुनेछ
2. नेपालको संविधान २०७२ मा व्यवस्था गरिएको आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्ने कार्य पुरा भएको हुनेछ
3. कक्षा ८ सम्म प्रविधिमैत्री कक्षाकोटाहरू १००% पुग्नेछन्।
4. सबै विद्यालयमा बालमैत्री र अपाङ्ग मैत्री सुरक्षित भौतिक पूर्वाधार विकास भएको हुनेछ औसत सिकाई उपलब्धि.....................पुग्नेछ।
5. आधारभूत तहमा तालिम प्राप्त कुशल सहजकर्ताको भूमिका बहन गर्न सक्ने प्रविधिको ज्ञान भएका शिक्षकहरूको सङ्ख्या १०० प्रतिशत पुगेको हुनेछ
6. शिक्षक विद्यार्थी संख्या अनुपात सरुमारानी गाउँपालिकाले तोके बमोजिम कायम हुनेछ ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू **नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१ / ८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | १८ | २० | २२ | २५ | २७ | २९ |
| २ | आधारभूत तह मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १.६ | १.५ | १.३ | १.0 | ०.५ | ० |
| ३ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ११ | १५ | १७ | २२ | २५ | २९ |
| ४ | बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर | ९४.६ | ९४.५ | ९५ | ९६ | ९८ | १०० |
| ५ | कक्षा ३ को सिकाइ उपलब्धि | १५ | १७ | १९ | २० | २२ | २३ |

शिक्षा योजना सरुमारानी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | परीक्षण गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ६ | बालमैत्री वसाई व्यवस्थापन विद्यालय सङ्ख्या | १५ | २० | २२ | २५ | २८ | २९ |
| ७ | छापामय कक्षा कोठा भएका विद्यालय सँख्या | १० | १२ | १५ | २० | २५ | २९ |
| ८ | कक्षा ५ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशतमा | ९५.३८ | ९६.५ | ९८.०३ | ९९.०५ | १०० | १०० |
| ९ | कक्षा ८ मा सबै विषयमा कम्तीमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी प्रतिशतमा | ८३.३३ | ८६.५० | ९०.२५ | ९४.२२ | ९७.११ | १०० |
| १० | विद्यालयमा खेलमैदान र बगैचा निर्माण | १५ | १८ | २१ | २३ | २५ | २७ |
| ११ | कक्षा ३ मा भाषा र गणित विषयको औसत सिकाई उपलब्धि | ने : २.९४<br>अ : २.६१<br>ग: २.८१ | ने : २.९८<br>अ : २.८०<br>ग: २.९६ | ने : ३.१०<br>अ : २.९०<br>ग: ३.०६ | ने : ३.२४<br>अ : ३.१०<br>ग: ३.१६ | ने : ३.३०<br>अ : ३.१६<br>ग: ३.२६ | ने : ३.४६<br>अ : ३.२६<br>ग: ३.३६ |
| १२ | कक्षा ५ मा भाषा र गणित विषयको औसत सिकाई उपलब्धि | ने: २.६९<br>अ: २.६०<br>ग: २.५४ | ने: २.७९<br>अ: २.७०<br>ग: २.६६ | ने: २.९०<br>अ: २.८२<br>ग: २.७६ | ने: २.९८<br>अ: २.९०<br>ग: २.८४ | ने: ३.०४<br>अ: ३.०६<br>ग: ३.० | ने: ३.१२<br>अ: ३.१६<br>ग: ३.१४ |
| १३ | कक्षा ८ मा भाषा र गणित विषयको औसत सिकाई उपलब्धि | ने: २.९१<br>अ: २.६६<br>ग: २.६९ | ने: २.९८<br>अ: २.७६<br>ग: २.८२ | ने: २.९८<br>अ: २.९०<br>ग: २.९० | ने: ३.०६<br>अ: ३.०४<br>ग: ३.०२ | ने: ३.१६<br>अ: ३.१०<br>ग: ३.१० | ने: ३.२२<br>अ: ३.१८<br>ग: ३.१६ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा 5 वर्षमा कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी भर्ना तथा निरन्तरता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | मापदण्ड अनुसार प्र.अ. व्यवस्थापन | जना | 2 | १० | १० | १० | १० | 33 | ५१ | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विव्यस, शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| ६ | शिक्षकको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| ७ | विपन्न वर्गका विद्यार्थीको पोसाक, स्टेशनरीका लागि छात्रबृत्ति | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| ८ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

शिक्षा योजना सम्भारी

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कक्षा कोठामा आधारित मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | अतिरिक्त क्रियाकलाप कार्यक्रम | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ११ | बिषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| १२ | Wash सुविधा सहितको वालमैत्री, अपागमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १३ | वालमैत्री, अपागमैत्री शौचालय मर्मत | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १४ | शुद्ध तथा बालमैत्री खानेपानी धारा भएका विद्यालय शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १५ | कक्षाकोठा निर्माण | वटा | १ | २ | २ | २ | १ | ८ | १६ | |
| १६ | सुरक्षित खेलमैदान भएका विद्यालय | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | ४६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सूचना प्रविधिमा पहुँच पुगेका विद्यालय | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ | ८५ | १०० | |

## ३.३ माध्यमिक शिक्षा

विद्यालय शिक्षा संरचना अन्तर्गत उपल्लो तहको शिक्षा माध्यमिक शिक्षा हो। जुन तहमा कक्षा ९ देखि कक्षा १२ सम्म चार वर्षमा १३/१४ देखि १६/१७ वर्ष उमेर समूहका बालबालिकाले अध्ययन गर्ने तह हो। वर्तमान शिक्षा प्रणाली अन्तर्गत माध्यमिक शिक्षा साधारण, परम्परागत, धार्मिक तथा व्यावसायिक गरी तीन धारमा विभाजित छ। त्यसैगरी यो तहको शिक्षाले विद्यार्थीहरूमा ज्ञानको खोजी गरी सिकाई र वास्तविक जीवनबीच सम्बन्ध स्थापित गर्दछ। यो तहको शिक्षाको मूल उद्देश्य विद्यार्थीहरूलाई उच्च शिक्षा तथा श्रमको संसारमा प्रवेशको लागि तयार गर्नु हो। आधारभूत तह उत्तीर्ण विद्यार्थीहरू मध्ये कक्षा ९ मा भर्ना हुने दर र प्रतिशत बढ्दै गइरहेको देखिन्छ। माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरिसकेपछि विद्यार्थीहरू शैक्षिक बेरोजगार भएको देखिन्छ, जसको कारण विदेश पलायन हुने सम्भावना बढ्दै गइरहेको छ। अब बन्ने सरुमारानी गाउँ शिक्षा योजनाले व्यवहारिक, सीपयुक्त, जीवन उपयोगी प्राविधिक व्यावसायिक तथा स्थानीय सीपहरूलाई संयोजन गरी अघि बढेमा मात्र सरुमारानी गाउँपालिकाबाट उत्पादन भएका जनशक्तिले सभ्य र समतामूलक समाज निर्माणका लागि राज्यलाई योगदान पुर्याउन सक्दछ।

### ३.३.१. वर्तमान अवस्था

हाल सरुमारानी गाउँपालिकामा ९ वटा सामुदायिक र एक संस्थागत गरी जम्मा १० माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। सामुदायिक र संस्थागत गरी कक्षा ९ देखि १२ सम्ममा ६३७ छात्रा र ५२३ छात्र गरी जम्मा ११६० जना विद्यार्थीहरू माध्यमिक तहमा अध्ययनरत छन्। विषयगत रूपमा शिक्षकहरूको दरबन्दी अभाव भएका कारण गुणस्तरीय माध्यमिक शिक्षाको सुनिश्चिततामा समस्या रहेको छ। यस गाउँपालिकाको माध्यमिक शिक्षाको तथ्याङ्कलाई तल तालिकामा हेर्न सकिन्छ। झिमरुक गाउँपालिका अन्तर्गत वि.सं. २०८१ को सुरुवातसम्म प्रत्येक वडामा निम्न प्रकारका माध्यमिक विद्यालयहरू र विद्यार्थी संख्या, शिक्षक सङ्ख्या रहेको छ:

**अवसर तथा सबल पक्षहरू**

**क)** प्रत्येक वडाहरूमा माध्यमिक विद्यालय सञ्चालनमा रहेकोले विद्यार्थीलाई सहज पहुँच छ।

**ख)** सरस्वती मा.वि.बाङ्गेसालमा बाली विज्ञान विषयमा प्राविधिक धारको विद्यालयको पहुँचले व्यावसायिक शिक्षाको अवसर प्रदान गरेको छ।

**ग)** सरुमारानी गाउँपालिकाले गाउँपालिका अनुदान मार्फत शिक्षक अनुदान वितरण गर्दा विषयगत शिक्षकको उपलब्धताले शिक्षण सिकाइलाई सहयोग पुर्याएको छ।

**ङ)** विद्यालयहरूमा पुस्तकालयको व्यवस्था हुनुले विद्यार्थीहरूलाई अतिरिक्त अध्ययन सामग्री उपलब्ध गराएको छ।

**च)** विद्यालयहरूमा इन्टरनेटको सुविधा उपलब्ध हुनुले डिजिटल सिकाइ र सूचनामा पहुँचलाई सहज बनाएको छ।

**छ)** विपद्को बेला तथा कोभिड महामारीको समयमा वैकल्पिक शिक्षण विधि अपनाइनुले शिक्षालाई निरन्तरता दिन मद्दत गर्‍यो।

**ज)** किशोरीहरूलाई सेनेटरी प्याड, आइरन चक्की उपलब्ध गराइनु तथा स्वास्थ्य तथा पोषण ज्ञान, महिला हिंसाबारे सचेतना अभियान सञ्चालन हुनु सकारात्मक पक्ष हो।

## समस्या तथा चुनौतीहरू

**क)** विषयगत शिक्षक दरबन्दीको अभावले गुणस्तरीय शिक्षा प्रदान गर्न चुनौती थपेको छ।

**ख)** पुस्तकालय, प्रयोगशाला आदिको समसामयिकता र पर्याप्तताको अभावले विद्यार्थीहरूको प्रयोगात्मक सिकाइ र अनुसन्धानमा बाधा पुर्‍याएको छ।

**ग)** बालमैत्री तथा अपाङ्गमैत्री संरचनाको अभावले सबै विद्यार्थीहरूको सहज पहुँच र समावेशी शिक्षामा चुनौती खडा गरेको छ।

**घ)** आफ्नै क्षेत्रमा सम्बन्धित तहका विद्यार्थी रोक्न नसक्नुले विदेश पलायनको समस्यालाई बढावा दिएको छ।

**ङ)** बाल विवाह रोक्न सामाजिक सचेतना र शिक्षाका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन आवश्यक छ।

**च)** विद्यार्थीको टिकाउ दर बढाउन र विद्यालय छोड्ने समस्या समाधान गर्न विशेष पहलको खाँचो छ।

**छ)** सरकारी लगानीको वृद्धि गरी शैक्षिक पूर्वाधार र गुणस्तर सुधार गर्नुपर्ने आवश्यकता छ।

**ज)** अभिभावकको विद्यालयप्रतिको अपनत्व बढाउन र शैक्षिक प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न आवश्यक छ।

## माध्यमिक विद्यालयहरू र सञ्चालित कक्षा

| क्र.स. | वडा नम्बर | विद्यालय संख्या र प्रकार | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ सामुदायिक | सरस्वती माध्यमिक विद्यालय बाङ्गेसाल | प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म |
| २ | २ | १ सामुदायिक | सत्य माध्यमिक विद्यालय ददेरी | प्रारम्भिक बाल विकास देखि कक्षा १० सम्म |
| | २ | १ सामुदायिक | खड्गेश्वरी माध्यमिक विद्यालय दर्भान | प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म |
| | २ | १ सामुदायिक | बालविकास माध्यमिक विद्यालय गनाहा | प्रारम्भिक बालविकासदे खि कक्षा ९ सम्म |
| | २ | १ संस्थागत | ऐरावती इङ्लिस स्कुल दर्भान | प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म |
| ३ | ३ | १ सामुदायिक | सरस्वती माध्यमिक चाभा | प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म |
| | ३ | १ सामुदायिक | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय हंसपुर | प्रारम्भिक बालविकासदेखि कक्षा १० सम्म |
| ४ | ४ | १ सामुदायिक | जनता माध्यमिक विद्यालय | प्रारम्भिक बाल विकासदेखि |

| | | | | |
|---|---|---|---|---|
| | | | बड्डाँडा | कक्षा १२ सम्म |
| ५ | ५ | १ सामुदायिक | श्री भीमसेन माध्यमिक विद्यालय जसपुर | प्रारम्भिक बाल विकास देखि कक्षा १० सम्म |
| ६ | ६ | १ सामुदायिक | श्री श्रमरानी माध्यमिक विद्यालय बुढिचौर | प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्म |

## ३.३.२ उद्देश्य (Objectives)

१. माध्यमिक तहमा सबै बालबालिकालाई भर्ना गरी, निःशुल्क, गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्राप्त गर्न सक्षम बनाउनु।

२. माध्यमिक तहको शैक्षिक र भौतिक संरचनालाई समावेशी, समतामूलक, बालमैत्री, अपांगमैत्री र सुरक्षित बनाउनु।

३. कक्षा १० र १२ को परीक्षामा नतिजा सुधार गरी कक्षा ९ र ११ मा भर्ना दर वृद्धि गर्नु।

४. शिक्षक तथा कर्मचारीहरूको पेशागत दक्षता अभिवृद्धि गरी आधुनिक शिक्षण प्रणालीमा दक्ष बनाउनु।

५. विद्यालय प्रशासन र व्यवस्थापनलाई पारदर्शी, जवाफदेही, सक्षम र सुशासनयुक्त बनाउनु।

६. समुदाय, अभिभावक र सरोकारवालाको विद्यालयप्रति उत्तरदायित्व र संलग्नता बढाउनु।

७. २१औं शताब्दीका सीप (जस्तै: डिजिटल साक्षरता, संचार, सहकार्य, आलोचनात्मक सोच आदि) विकास गर्न शिक्षा प्रणालीलाई अनुकूल बनाउनु।

८. जलवायु शिक्षा, लैङ्गिक समानता, वित्तीय साक्षरता र उद्यमशीलतालाई शिक्षाको अभिन्न अङ्ग बनाउनु।

---

## ३.३.३ रणनीति (Strategies)

१. आधारभूत तह उत्तीर्ण विद्यार्थीलाई माध्यमिक तहमा भर्ना गरी टिकाइ राख्न छात्रवृत्ति, पोषण, शिक्षासामग्री जस्ता कार्यक्रम सञ्चालन गर्ने।

२. विद्यालय आउन नसक्ने बालबालिकालाई वैकल्पिक सिकाइ (मोबाइल स्कुल, सामुदायिक सिकाइ केन्द्र, ई—लर्निङ) मार्फत पहुँच सुनिश्चित गर्ने।

३. अनाथ, विपन्न तथा असहाय बालबालिकाका लागि छात्रावास र आवासीय सुविधा सहित शिक्षाको पहुँच गर्ने।

४. भवन तथा पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपांगमैत्री र सुरक्षित वातावरण सुनिश्चित गर्ने।

५. प्रत्येक विद्यालयमा ICT, कम्प्युटर, विज्ञान प्रयोगशाला, पुस्तकालय र STEM सामग्रीको प्रवर्द्धन गर्ने।

६. नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणाली विकास गरी कमजोर विद्यार्थी र शिक्षकलाई सहायक कार्यक्रम सञ्चालन गर्ने।

७. विषयगत शिक्षकहरूलाई निरन्तर तालिम, सेमिनार, गोष्ठी तथा अन्तरविद्यालय अनुभव आदान—प्रदान कार्यक्रम सञ्चालन गर्ने।

शिक्षा योजना सक्षम

८. कक्षागत रूपमा विषयगत दक्ष शिक्षकहरूको व्यवस्था र प्रोत्साहन योजना कार्यान्वयन गर्ने।
९. प्रधानाध्यापकहरूलाई व्यवस्थापकीय दक्षता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण सञ्चालन गर्ने।
१०. विद्यालय व्यवस्थापन समितिका सदस्य र अभिभावकलाई शैक्षिक तालिम र अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
११. विद्यालयका गतिविधिमा अभिभावकको सहभागिता र स्वामित्व विकास गर्ने।
१२. जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र महामारीसँग जुझ्न सक्ने शिक्षा प्रणाली निर्माण गर्ने।
१३. विज्ञान, गणित, अंग्रेजी विषयमा शिक्षकमै अभाव घटाउन विद्यार्थीलाई ती विषय पढ्न प्रोत्साहन गर्ने।
१४. नैतिक शिक्षा, आत्मसम्मान, नेतृत्व र सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
१५. प्राविधिक, व्यावसायिक तथा उद्यमशीलता अभिमुख शिक्षा माध्यमिक तहदेखि सुरु गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा (Major Achievements and Outcomes)

१. कक्षा ८ उत्तीर्ण गरेका सबै बालबालिकाले कक्षा ९ मा भर्ना भएको हुनेछ।
२. कक्षा १० र १२ उत्तीर्ण गरेपछि विद्यार्थीहरूले गाउँमै उच्च शिक्षा वा सीपमूलक रोजगारीमा आकर्षण देखाउनेछन्।
३. शिक्षा गुणस्तरमा सुधार हुनेछ, जसले सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि गर्नेछ।
४. सरुमारानी गाउँपालिका माध्यमिक शिक्षाको क्षेत्रमा नमुना स्थानीय तहको रूपमा विकसित हुनेछ।
५. विद्यालय छोड्ने दर विशेषगरी किशोरी र सीमान्तकृत समुदायमा घट्नेछ।
६. प्राविधिक, व्यावसायिक र उद्यमशीलतामूलक शिक्षामा सहभागी विद्यालयहरूको संख्या बढ्नेछ।
७. शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन पक्षको दक्षता विकास हुनेछ।
८. डिजिटल शिक्षण प्रविधिको प्रयोग विस्तार हुनेछ र बालमैत्री संरचना सुदृढ हुनेछ।
९. समुदाय, अभिभावक तथा विद्यार्थीको विद्यालयमा सहभागिता र उत्तरदायित्वमा वृद्धि हुनेछ।
१०. जलवायु शिक्षा, लैङ्गिक समानता, सामाजिक समावेशिता र सुरक्षित वातावरणको पक्षमा शिक्षा प्रणाली सशक्त हुनेछ।

**सरुमारानी गाउँ शिक्षा योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन पुनःवितरण तथा समायोजन पटक | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तह ९ १० मा विद्यालय बाहिर रहेका बालबालिकाको | २.३ | २.० | १.५ | १.० | ०.५ | ० |

शिक्षा योजना सरुमारानी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |
| ३ | माध्यमिक तह ९ १० मा तालिम प्राप्त शिक्षकको संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | कक्षा १० मा सबै विषयमा कम्तिमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी सख्या | ९० | २४० | २५० | २७० | २८५ | ३०० |
| ५ | कक्षा १२ मा सबै विषयमा कम्तिमा D ग्रेड प्राप्त गर्ने विद्यार्थी | ६६ | ७० | ७५ | ८५ | ९० | १०५ |
| ६ | अति विपन्न र सिमान्तकृत बालबालिकाहरूलाई थप छात्रवृत्ति आवासीय प्रबन्ध लगायतको कार्यक्रमहरू सञ्चालन गर्ने | ० | ० | ० | ० | ० | ० |
| ७ | मापदण्ड अनुसार विषयगत शिक्षक व्यवस्था प्रतिशतमा | ९० | ९३ | ९५ | ९७ | ९९ | १०० |
| ८ | कक्षा १२ सम्म विद्यार्थीहरूको अध्ययन गर्ने दर बढाउने | ५३.८ | ६०.३ | ७०.४ | ८६.५ | ९६.७ | १०० |
| ९ | विद्यालय भवन एवं संरचना निर्माण तथा मर्मत पुनर्निर्माण गर्दा बालमैत्री अपाङ्ग मैत्री तथा छात्रामैत्री बनाउने | १७ | १९ | २१ | २३ | २५ | २८ |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू ।

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | मापदण्ड अनुसार प्रधानाध्यापक व्यवस्थापन | जना | १२ | १५ | १९ | २५ | २९ | २९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विभिन्न प्राकृतिक प्रकोपमा सिकाइ सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विव्यस, शि.अ.सं. का पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शिक्षकको क्षमता विकास कार्यक्रम | जना | ७० | ८० | ९० | १०० | १०० | ४४० | |
| ६ | विपन्न वर्ग, फरक पहिचान भएका विद्यार्थीकालागि बिशेष छात्रबृत्ति | जना | २३ | २३ | २३ | २५ | २५ | ११९ | |
| ७ | बालवालिकाहरुको स्वास्थ्य परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | |
| ८ | विद्यालयहरुको अनुगमन, सुपरिवेक्षण | पटक | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | |
| ९ | अतिरिक्त क्रियाकलाप सचालन | पटक | १ | २ | २ | २ | २ | ७ | |
| १० | बिषय शिक्षकहरुको सिकाइ समूहको बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | Wash सुविधा सहितको वालमैत्री, अपागमैत्री तथा छात्रामैत्री शौचालय निर्माण | वटा | १ | १ | २ | २ | २ | ८ | |
| १२ | वालमैत्री, अपागमैत्री शौचालय मर्मत | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| १३ | शुद्ध खानेपानीको व्यवस्था भएका विद्यालय | वटा | १५ | १९ | २१ | २५ | २९ | २९ | |
| १३ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग भएका विद्यालय | वटा | ९ | १३ | १९ | २३ | २६ | २९ | |
| १४ | सुरक्षित खेलमैदान भएका विद्यालय | वटा | १३ | १७ | १९ | २२ | २३ | २३ | |
| १५ | विपत् न्यूनीकरण तथा व्यवस्थापनका लागि पूर्व तयारी तथा अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | |

शिक्षा योजना सरुमारानी

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम

सरुमारानी गाउँपालिकाको विकास र समृद्धिको आधारशिला शिक्षा हो। विशेषगरी, प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) ले स्थानीय रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र दक्ष जनशक्ति विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ। हाल गाउँपालिकामा कक्षा ९-१२ सम्म एउटा मात्र प्राविधिक

धारको विद्यालय छ, जहाँ बाली विज्ञान विषयको पढाइ हुन्छ। तर, 'पढ्दै कमाउँदै' अवसरको कमी र रोजगारीका कम सम्भावनाका कारण विद्यार्थीको आकर्षण न्यून देखिन्छ। यस योजनाले गाउँपालिकाको भौगोलिक विविधता (वडा नं. १ र २ को समथर भूभाग, वडा नं. ३, ४, ५ र ६ को पहाडी भूभाग) र यहाँका मुख्य आकर्षणहरू (बाख्रापालन, मौरी पालन, रैथाने बाली, अदुवा खेती) लाई अवसरमा बदल्दै प्राविधिक तथा व्यावसायिक शिक्षालाई थप सान्दर्भिक, आकर्षक र रोजगारमूलक बनाउने लक्ष्य लिएको छ।

## १. वर्तमान अवस्थाको समीक्षा र चुनौतीहरू

सरुमारानी गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा रहेका मुख्य चुनौतीहरू यस प्रकार छन्:

- **नीतिगत अस्पष्टता:** नयाँ शिक्षा ऐनको अभाव र प्रदेशबाट तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, २०७५ कार्यान्वयनमा नआउँदा नीतिगत अस्थिरता छ।
- **योजनाबद्ध कार्यान्वयनको अभाव:** प्राविधिक शिक्षालाई गाउँपालिकाको आवश्यकता अनुरूप योजनाबद्ध रूपमा सञ्चालन गर्न नसक्दा पर्याप्त दक्ष जनशक्ति उत्पादन हुन सकेको छैन।
- **आकर्षण र पहुँचमा कमी:** एक मात्र प्राविधिक विद्यालय (बाली विज्ञान) मा 'पढ्दै कमाउँदै' अवसर र रोजगारीको सुनिश्चितता नहुँदा विद्यार्थीको आकर्षण कम छ। यसले गर्दा स्थानीय युवाहरूको प्राविधिक शिक्षामा पहुँच र संलग्नता न्यून छ।
- **गुणस्तरमा एकरूपताको अभाव:** विभिन्न निकायबाट सञ्चालित तालिम तथा शैक्षिक कार्यक्रमहरूको गुणस्तरमा एकरूपता छैन, जसले समग्र प्रभावकारिता घटाएको छ।
- **परम्परागत सीपको उपेक्षा:** गाउँपालिकाका परम्परागत सीप र प्रविधिलाई आधुनिकीकरण गरी उद्यमशीलतामा रूपान्तरण गर्न सकिएको छैन।
- **क्षेत्रीय विशेषताको सदुपयोगमा कमी:** वडा नं. १ र २ को समथर भूभागमा धान, गहुँ जस्ता अन्नबालीको सम्भावना हुँदाहुँदै र वडा नं. ३, ४, ५ र ६ को पहाडी भूभागमा अदुवा, बाख्रापालन, मौरी पालन आदिको सम्भावना हुँदाहुँदै पनि यसको अधिकतम उपयोग हुन सकेको छैन।

# २. लक्ष्य र उद्देश्यहरू

**मुख्य लक्ष्य:**

सरुमारानी गाउँपालिकाको भौगोलिक विविधता र स्थानीय सम्भावनाहरूलाई टेकेर रोजगारीमूलक, उद्यमशील र प्रविधिमैत्री प्राविधिक तथा व्यावसायिक शिक्षा प्रणालीको विकास गर्ने।

**उद्देश्यहरू:**

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको आकर्षण बढाउने।

२. गाउँपालिकाको भौगोलिक विशेषता (समथर र पहाडी) र स्थानीय स्रोत (बाख्रापालन, मौरी पालन, रैथाने बाली, अदुवा खेती) मा आधारित 'पढ्दै कमाउँदै' कार्यक्रमहरू सञ्चालन गर्ने।

३. मागमा आधारित सीपमूलक एवं उद्यमशील तालिमहरू सञ्चालन गरी स्थानीयस्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्ने।

४. सिकाइलाई सिधै उद्यमशीलता तथा स्थानीय रोजगारीसँग जोड्न मद्दत गर्ने।

५. प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूको नियमित अनुगमन, मूल्यांकन र सुदृढीकरण गर्ने।

# ३. रणनीति तथा कार्यक्रमहरू

सरुमारानी गाउँपालिकाको विशिष्टता र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न निम्न रणनीति र कार्यक्रमहरू अवलम्बन गरिनेछ:

### रणनीति १: स्थानीय आवश्यकतामा आधारित प्राविधिक शिक्षाको विस्तार र आधुनिकीकरण

- **कार्यक्रम १.१: विद्यमान प्राविधिक विद्यालयको सुदृढीकरण र विविधीकरण (वर्ष १-२)**
    - **बाली विज्ञानको आधुनिकीकरण:** कक्षा ९-१२ मा सञ्चालित बाली विज्ञान विषयको पाठ्यक्रमलाई अदुवा खेती, रैथाने बाली उत्पादन, अर्गानिक कृषि र कृषि उत्पादनको प्रशोधन तथा बजारीकरण जस्ता स्थानीय महत्वका विषयवस्तुहरू समावेश गरी अद्यावधिक गर्ने।
    - **'पढ्दै कमाउँदै' कार्यक्रम:** विद्यालयमै नर्सरी स्थापना, मौसमी तरकारी खेती, सानो स्केलको पशुपालन (बाख्रा वा कुखुरा), च्याउ खेती जस्ता परियोजनाहरू सञ्चालन गरी विद्यार्थीलाई व्यावहारिक सीप र आम्दानीको अवसर प्रदान गर्ने। यसका लागि कृषि सहकारी वा स्थानीय कृषि व्यवसायीहरूसँग सहकार्य गर्ने।
    - **प्रयोगशाला र अभ्यास स्थलको स्तरोन्नति:** बाली विज्ञानको प्रयोगशाला र अभ्यास स्थललाई आधुनिक औजार तथा उपकरणसहित सुदृढ गर्ने।
- **कार्यक्रम १.२: नयाँ प्राविधिक धारको अध्ययन सम्भाव्यता (वर्ष २-३)**
    - गाउँपालिकाको समथर भूभाग (वडा नं. १ र २) मा मत्स्यपालन वा धान/गहुँको उच्च प्रविधिमा आधारित खेतीसम्बन्धी प्राविधिक धारको अध्ययन सम्भाव्यता मूल्यांकन गर्ने।
    - पहाडी भूभाग (वडा नं. ३, ४, ५ र ६) मा बाख्रापालन, मौरी पालन वा जडीबुटी प्रशोधनसम्बन्धी प्राविधिक धारको सम्भाव्यता अध्ययन गर्ने।
    - नयाँ धार सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग समन्वय गर्ने।

शिक्षा शाखा सरुमारानी

- **कार्यक्रम १.३: लक्षित समूहका लागि छात्रवृत्ति र प्रोत्साहन (वर्ष १-५)**
    - दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग र विशेषगरी छात्राका लागि प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्न छात्रवृत्ति र अन्य प्रोत्साहनका कार्यक्रमहरू लागू गर्ने।
    - प्राविधिक शिक्षा पूरा गरेपछि स्थानीयस्तरमै रोजगारीको अवसर सृजना गर्न उद्यमीशीलता विकास कोष स्थापना गर्ने।

## रणनीति २: मागमा आधारित सीपमूलक र उद्यमशील तालिमहरूको सञ्चालन

- **कार्यक्रम २.१: स्थानीय आवश्यकतामा आधारित छोटो अवधिका तालिमहरू (वर्ष १-५)**
    - गाउँपालिका भित्रका युवा, महिला तथा बेरोजगार व्यक्तिहरूका लागि बाख्रापालन, मौरी पालन, अदुवा खेतीको उन्नत प्रविधि, कम्पोस्ट मल उत्पादन, बीउ प्रशोधन, कृषि औजार मर्मत सम्भार जस्ता सीपमूलक तालिमहरू सञ्चालन गर्ने।
    - डिजिटल साक्षरता, ई-कमर्स, साना व्यवसाय व्यवस्थापन, लेखापालन जस्ता उद्यमशीलता प्रवर्द्धन गर्ने तालिमहरू पनि समावेश गर्ने।
    - पर्यटन प्रवर्द्धनका लागि स्थानीय गाइड तालिम, होमस्टे व्यवस्थापन, सरसफाइ र आतिथ्य सत्कार सम्बन्धी तालिमहरू सञ्चालन गर्ने।
- **कार्यक्रम २.२: परम्परागत सीपको आधुनिकीकरण र व्यवसायीकरण (वर्ष १-३)**
    - गाउँपालिकामा रहेका परम्परागत सीपहरू (जस्तै: हस्तकला, बाँसका सामग्री निर्माण, चाकु/गुँदपाक उत्पादन, स्थानीय खाद्य परिकार) को अभिलेखीकरण गरी तिनीहरूलाई आधुनिक प्रविधि र बजारसँग जोडेर उद्यमशील बनाउने। यसमा प्याकेजिङ, ब्रान्डिङ र अनलाइन बजारीकरणको तालिम समावेश गर्ने।
- **कार्यक्रम २.३: प्रविधिमा आधारित सिकाइ (वर्ष ३-५)**
    - अनलाइन सिकाइ प्लेटफर्म, भर्चुअल रियालिटी (VR) र अगमेन्टेड रियालिटी (AR) जस्ता आधुनिक प्रविधिको प्रयोग गरी उन्नत सीप तालिमहरू प्रदान गर्ने सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्ने।

## रणनीति ३: संस्थागत क्षमता अभिवृद्धि र समन्वय

- **कार्यक्रम ३.१: प्रभावकारी अनुगमन र मूल्यांकन प्रणाली (वर्ष १-५)**
    - प्राविधिक शिक्षालय र तालिम केन्द्रहरूको नियमित अनुगमन, निरीक्षण र मूल्यांकन गर्न सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गर्ने।
    - मूल्यांकनबाट प्राप्त तथ्यांकलाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी नीति निर्माण र कार्यक्रम सुधारका लागि प्रयोग गर्ने।
- **कार्यक्रम ३.२: सार्वजनिक-निजी साझेदारी र सहकार्य (वर्ष १-५)**
    - प्राविधिक शिक्षा र तालिमको विकासमा निजी क्षेत्र, गैर-सरकारी संस्था, कृषि सहकारी र वित्तीय संस्थाहरूसँगको सहकार्य बढाउने।

शिक्षा योजना मस्यौदा

- स्थानीय उद्योग, कृषि फर्म र व्यवसायीहरूसँग समन्वय गरी इन्टर्नशिप र रोजगारीका अवसरहरू सिर्जना गर्ने।

- **कार्यक्रम ३.३: शिक्षक/प्रशिक्षकको क्षमता विकास (वर्ष १-५)**
  - प्राविधिक विद्यालयका शिक्षक र तालिमका प्रशिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, कार्यशाला र एक्सपोजर भ्रमणको व्यवस्था गर्ने।
  - उद्योग र बजारको माग अनुसार पाठ्यक्रम अद्यावधिक गर्ने कार्यमा शिक्षकहरूलाई संलग्न गराउने।

# ४. अपेक्षित उपलब्धिहरू

- प्राविधिक धारको विद्यालयमा **विद्यार्थीको आकर्षणमा कम्तीमा ५०% वृद्धि** हुनेछ।
- **'पढ्दै कमाउँदै' कार्यक्रम** मार्फत वार्षिक रूपमा कम्तीमा **५० जना विद्यार्थीले आय आर्जनको अवसर पाउनेछन्**।
- बाली विज्ञान विषयका विद्यार्थीहरू अदुवा खेती, रैथाने बाली उत्पादन र प्रशोधनमा **दक्ष भई कम्तीमा ३०% विद्यार्थीले स्थानीयस्तरमै स्वरोजगार वा रोजगारी प्राप्त गर्नेछन्**।
- कम्तीमा **१००० जना स्थानीय युवा तथा महिलाहरूले गाउँपालिकाको विशिष्टतामा आधारित सीपमूलक तालिम प्राप्त गर्नेछन्**, जसमध्ये कम्तीमा **३०% ले रोजगारी वा स्वरोजगार प्राप्त गर्नेछन्**।
- बाख्रापालन र मौरी पालनमा **कम्तीमा ५०० जना कृषकहरूले आधुनिक प्रविधि र सीप प्राप्त गरी आफ्नो उत्पादन र आम्दानीमा वृद्धि गर्नेछन्**।
- रैथाने बाली र अदुवा खेतीको उत्पादन, प्रशोधन र बजारीकरणमा **नयाँ उद्यमहरू सिर्जना भई कम्तीमा १० वटा साना तथा मझौला उद्योग (SMEs) स्थापना हुनेछन्**।
- गाउँपालिकामा प्राविधिक शिक्षाको **प्रभावकारी अनुगमन र मूल्यांकन प्रणाली स्थापित हुनेछ**।
- संघ, प्रदेश, निजी क्षेत्र र समुदायबीच प्राविधिक शिक्षाको विकासका लागि **सुदृढ समन्वय र सहकार्यको वातावरण बन्नेछ**।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा | १ | १ | १ | १ | १ |

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| | व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | | | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ९५ | १०० | १२५ | १३० | १४० |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम पूरा गर्नेको सङ्ख्या | ६५ | ७० | ९० | ११० | १२० |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त जनशक्तिले रोजगार प्राप्त गर्ने सङ्ख्या | २२ | ३० | ४५ | ५६ | ७५ |
| ५ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त जनशक्ति रोजगार हुने सङ्ख्या | ६५ | ७० | ९० | ११० | १२० |
| | | | | | | |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरू तलको तालिकामा दिइएको छ

| क सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक पुस्तकालयको संख्या | ० | १ | १ | १ | १ |

शिक्षा योजना सरकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | आधारभूत मापदण्ड पूरा गरेका सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | २ | २ | २ | २ | २ |
| ३ | समुदाय र सामुदायिक केन्द्रको सम्बन्ध बढाउने | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |
| ४ | समुदायसँग सामूहिक खेती सम्बन्धी छलफल अन्तरक्रिया गर्ने | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |
| ५ | अनौपचारिक शिक्षाको बारेमा ज्ञान भएका र शिक्षा प्राप्त गरेका व्यक्तिको बारेमा छलफल गर्ने | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |

## ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | सीपको प्रमाणीकरण | कक्षा | ८ | ८ | ८ | ८ | ८ | | |
| ३ | सामुदायिक अध्ययन केन्द्रको संख्या | वटा | २ | २ | २ | २ | २ | | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | | | | | | | |

# ३.५ अनौपचारिक तथा आजीवन सिकाइ

शिक्षा समाज रूपान्तरणको एक सशक्त माध्यम हो। औपचारिक शिक्षाका अवसरबाट वञ्चित समुदायका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा र आजीवन सिकाइको महत्त्व अझ बढी हुन्छ। सरुमारानी गाउँपालिका, प्यूठानमा कुल साक्षरता दर ७९.१% रहेको छ, जसमा पुरुष साक्षरता दर ८७% र महिला साक्षरता दर ७३% छ। कुल साक्षरता दर सन्तोषजनक भए तापनि पुरुषको तुलनामा महिला साक्षरता

शिक्षा योजना सरुमारानी

दर कम हुनु चिन्ताको विषय हो। यसका साथै, आधुनिक सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको महत्त्व पनि उत्तिकै छ। यस सन्दर्भमा, सरुमारानी गाउँपालिकामा सबै नागरिकलाई जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्न अनौपचारिक तथा वैकल्पिक शिक्षा र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्नु अपरिहार्य छ।

## १. वर्तमान अवस्था र चुनौतीहरू

सरुमारानी गाउँपालिकामा अनौपचारिक तथा वैकल्पिक शिक्षाको क्षेत्रमा रहेका मुख्य समस्या र चुनौतीहरू यस प्रकार छन्:

**समस्याहरू:**

- **कार्यात्मक साक्षरताको अभाव:** नवीनतम मान्यता अनुसार कार्यात्मक साक्षरताको अवधारणालाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसकिएको। केवल अक्षर चिन्नुलाई मात्र साक्षरता मान्दा त्यसको व्यावहारिक प्रयोगमा कमी देखिएको।
- **समन्वयको कमी:** अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैर-सरकारी संस्थाहरूबीच प्रभावकारी समन्वयको अभाव।
- **स्रोतको कमी:** नीतिगत एवं संस्थागत संरचना तथा साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरू पर्याप्त मात्रामा उपलब्ध गराउन नसकिएको।
- **तथ्याङ्कको अभाव:** बेरोजगार युवाहरूको वास्तविक तथ्याङ्कको अभावले शिक्षालाई सीपसँग जोड्ने कार्यक्रम तर्जुमा गर्न कठिनाइ।
- **महिला साक्षरतामा असमानता:** कुल साक्षरता दर राम्रो भए पनि पुरुषको तुलनामा महिला साक्षरता दर कम हुनु र यसलाई सम्बोधन गर्न विशेष कार्यक्रमहरूको अभाव।
- **डिजिटल साक्षरताको कमी:** आधुनिक सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको महत्त्व बढ्दै जाँदा यस क्षेत्रमा पर्याप्त ध्यान दिन नसकिएको।

**चुनौतीहरू:**

- **साक्षरता कायम राख्ने:** साक्षर गाउँपालिका घोषणा भएपछि बाँकी रहेका निरक्षर र बसाइँसराइका कारण निरन्तर थपिने निरक्षर व्यक्तिहरूका लागि साक्षरता कार्यक्रमहरू निरन्तर सञ्चालन गर्ने।
- **सामुदायिक सिकाइ केन्द्रको परिचालन:** आर्थिक रूपमा पछाडि परेका समुदायमा आयआर्जन र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने।
- **भौगोलिक विविधतामा कार्यक्रम:** गाउँपालिकाको वडा नं. १ र २ को समथर भूभाग तथा वडा नं. ३, ४, ५ र ६ को पहाडी भूभागको विविधता अनुसार कार्यक्रमहरूलाई अनुकूल बनाउने।

शिक्षा योजना सरुमारानी

## २. लक्ष्य र उद्देश्यहरू (५ वर्षका लागि)

**मुख्य लक्ष्य:** अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गरी समावेशी, समतामूलक र सूचना प्रविधिमैत्री समाजको निर्माण गर्ने।

**उद्देश्यहरू:**

- नियमित शिक्षाको अवसरबाट वञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम (साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षा) का माध्यमबाट सामाजिक तथा आर्थिक रूपमा सबलीकरण गराई जीवनयापन सहज र गुणस्तरीय बनाउने। महिला साक्षरता दर बढाउन विशेष जोड दिने।
- औपचारिक शिक्षासँग तादात्म्यता कायम राखी गाउँपालिकालाई साक्षर गाउँपालिकाको रूपमा कायम राख्ने।
- गाउँपालिकाभित्र सञ्चालित पुस्तकालय तथा सूचनालयहरूको क्षमता वृद्धि गरी पठन संस्कृति र डिजिटल साक्षरताको विकास गर्ने।
- सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी निरन्तर शिक्षा र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।

## ३. रणनीति तथा कार्यक्रमहरू

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि निम्न अनुसार रणनीति र कार्यनीतिहरू अवलम्बन गरी कार्यान्वयनमा सफलता प्राप्त गरिनेछ:

### रणनीति १: नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने

- **कार्यक्रम १.१: ज्ञान र सीपको अद्यावधिकीकरण तथा प्रमाणीकरण (वर्ष १-५)**
  - गाउँपालिकाभित्र रहेका किसान (विशेषगरी बाख्रापालन, मौरी पालन, अदुवा खेती, रैथाने बालीका किसान), मजदुर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपलाई अद्यावधिक गर्ने। सरकारी तथा गैर-सरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा उनीहरूलाई परिचालन गर्ने।
  - अनौपचारिक तथा वैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीपको परीक्षण र प्रमाणीकरण गरी औपचारिक शिक्षामा निरन्तरता वा व्यावसायिक प्रमाणपत्र हासिल गर्ने व्यवस्था मिलाउने।
- **कार्यक्रम १.२: जनचेतना र निरन्तर शिक्षाका कार्यक्रम विकास, उत्पादन तथा प्रसारण (वर्ष १-५)**
  - रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रमहरू सञ्चालन गर्ने। यसका लागि आवश्यक सामग्री उत्पादन र प्रसारण गर्न सञ्चार माध्यमहरूसँग सहकार्य गर्ने।
  - डिजिटल साक्षरता, इन्टरनेटको सुरक्षित प्रयोग, साइबर सुरक्षा र अनलाइन सेवाहरूको उपयोगसम्बन्धी विशेष तालिम र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

- **कार्यक्रम १.३: साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, जीवनपर्यन्त शिक्षा तथा लक्षित वर्गको आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन (वर्ष १-५)**
    - साक्षरता शिक्षा र साक्षरोत्तर शिक्षा सञ्चालनमा सरकारी एवं गैर-सरकारी संस्थाहरूसँग समन्वय गर्ने। महिलाहरूको साक्षरता दर बढाउन विशेष प्रोत्साहन र लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।
    - 'पढ्दै कमाउँदै' कार्यक्रमलाई अनौपचारिक शिक्षासँग जोड्दै स्थानीय कृषि उत्पादन (अदुवा, रैथाने बाली), पशुपालन (बाख्रा, मौरी) र अन्य स्थानीय सीपमा आधारित आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।
- **कार्यक्रम १.४: अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन (वर्ष १-५)**
    - बालबालिकाको शिक्षामा अभिभावकको भूमिका, लैंगिक समानता र डिजिटल साक्षरताको महत्त्वबारे अभिभावक शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

## रणनीति २: सामुदायिक सूचना केन्द्रको सुदृढीकरण

- **कार्यक्रम २.१: सामुदायिक सिकाइ केन्द्रको रूपमा विकास (वर्ष १-५)**
    - सामुदायिक सिकाइ केन्द्रलाई समुदायको सूचना स्रोतको रूपमा विकास गरी वडाका तथ्याङ्क स्रोतका रूपमा परिचालन गर्ने। निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकता अनुसार साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
    - 'एक वडा एक सामुदायिक सिकाइ केन्द्र' को अवधारणा कार्यान्वयन गरी समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय गर्ने। यी केन्द्रहरूलाई सूचना केन्द्रको रूपमा पनि विकास गर्ने।
- **कार्यक्रम २.२: सामुदायिक पुस्तकालय (ई-लाइब्रेरी समेत) सञ्चालन (वर्ष २-५)**
    - प्रत्येक वडामा कम्तीमा एउटा सामुदायिक पुस्तकालय (भौतिक र ई-लाइब्रेरी दुवै) सञ्चालन गर्ने। यसले पठन संस्कृतिको विकास, डिजिटल पहुँच र आजीवन सिकाइलाई बढावा दिनेछ।
    - ई-लाइब्रेरीमा स्थानीय कृषि, पशुपालन, उद्यमशीलता र सीप विकाससँग सम्बन्धित सामग्रीहरूलाई प्राथमिकता दिने।

# ४. प्रमुख कार्यक्रमहरू र कार्य जिम्मेवारी

| कार्यक्रमहरू | कार्य जिम्मेवारी |
|---|---|
| ज्ञान र सीपको अद्यावधिकीकरण तथा प्रमाणीकरण | गाउँपालिका, संघ र प्रदेश, निजी क्षेत्र र गैसस |
| जनचेतना र निरन्तर शिक्षाका कार्यक्रम विकास, उत्पादन तथा प्रसारण | गाउँपालिका, संघ र प्रदेश, निजी क्षेत्र र गैसस |

| | |
|---|---|
| साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, जीवनपर्यन्त शिक्षा तथा लक्षित वर्गको आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन | गाउँपालिका, संघ र प्रदेश, निजी क्षेत्र र गैसस |
| 'एक वडा एक सामुदायिक सिकाइ केन्द्र' को अवधारणा कार्यान्वयन | गाउँपालिका, संघ र प्रदेश, निजी क्षेत्र र गैसस |
| क्षेत्रभित्रको साक्षरतासम्बन्धी तथ्याङ्क व्यवस्थापन | गाउँपालिका |
| सामुदायिक पुस्तकालय (ई-लाइब्रेरी समेत) सञ्चालन | गाउँपालिका, निजी क्षेत्र र गैसस |
| अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन | गाउँपालिका |

## ५. अपेक्षित उपलब्धिहरू (५ वर्षमा)

- सरुमारानी गाउँपालिका, प्यूठान साक्षर गाउँपालिकाको रूपमा कायम रहनेछ।
- अनौपचारिक शिक्षासम्बन्धी तथ्याङ्क निरन्तर अद्यावधिक भएको हुनेछ र महिला साक्षरता दरमा उल्लेखनीय वृद्धि हुनेछ (लक्ष्य: कम्तीमा ८०%)।
- निरन्तर सिकाइका विभिन्न कार्यक्रमहरू नियमित सञ्चालन भएको हुनेछन्, जसमा डिजिटल साक्षरताका कार्यक्रमहरू प्रमुख रहनेछन्।
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना भई ती आ-आफ्नो सेवा क्षेत्रमा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य, रोजगारीसम्बन्धी सूचना र युवा तथा प्रौढहरूको आजीवन सिकाइको स्रोत केन्द्रका रूपमा विकास हुनेछन्।
- आयआर्जनका कार्यक्रमहरूबाट लक्षित समूह (विशेषगरी महिला) लाभान्वित भएको हुनेछन्।
- अनौपचारिक तथा वैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भई औपचारिक शिक्षामा निरन्तरता वा व्यावसायिक जीवनमा प्रवेश गर्न सहज हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

**योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक पुस्तकालयको संख्या थप गर्ने | ० | ० | ० | ० | ० | १ |
| २ | आधारभूत मापदण्ड पूरा गरेका सामुदायिक सिकाई केन्द्रको सङ्ख्या थप गर्ने | २ | ० | ० | ० | ० | ० |
| ३ | समुदाय र सामुदायिक | १ | १ | १ | १ | १ | १ |

शिक्षा योजना सरुमारानी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केन्द्रको सम्बन्ध बढाउने पटक | | | | | | |
| ४ | समुदायसँग सामूहिक खेती सम्बन्धी छलफल अन्तरक्रिया गर्ने | १ | १ | १ | १ | १ | १ |
| ५ | अनौपचारिक शिक्षाको बारेमा ज्ञान भएका र शिक्षा प्राप्त गरेका व्यक्तिको बारेमा छलफल गर्ने | १ | १ | १ | १ | १ | १ |

# ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | सीपको प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सामुदायिक अध्ययन केन्द्रको संख्या थप | वटा | ० | ० | ० | ० | ० | ० | |
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | |

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता नभएका व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने संख्या | ० | ३० | ४० | ५० | ५५ | ६० |
| २ | आधारभूत सुविधा सहितको सामुदायिक सिकाइ केन्द्रको सँख्या | २ | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सामुदायिक पुस्तकालयको सँख्या | ० | ० | ० | ० | ० | १ |
| ४ | निरन्तर, जीवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने पटक | ० | ० | १ | १ | १ | १ |
| ५ | लक्षित समूहका प्रौढ हरूलाई जिवनपयोगी सीपको विकास गरी सिकाइमा सहयोग गर्ने | ० | १५ | १५ | १५ | १५ | १५ |
| ६ | स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने | ० | १५ | १५ | १५ | १५ | १५ |
| ७ | अभिभावकहरु सगसगै अभियान मार्फत सवैलाइ विद्यालय शिक्षामा सहभागी गराउने पटक | १ | १ | १ | १ | १ | १ |

## ३. ५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलापहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | २ | २ | २ | २ | २ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | वटा | २ | २ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | आय आर्जन कार्यक्रम गर्नेहरुको संख्या | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ५ | सिपको प्रमाणीकरण | जना | १५ | १५ | १५ | १५ | १५ | ७५ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठचक्रम शिक्षा पद्धतिको प्राण हो, जसले शैक्षिक यात्रालाई मार्गनिर्देश गर्छ। यो केवल के पढाउने भन्ने सूची मात्र नभई, विद्यार्थीमा कस्ता क्षमता विकास गराउने, कसरी सिकाउने र सिकाइको गहिराई कसरी मापन गर्ने भन्ने विस्तृत खाका हो। सरुमारानी जस्तो स्थानमा, जहाँ स्थानीय ज्ञान र विश्वव्यापी प्रविधिबीचको सेतु आवश्यक छ, पाठचक्रमले हाम्रा पुर्खाका सीप र प्रविधिलाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रतिस्पर्धात्मक बनाउनुपर्छ।

यो दस्तावेजले शैक्षिक उद्देश्यहरू निर्धारण गर्छ, विद्यार्थीको रुचि र उमेर अनुसारको समसामयिक, वैज्ञानिक विषयवस्तु समेट्छ। प्रभावकारी शिक्षण विधि, प्रविधि, सामग्री र मूल्याङ्कन प्रक्रिया पनि यसैले तोक्छ। पाठचपुस्तक र शिक्षक निर्देशिकाको आधारस्तम्भ मानिने पाठचक्रमलाई राष्ट्रिय प्रारूप २०७६ को सिद्धान्त अनुरूप गतिशील र लचिलो बनाइनुपर्छ। यसमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र विश्वव्यापी ज्ञानलाई समावेश गर्दै सिकाइको स्तर सुनिश्चित गर्न मूल्याङ्कनमा विविधता ल्याउनु अनिवार्य छ। अन्ततः, पाठचक्रमले अपेक्षित, कार्यान्वित र सिकिएका पाठचक्रमबीच तालमेल मिलाई विद्यार्थीलाई वास्तविक जीवनका लागि तयार पार्नुपर्छ।

नेपालमा विक्रम संवत् २०२८ बाटै पाठचक्रमलाई शैक्षिक आधारशिला मानिँदै आएको छ। राष्ट्रिय पाठचक्रम प्रारूप २०७६ अनुसार विक्रम संवत् २०८० सम्म कक्षा १ देखि १२ सम्मका सबै विद्यालयमा नयाँ पाठचक्रम कार्यान्वयनमा आइसकेको छ। सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको छ भने कक्षा १ देखि ३ सम्मका विषयवस्तुलाई एकीकृत गरिएको छ। सबै कक्षामा अक्षराङ्क पद्धतिबाट मूल्याङ्कन गरिन्छ।

हाम्रो सरुमारानी गाउँपालिका, प्यूठानले शिक्षाको यो राष्ट्रिय प्रवाहमा आफ्नो छुट्टै पहिचान स्थापित गर्दै विक्रम संवत् २०८० देखि नै कक्षा १ देखि ३ सम्मको स्थानीय पाठचक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ, जसको पाठचपुस्तक निर्माण प्रक्रियामा छ। प्राथमिक (कक्षा ४-५) र आधारभूत तह (कक्षा ६-८) को पनि स्थानीय पाठचक्रम तयार भइसकेको छ। यो पहल सरुमारानीको मौलिक पहिचान, यहाँको अद्वितीय भौगोलिक विविधता (पहाडी र समथर दुवै क्षेत्रका

आवश्यकता), स्थानीय कृषि, पशुपालन र परम्परागत सीपहरू (जस्तै: बाख्रापालन, मौरी पालन, अदुवा खेती, रैथाने बाली) लाई शिक्षासँग जोड्ने एक जीवन्त सेतु हो। गाउँपालिकाको लक्षय यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्ति विकास गरी उनीहरूलाई डिजिटल युगका सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक बनाउनु हो।

पाठ्यक्रम विद्यालयद्वारा बालबालिकालाई प्रदान गरिने ज्ञान, सीप र अनुभवहरूको एक व्यवस्थित योजना हो, जसले समग्र शैक्षिक प्रणालीलाई मार्गदर्शन गर्दछ। यसलाई राष्ट्रिय प्रारूप अनुसार मुख्य, ऐच्छिक र स्थानीय पाठ्यक्रममा विभाजन गरिएको छ। कक्षा १ देखि ८ सम्म एक/एकवटा स्थानीय पाठ्यक्रम वा मातृभाषाको व्यवस्था गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ, जसले सरुमारानी जस्ता गाउँपालिकालाई आफ्ना **मौलिक विषयवस्तु** शिक्षामा समावेश गर्ने अवसर प्रदान गर्दछ।

**समस्या र चुनौतीहरू:**

सरुमारानीमा शिक्षालाई जीवनोपयोगी बनाउन अनलाइन सिकाइको कमी, प्रयोगात्मक शिक्षणमा शिक्षक क्षमताको अभाव, र पाठ्यक्रम प्रबोधीकरणको कमजोर अवस्था मुख्य चुनौती हुन्। सिकाइ सामग्रीको उत्पादन, सङ्कलन र प्रयोगमा विद्यालय र विद्यार्थीलाई सक्षम बनाउनु आवश्यक छ। विशेषगरी, स्थानीय परिवेश (भौगोलिक, सांस्कृतिक) अनुरूप **मौलिक विषय** को पाठ्यक्रम, शिक्षक निर्देशिका र स्रोत सामग्रीको विकास प्रमुख चुनौती हो। सूचना प्रविधिमा आधारित पाठ्यक्रम विकास, अनुसन्धानमा आधारित कक्षाकोठा क्रियाकलाप र मातृभाषा तथा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा शिक्षक सहयोग आदानप्रदानको अभाव पनि छ।

**उद्देश्यहरू**

क. सरुमारानीको विशिष्टता अनुरूप राष्ट्रिय तथा **मौलिक** स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु।

ख. स्थानीय आवश्यकता र बदलिँदो परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रम विकास तथा परिमार्जनका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु।

ग. सिकाइलाई गाउँपालिकाको दैनिक जीवन, स्थानीय पेसा (कृषि, पशुपालन, मौरी पालन) र उद्यमशीलतासँग प्रत्यक्ष सम्बन्धित गराउनु।

घ. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा विद्यार्थीमा स्थानीय ज्ञान, सीप र संस्कृतिलाई आत्मसात् गर्दै आधुनिक विश्व परिवेश अनुसारको ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु।

ङ. सिकारुका सिकाई समस्या समाधानउन्मुख, महिला साक्षरता र डिजिटल साक्षरतालाई समेत सम्बोधन गर्ने गरी निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।

च. गाउँपालिकाको भौगोलिक विविधता (पहाडी, समथर) र स्थानीय स्रोत (अदुवा, रैथाने बाली, बाख्रापालन) मा आधारित **मौलिक** स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

**४.१.३ माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि सरुमारानी गाउँपालिकाले अपनाउने रणनीतिहरू**

क. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र सोही अनुरूप विकसित पाठ्यक्रमका साथै सरुमारानीका **मौलिक विषय** समेटिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

ख. विकसित **मौलिक स्थानीय पाठचक्रम** र पाठ्यसामग्रीबारे सम्बन्धित शिक्षक र सरोकारवालाहरूलाई स्थानीय परिवेश सुहाउँदो प्रबोधीकरण गर्ने।

ग. पाठचक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत र पेशागत सक्षमता अभिवृद्धि गर्दै डिजिटल साक्षरता तथा प्रयोगात्मक सीप विकासमा जोड दिने।

घ. विपद्, महामारी वा सङ्कटमा वैकल्पिक शिक्षण विधि (स्थानीय सञ्चार माध्यम, समुदायमा आधारित सिकाइ) को प्रयोग गर्ने।

ङ. शिक्षकका लागि **मौलिक विषय** सम्बन्धी शिक्षक निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि गाउँपालिकाको सन्दर्भमा आधारित स्व-अध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध गराउने।

च. शिक्षकको पेशागत क्षमता विकासमा **मौलिक विषयवस्तु** र स्थानीय शैक्षिक आवश्यकतालाई प्राथमिकता दिने।

छ. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई **स्थानीय सन्दर्भ** अनुसार संस्थागत गर्ने।

ज. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई, विशेषगरी महिला र सीमान्तकृत समुदायका विद्यार्थीलाई, सहयोग गर्ने व्यवस्था मिलाउने।

झ. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउँदै डिजिटल साक्षरतालाई अनिवार्य गर्ने।

ञ. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी **मौलिक विषय** को शिक्षणमा सहजीकरण गर्ने।

ट. **मौलिक** स्थानीय पाठचक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरी स्थानीय ज्ञानको संरक्षण र प्रवर्द्धन गर्ने।

ठ. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी **मौलिक स्थानीय पाठचक्रम** को प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने।

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार हुनेछन्:

१. सरुमारानीको **मौलिक विषय** समेटिएको पाठचक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा स्थानीय ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भई आत्मनिर्भरता बढ्नेछ।

२. गाउँपालिकाको भौगोलिक विविधता (पहाडी र समथर क्षेत्र) र स्थानीय स्रोतसाधन (अदुवा, बाख्रापालन, मौरी पालन, रैथाने बाली) लाई समेट्ने **मौलिक स्थानीय पाठचक्रम** र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

३. महिला साक्षरता र डिजिटल साक्षरतालाई समेत ध्यानमा राखी निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ।

४. पाठचक्रम विकास केन्द्रद्वारा तोकिएको राष्ट्रिय पाठचक्रमका साथै गाउँपालिकाद्वारा निर्मित **मौलिक स्थानीय पाठचक्रम** अनिवार्य रूपमा लागू हुनेछ।

शिक्षा योजना सरुमारानी

५. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवं समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई **सरुमारानीको सन्दर्भमा** संस्थागत गरेको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

***योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू***

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन हुने कक्षा | कक्षा १-५ | कक्षा १-५ | कक्षा१-८ | कक्षा१-८ | कक्षा१-८ | कक्षा१-८ |
| २ | पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने कक्षा | कक्षा १-५ | कक्षा १-५ | कक्षा१-८ | कक्षा१-८ | कक्षा१-८ | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन गरी | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक |

शिक्षा योजना सरुमारानी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउने पटक | | | | | | |
| ४ | पाठ्यक्रम को कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने कक्षा | कक्षा १-५ | कक्षा १-५ | कक्षा१-८ | कक्षा१-८ | कक्षा१-८ | कक्षा१-८ |
| ५ | सिकारुका सिकाई समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक | ३ पटक |
| ६ | शिक्षण गर्दा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक |
| ७ | विभिन्न online portal, स्रोत | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामग्रीहरु को प्रयोग गरी शिक्षण गर्ने | | | | | | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रम अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक पेशागत सहयोग | जना | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | |
| ४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | डिजिटल सामग्रीको प्रयोग गरी शिक्षण | वटा | १० | १५ | २१ | २७ | ३३ | ३३ | |
| ६ | विद्यालयमा शिक्षण सिकाई सामग्री सन्दर्भ सामग्री तथा शैक्षिक सामग्रीको उपलब्धता अभिमुखीकरण र प्रयोग | वटा | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | |
| ७ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ८ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद संकलन निर्माण तथा प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै पाठ्यक्रम शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्री उपलब्धता र प्रयोग गर्ने विद्यालय | संख्या | १७ | २२ | २७ | ३० | ३३ | ३३ | |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ वर्तमान अवस्था

**शिक्षक व्यवस्थापन र विकास**

गुणस्तरीय शिक्षाको प्रमुख तत्त्व शिक्षक हो। यसका लागि शिक्षकहरूको उचित व्यवस्थापन र विकास गर्नुपर्दछ। श्रम बजारमा भएको जनशक्तिलाई शिक्षण पेशाप्रति आकर्षण बढाउने र कार्यरत शिक्षकहरूको क्षमता विकासमार्फत शिक्षण पेशाप्रतिको उत्तरदायित्वको भावना बढाउन अहिलको आवश्यकता हो। शिक्षकको गुणस्तरको मात्रा पनि प्रत्यक्ष र रूपले शिक्षकको तयारी, विकास र व्यवस्थापनसँग सम्बन्धित हुन्छ। शिक्षासम्बन्धी विभिन्न प्रतिवेदनहरूले शिक्षक व्यवस्थापनका लागि शिक्षकको प्राज्ञिक योग्यता र तालिमलाई अधिक महत्त्व दिएका छन्। विद्यालय तहका शिक्षकका लागि अध्यापन अनुमतिपत्रको व्यवस्था गर्ने र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था रहेको छ। यसैगरी, हाल शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विद्यालय शिक्षक किताबखाना, शिक्षा विकास निर्देशनालय र शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालय संलग्न रहेका छन्।

**समस्या तथा चुनौतीहरू**

**समस्याहरूः**

- दक्ष शिक्षकहरूलाई आकर्षण गर्न र टिकाउनका लागि वृत्ति विकासका अवसरहरू कम हुनु।
- शिक्षक व्यवस्थापनमा विद्यालय, स्थानीय तह, प्रदेश र सङ्घीय तहबाट गर्नुपर्दा एकआपसमा समन्वयमा कमी हुनु।
- प्राविधिक शिक्षा र विज्ञान विषयका शिक्षकहरूलाई अध्यापन अनुमतिपत्रको व्यवस्था अनिवार्य नहुनु।
- प्राविधिक शिक्षा सञ्चालनमा रहेका विद्यालयका शिक्षकहरूलाई तालिममा समेट्न नसक्नु समस्याका रूपमा रहेका छन्।

**चुनौतीहरूः**

- आधारभूत तहमा विषयगत शिक्षकको सङ्ख्या सन्तुलित गर्नु ।
- तालिममा सिकेका ज्ञान तथा सीप कक्षा कोठामा प्रयोग गर्नु।
- शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाउनु ।
- विद्यालय सुपरिवेक्षण तथा सहयोग प्रणालीको विकास तथा कार्यान्वयमा ल्याउनु ।
- दण्ड र पुरस्कार प्रणालीको विकास र कार्यान्वयन तथा शिक्षालाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु चुनौतीका रूपमा रहेका छन्।

**लक्ष्य**

शिक्षकको पेसागत दक्षता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।

**उद्देश्य**

क) शिक्षक व्यवस्थापनलाई चुस्त बनाई विषयगत शिक्षकको उपलब्धताका लागि वैकल्पिक उपायहरू अवलम्बन गर्नु।

ख) शिक्षकलाई बालबालिकाको सिकाइप्रति जवाफदेही बनाउनु।

ग) शिक्षकको पेशागत विकास एवम् अनुभव आदानप्रदानका अवसर प्रदान गर्नु।

## रणनीति तथा कार्यनीतिहरू



शिक्षा योजना सम्मानी

**१. शिक्षक तथा प्रधानाध्यपक व्यवस्थापनलाई चुस्त बनाउनः**

क) सरुमारानी गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापनमा प्रविधिको प्रयोग गरिनेछ।

ख) शिक्षक छनोट, भर्ना, बढुवा, तालिम, मूल्याङ्कन तथा प्रोत्साहन प्रणालीलाई पारदर्शी एवम् अनुमानयोग्य बनाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

ग) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनका लागि थप वैज्ञानिक र पूर्वानुमान योग्य बनाउन सङ्घ र प्रदेशसँग सहकार्य गरिनेछ।

घ) उत्कृष्ट शिक्षक, कर्मचारी र प्रधानाध्यापकलाई वार्षिक रूपमा प्रमाणपत्र तथा नगद पुरस्कारबाट सम्मान गरी प्रोत्साहन गरिनेछ।

ङ) शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारीको पुरस्कार तथा दण्ड सजायको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

च) आबश्यक कार्यबिधि तयार गरी पालिका अन्तरगतका विद्यालयहरुमा अन्तर विद्यालय शिक्षकहरुको दरबन्दी मिलान गरी प्रभाबकारी कार्यन्वयनमा लगिने छ ।

छ) प्रत्येक विद्यालयमा सम्वन्धित तहमा कार्यरत शिक्षकहरुमध्ये न्युनतम शैक्षिक योग्गता पुगेका शिक्षकहरुबाट जेष्ठताका आधारमा प्रधानाध्यपकको ब्याबस्थापन गरिने छ । साथै प्रधानाध्यापकलाई कम्तिमा ५/५ बर्षपछि फरक अर्को विद्यालयमा प्रधानाध्यपकको जिम्मेवारी प्रदान गरी पठाउने ब्यबस्थाको प्रभावकारी कार्यन्वयन गरिने छ ।

**२. विद्यालयमा कक्षागत र विषयगत शिक्षक उपलब्ध गराउनेः**

क) विविध कारणले शिक्षक बिदामा रहेको बेलामा वा दरबन्दी पूर्तिको क्रममा रहेको बेलामा विद्यालयमा शिक्षक अभाव हुन नदिन तथा विधागत रूपमा विशेष दक्षता आवश्यक पर्ने विषयवस्तु शिक्षण सिकाइका लागि घुम्ती शिक्षकको व्यवस्थापन वा परिचालन गरिनेछ।

ख) स्वयंसेवक शिक्षक एवम् विज्ञको समूह सूची (रोस्टर) निर्माण गरी विद्यालयमा शिक्षण गर्ने अवसर दिई प्रोत्साहन गरिनेछ।

ग) उपलब्ध शिक्षक दरबन्दी अपुग भएको अवस्थामा दीर्घकालीन रूपमा सम्बोधन गर्ने आवश्यक न्यूनतम दरबन्दीको अभावपूर्तिका लागि सङ्घ तथा प्रदेशसँग आवश्यक समन्वय गरी थप दरबन्दी व्यवस्थापन गरिनेछ।

**३. प्रधानाध्यापक तथा शिक्षकको पेसागत दक्षता विकास गर्नेः**

क) नवनियुक्त शिक्षक, प्रधानाध्यापक तथा युवा स्वयंसेवक शिक्षकहरूलाई अभिमुखीकरण गरी कार्यस्थलमा पठाइनेछ।

ख) आवश्यकताअनुसार एवम् मागमा आधारित पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकहरूको पेशागत सक्षमता अभिवृद्धि गरिनेछ।

ग) विषयगत समिति तथा स्वयंसेवक विज्ञ समूह निर्माण गरी कार्यस्थलमा आधारित नियमित, आकस्मिक र आमन्त्रित स्वरूपको शिक्षक सहयोग एवम् सुपरिवेक्षण प्रणाली अवलम्बन गरिनेछ।

घ) शिक्षकहरूको क्षमता विकासका लागि विषयगत/विषयवस्तुगत आधारमा सिकाइका लागि अनलाइन/आमनेसामने सम्मेलन, गोष्ठी र कार्यशाला सञ्चालन गरी सिकाइका अवसरहरू प्रदान गरिनेछ।

ङ) निजी तथा गैरसरकारी संस्थाहरूसमेतको सहकार्यमा शिक्षकहरूको क्षमता विकासका लागि तालिमहरू सञ्चालन गरिनेछ।

**४. प्रधानाध्यापक तथा शिक्षकलाई बालबालिकाको सिकाइप्रति जिम्मेवार बनाउने:**

क) प्रधानाध्यापकलाई विद्यालयको समग्र नतिजाप्रति र शिक्षकलाई आफूले अध्यापन गरेको विषय र कक्षाको विद्यार्थी सिकाइ उपलब्धि तथा नतिजाप्रति उत्तरदायी बनाइनेछ।

ख) विद्यालयका प्रधानाध्यापकहरूसँग गाउँपालिकाको शिक्षा शाखाले र विद्यालयका शिक्षकहरूसँग विद्यालयका प्रधानाध्यापकले निर्धारित सूचकका आधारमा कार्यसम्पादन करार सम्झौता गरी हासिल उपलब्धिलाई प्रोत्साहन पद्धतिसँग आबद्ध गरिनेछ।

ग) प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरिनेछ।

**५. पेशागत क्षमता विकासका लागि अनलाइन/भर्चुअल माध्यमका तालिम र शिक्षक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने:**

क) माग र आवश्यकताका आधारमा अनलाइन/भर्चुअल तालिम सञ्चालन गर्ने संयन्त्र विकास गरी तालिम सञ्चालन गरिनेछ।

ख) अनलाइन/अफलाइन सामग्री विकासका अतिरिक्त एप्सहरूको विकास र प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

ग) अनलाइन मार्फत शिक्षकहरूका लागि योग्यता वृद्धि तथा तालिमका लागि Professional degree तथा तालिमका कार्यक्रमहरू सञ्चालन गर्न खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य र साझेदारी गरिनेछ।

घ) शिक्षकहरूका अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ।

ङ) प्रधानाध्यापक र शिक्षकहरूका लागि असल अभ्यासको आदानप्रदान गर्ने अवसर प्रदान गर्न अन्तरक्रिया तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यक्रमहरू**

| **क्र.सं.** | **कार्यक्रमहरू** | **गाउँपालिका** | **सङ्घ र प्रदेशसँगको समन्वय** | **निजी क्षेत्र र गैससँगको सहकार्य** | **विद्यालय** |
|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक तथा शिक्षकहरूको अभिलेख व्यवस्थापन | √ | | | √ |
| २ | शिक्षक व्यवस्थापन तथा पुरस्कार, दण्डसम्बन्धी कानुन निर्माण तथा परिमार्जन | √ | √ | √ | |
| ३ | शिक्षक प्रोत्साहन कार्यक्रम | √ | | √ | |
| ४ | युवा स्वयंसेवक तथा घुम्ती शिक्षक | √ | √ | √ | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | |
| ५ | शिक्षक अभिमुखीकरण तथा कार्यस्थलमा आधारित सहयोग | √ | | √ | |
| ६ | मागमा आधारित पुनर्ताजगी तालिम | √ | √ | √ | |
| ७ | विषयगत समिति तथा स्वयंसेवक विज्ञ समूह मार्फत कार्यस्थलमा आधारित शिक्षक सहयोग एवम् सुपरिवेक्षण | √ | | √ | √ |
| ८ | अनलाइन/आमनेसामने सम्मेलन, गोष्ठी र कार्यशाला सञ्चालन | √ | √ | √ | √ |
| ९ | सूचकका आधारमा प्रधानाध्यापक तथा शिक्षक प्रोत्साहन | √ | √ | | |
| १० | प्रधानाध्यापक र शिक्षकसँग कार्यसम्पादन करार सम्झौता र यसको कार्यान्वयन | √ | | √ | √ |
| ११ | प्रविधिमा आधारित अनुगमन तथा शिक्षक सहयोग प्रणाली कार्यान्वयन | √ | √ | √ | √ |
| १२ | शिक्षकको पेशागत दक्षता अभिवृद्धिका लागि खुला विश्वविद्यालय तथा विश्वविद्यालयहरूसँग सहकार्य | √ | √ | √ | |
| १३ | शिक्षक जर्नल विकास तथा प्रकाशन | √ | √ | √ | |
| १४ | असल अभ्यासको आदानप्रदान | √ | √ | √ | |

**अपेक्षित उपलब्धिहरू**

१. शिक्षक व्यवस्थापन चुस्त एवम् पारदर्शी हुनेछ।

२. युवा स्वयंसेवक तथा घुम्ती शिक्षकको व्यवस्थापन भएको हुनेछ।

३. प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकास भएको हुनेछ।

४. तालिम सञ्चालनको सम्बन्धमा विद्यालय, निजी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य भएको हुनेछ।

५. सूचकका आधारमा प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन/सुपरिवेक्षण र पेशागत सहयोग संयन्त्रको विकास र परिचालन भएको हुनेछ।

६. अनुगमन, सुपरिवेक्षण र पेशागत सहयोगबाट सिकाइ वातावरणमा सुधार भएको हुनेछ।

७. अनलाइन/भर्चुअल पद्धति मार्फत शिक्षकको पेशागत क्षमता विकास भएको हुनेछ।

८. प्रत्येक वर्ष मापदण्डका आधारमा उत्कृष्ट विद्यालय शिक्षक, कर्मचारी एवम् प्रधानाध्यापक सरुमारानी गाउँपालिकाबाट सम्मानित भएको हुनेछ।

९. शिक्षकको व्यक्तिगत विवरण अभिलेख डिजिटाइजेसन भई व्यवस्थित भएको हुनेछ।

१०. शैक्षिक प्रशासन शाखाबाट अनुसन्धानमूलक जर्नल प्रकाशन भएको हुनेछ।

शिक्षा योजना सरुमारानी

११. विद्यालय एवम् मेन्टरिङमा आधारित तालिका पद्धतिको विकास भई सञ्चालन भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | उपयुक्त प्रधानाध्यापक व्यवस्थापन संख्या | १२ | १२ | १५ | ३३ | ३३ | ३३ |
| २ | शिक्षक दरवन्दि मिलान पटक | ० | ० | १ | १ | १ | १ |
| ३ | तहगत योग्यता प्राप्त शिक्षक **(%)** | ९५ | ९५ | १०० | १०० | १०० | १०० |
| ४ | तालिम प्राप्त शिक्षक | ९५% | ९७% | ९८% | १००% | १००% | १००% |
| ५ | प्रविधियुक्त शिक्षण सिकाई सञ्चालन गरेका विद्यालय | १० | १५ | १९ | २३ | २७ | ३३ |
| ६ | शिक्षक विद्यार्थी निर्मित शैक्षिक सामग्रीको निर्माण र प्रयोग संख्या | ११ | १३ | १९ | २५ | २८ | ३३ |
| ७ | सूचना तथा प्रविधि | ४५ | ६५ | ८० | ९६ | ९९ | १०० |

शिक्षा योजना सम्भारानी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक | | | | | | |

## ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा सरुमारानी गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाई कार्यान्वयन गरिने | वटा | १ | १ | १ | १ | १ | ५ | |
| २ | गाउँपालिकाका सबै शिक्षकको स्वास्थ्य बीमा अनिवार्य गरिने | प्रतिशत | १५ | २५ | ४५ | ७५ | १०० | १०० | |
| ३ | स्थानीय तहबाट महङ्गी, यातायात, खाजा खर्च, सञ्चार खर्च आदिको व्यवस्था गरेर शिक्षकको सेवा सुविधालाई अझै आकर्षक बनाउने | प्रतिशत | ० | ११ | १०० | १०० | १०० | १०० | |
| ४ | बाल विकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदुरले पाउनुपर्ने सुविधामा नघटाई संघले दिएको सुविधामा थप गरी तलव भत्ता उपलब्ध गराउने | प्रतिशत | ६६ | १०० | १०० | १०० | १०० | १०० | |
| ५ | अपाङ्गता भएका व्यक्ति, महिला सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेशामा सहभागी गराउन सक्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने | पटक | ० | १ | १ | १ | १ | ४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नयाँ नियुक्ति पाएका शिक्षकलाई छोटो अवधिको सेवा प्रवेश तालिम सञ्चालन गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा कम्तिमा एउटा सुविधायुक्त आइसिटी ल्याब विज्ञान प्रयोगशाला तथा पुस्तकालयको प्रबन्ध गरिने | वटा | ८ | १० | १० | १० | १० | १० | |
| ८ | स्थानीय तहमा शिक्षक पेशागत सहयोग मार्गदर्शन कार्यविधिको कार्यान्वयन गरिने | वटा | ० | १ | १ | १ | १ | १ | |
| ९ | शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन र सहपाठी अवलोकन गरिने | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| १० | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी पेशागत दक्षता अभिवृद्धि गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ११ | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि प्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन गर्न प्राध्यापकलाई जिम्मेवार बनाइने | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | |

शिक्षा योजना सम्भारानी

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपालको संविधान २०७२ ले नेपाललाई समावेशी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। यसैगरी, राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा आरक्षण कोटाको व्यवस्था गरेको छ। नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्वीकार गरेको छ।

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको देश हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिका समुदायहरूको बसोबास छ। यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि छन्। उदाहरणका लागि, दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदाय ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ। भौगोलिक विकटता, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ। यसले गर्दा यी वर्गका साथै विभिन्न किसिमका अपाङ्गता भएका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागिता बढाउन थप प्रयास आवश्यक छ।

बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ। यस प्रकार शिक्षामा विविधता, समता र समावेशिताको संवर्द्धन गर्न आवश्यक छ। शिक्षामा सबैको पहुँच, सामाजिक न्याय तथा सहभागिताको अधिकार सुनिश्चित गर्नु अत्यावश्यक छ।

---

## ४.३.१ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष व्यवस्था स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छत्रेश्वरी विद्यालय प्रक्रियाको स्थापना र वि.सं. २०२१ मा ल्याबोरेटरी स्कूलमा बहिरा बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ। यसैगरी, वि.सं. २०२५ देखि खड्गबहादुर बस्नेतको अगुवाइमा स्थापित भएको नेपाल अपाङ्ग आधारभूत नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवासीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवासीय विधिको सुरुवात भएको थियो। अपाङ्गता भएका व्यक्तिको व्यवहार तथा संरक्षण हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भइरहेको छ। शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ। बालिका तथा महिला शिक्षामा वि.सं. २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले वञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गर्न योजनाबद्ध प्रयास सुरु भएको थियो।

नेपाल सरकारले विद्यालय शिक्षामा छात्रा र दलित समूहको सहभागिता अभिवृद्धिका लागि केही छात्रवृत्तिको व्यवस्था गर्‍यो। यो छात्रवृत्ति कार्यक्रमले विद्यालय तहमा छात्रा र दलित लगायत अन्य समूहको भर्ना दर उल्लेख्य रूपमा बढेको अवस्था छ। यसका अतिरिक्त अपाङ्गता भएका विद्यार्थी, लोपोन्मुख र सीमान्तकृत समुदायका विद्यार्थी, गरिब तथा विपन्न विद्यार्थी, पीडित विद्यार्थी र सहिद परिवारका विद्यार्थीका निम्ति समेत विशेष छात्रवृत्तिको व्यवस्था छ। छात्रवृत्तिको आवासीय योजनाका निम्ति पनि व्यवस्था गरिएको छ, जसमा छात्राहरूका लागि फिडर छात्रावास, अपाङ्गता भएका विद्यार्थीहरूका निम्ति छात्रावास, कलहहरूका निम्ति छात्रावास, मोडल छात्रावास, हिमाली छात्रावास, लोपोन्मुख तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका निम्ति छात्रावास, सडक बालबालिका तथा श्रमिक बालबालिकाहरूका निम्ति छात्रावास आदि कार्यक्रममा संलग्न विद्यार्थीलाई मासिक चार हजार रुपैयाँ संघीय सरकारले प्रदान गर्ने व्यवस्था गरेको छ।

**सरुमारानी गाउँपालिकामा** अपाङ्गता भएका बालबालिका र आर्थिक सामाजिक रूपमा वञ्चितीकरणमा परेका बालबालिकाहरू उल्लेख्य मात्रामा छन्। अपाङ्गता भएका बालबालिका र दलित तथा विपन्न समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा अझै समान पहुँच छैन। उनीहरूको सिकाइ उपलब्धि पनि कमजोर

देखिन्छ। माध्यमिक तहको शिक्षामा छात्राहरूको विद्यालय छोड्ने दर उच्च छ। शिक्षामा पहुँच र अर्थपूर्ण समावेशीकरण अझै आवश्यक छ।

**४.३.१.१ वर्तमान अवस्था (थप विवरण सरुमारानीको सन्दर्भमा):** नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष व्यवस्था स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छत्लाङ्ग विद्यापीठको स्थापना र वि.सं. २०२१ मा ल्याबोरेटरी स्कूलमा बहिरा बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भइ हालसम्म सञ्चालित छ। शिक्षा नियमावली २०२८ अनुरूप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ।

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्न सम्बन्धी संयन्त्र, संयुक्त राष्ट्र संघीय प्रामाणिक नियमहरू सन् १९९३, एसिया तथा प्रशान्तका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३–२००२, सालामाका घोषणा सन् १९९४, तथा महिला विरुद्ध हुने सब प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७७ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ। यी सम्पूर्ण महासन्धि एवं घोषणाहरूले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने तथा अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउन हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउन हक हुने व्यवस्था गरेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। **सरुमारानी गाउँपालिकाले** अपाङ्गता भएका बालबालिका, छात्रा, दलित, जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवं आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढाउन मद्दत पुगेको देखिन्छ। स्रोत कक्षा, विशेष विद्यालय तथा समावेशी विद्यालयबाट समेत अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन्। २०७८ सालको जनगणना अनुसार **सरुमारानी गाउँपालिकामा १.२७ प्रतिशत अपाङ्गता भएकाको जनसंख्या छ**, जसमा महिला ४०.५६ र पुरुष ५९.४४ प्रतिशत छन्।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैङ्गिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स आदि कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन।

**सरुमारानी गाउँपालिकामा** अनाथ, घरेलु हिंसा पीडित, विपन्न, सहिद परिवार, युद्ध पीडित/घाइते, अपाङ्गता भएका सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गतामैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ। तर पनि **समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी** छ। यस गाउँपालिकामा अपाङ्गता भएका बालबालिकाहरूका लागि **स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा** अहिले पनि शिक्षाको मूलधारमा आउन सकेको देखिँदैन।

**मुख्य समस्या र चुनौती:**

- **पहुँच र उपलब्धिमा असमानता:** विद्यालय बाहिर रहेका, बीचमा विद्यालय छाडेका, तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्न आवश्यक देखिएको छ।
- **कमजोर वर्गको पहुँच:** विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्न, विद्यालयका पूर्वाधारहरूलाई **छात्रामैत्री र अपाङ्गतामैत्री** बनाउन र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गर्न यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरू हुन्।

- **अवसरहरूको सदुपयोग:** नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क तथा अपाङ्गता भएका बालबालिकाहरूलाई निःशुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था छ। छात्रा र दलित एवं सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्ने, विद्यालय एवं कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै गएको छ। **सरुमारानी गाउँपालिकाले** कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेलेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका महत्त्वपूर्ण अवसरहरू हुन्।

## ४.३.२ उद्देश्यहरू:

१. **सबैको पहुँच र समावेशीकरण:** सरुमारानी गाउँपालिकाको विद्यालय शिक्षामा **सबैको पहुँच र समावेशीकरण** सुनिश्चित गर्ने।

२. **हिंसा तथा विभेदमुक्त वातावरण:** विद्यालयमा **कुनै पनि प्रकारको हिंसा, विभेद र दुर्व्यवहारविनाको वातावरण** सिर्जना गर्ने।

३. **गुणस्तर सुधार:** अपाङ्गता भएका बालबालिका र आर्थिक-सामाजिक रूपमा सीमान्तकृत बालबालिकाहरूको **सिकाइमा सहभागिता वृद्धि गरी शिक्षाको गुणस्तर** सुधार गर्ने।

## ४.३.३ रणनीतिहरू

१. **गुणस्तरीय शिक्षाको सुनिश्चितता:** विद्यालय शिक्षामा **समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबै बालबालिकालाई गुणस्तरीय शिक्षा** सुनिश्चित गरिनेछ।

२. **समस्याको पहिचान र सम्बोधन:** अनुसन्धान र सहयोगबाट बालबालिकाको अवस्था र समस्या पहिचान गरी शिक्षामा पहुँच र समावेशीकरणका लागि **उपयुक्त व्यवस्था मिलाइनेछ**।

३. **आधारभूत सुविधाको व्यवस्था:** दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, विद्यालय पोसाक आदि उपलब्ध गराई **विद्यालयमा सबैको पहुँच** सुनिश्चित गरिनेछ।

४. **समावेशी पूर्वाधार:** विद्यालयको **भौतिक तथा शैक्षिक वातावरण लैङ्गिक र अपाङ्गतामैत्री** बनाइनेछ।

५. **समावेशी सहभागिता:** विद्यालयका **हरेक गतिविधिमा समावेशी सहभागिता**को व्यवस्था मिलाइनेछ।



शिक्षा आजको सक्षमता

# ४.३.4 प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण र सोअनुसारको बैकल्पिक शैक्षिक कार्यक्रम मार्फत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| २ | अपाङ्गता भएका बालबालिकाको वर्गीकरणका आधारमा अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | सबै आधारभूत विद्यालयहरूमा भवन कक्षाकोठा फर्निचर प्रयोगशाला शौचालय पानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिक मैत्री बनाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सिकाइ सहजीकरणमा संचार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गरिने विद्यालय सँख्या | सङ्ख्या | १८ | २३ | २६ | २९ | ३१ | ३३ | |
| ६ | विपन्न, असहाय एवम् अनाथ बालबालिकाको तथ्याक अध्यावधिक गरि त्यस्ता बालवालिकाहरुलाइ विशेष सहयोगको व्यवस्था मिलाउने | विद्यार्थी सङ्ख्या | २३ | २९ | २९ | २९ | २९ | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबीच जवाफदेहिता सहितको कार्यगत समन्वय गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | लैङ्गिक सञ्जाललाई वडा र विद्यालयसम्म विस्तार गरी बालविवाह लैङ्गिक हिंसा जातीय विभेद कुप्रथा आदि विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरिने | पटक | १ | १ | १ | १ | १ | ५ | |

# ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

विद्यालयमा पहुँच बढाउन होस् अथवा विद्यालयको शैक्षिक गुणस्तर माथि उठाउन, **विद्यालय स्वास्थ्य र पोषणको महत्त्वपूर्ण भूमिका** हुन्छ। यो बालबालिकाको विकास र सिकाइसँग प्रत्यक्ष जोडिएको छ। विद्यालयमा स्वास्थ्य र पोषणको अवस्था राम्रो भएमा बालबालिकालाई सिकाइ सहभागिता बढाउन र उपलब्धि सुधार गर्न सहयोग पुग्दछ। विद्यालयमा आधारित स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमले विद्यार्थी भर्ना तथा विद्यालय छोड्ने दर घटाउन, टिकाउदर बढाउन र अपेक्षित सिकाइ उपलब्धि सुधार गर्न योगदान गर्दछ। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यान्न सम्बन्धी अधिकार, खाद्य सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६ र बालबालिका सम्बन्धी ऐन २०७५ ले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी अधिकार स्थापित गरेको छ।

## ४.४.१ वर्तमान अवस्था

नेपालमा सन् १९७४ मा विश्व खाद्य कार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रमको शुभारम्भ भएकोमा हालसम्म विभिन्न चरण र मात्रामा सञ्चालन हुँदै आएको छ। हाल सामुदायिक विद्यालयमा पूर्व-प्राथमिकदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ।

दिवा खाजाले शैक्षिक पहुँच, पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा अनुसन्धानहरूले देखाएका छन्। यद्यपि, नीति तथा नियामक ढाँचा, संरचनागत डिजाइन तथा कार्यान्वयनको अवस्था भने सन्तोषजनक देखिँदैन। पर्याप्त समन्वय र बजेटका कारण दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न सकिएको छैन, जसले गर्दा समावेशी बहु-पोषक तत्त्वहरूलाई स्थानीय स्तरमा तयार गर्न सकिएको छैन।

## ४.४.२ उद्देश्यहरू

सरुमारानी गाउँपालिकामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका मुख्य उद्देश्यहरू निम्न लिखित छन्:

- **स्थानीय पौष्टिक आहारको सुनिश्चितता:** बालबालिकालाई **स्थानीय उत्पादनमा आधारित स्वस्थ एवं पौष्टिक खाजा**को नियमित उपलब्धता सुनिश्चित गर्ने।
- **स्वास्थ्य र सरसफाइको गुणस्तर वृद्धि:** विद्यालयमा बालबालिकाको **स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवाहरूमा** गुणस्तर वृद्धि गर्ने।
- **प्राथमिक उपचारको व्यवस्था:** विद्यालयमा **प्राथमिक उपचार किट, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरूको उपलब्धता र प्रयोग** सुनिश्चित गर्ने।
- **स्वस्थ व्यवहारलाई प्रोत्साहन:** विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका **स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहारलाई** प्रोत्साहन गर्ने।
- **अभिभावकको सचेतना र सहभागिता:** बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी **अभिभावकको चेतना र सहभागिता बढाई** सिकाइ उपलब्धि सुधार गर्ने।

- **किशोरीको स्वास्थ्य संवेदनशीलता:** किशोर-किशोरीहरूको **स्वास्थ्य संवेदनशीलता** अनुरूप संरचनाहरू विकास गर्ने।

## ४.४.३ रणनीतिहरू

- **दिवा खाजाको विस्तार:** दिवा खाजा कार्यक्रमलाई **क्रमशः विस्तार गर्दै विद्यालयमा खाजा उपलब्ध गराउने** र **अपुग विद्यार्थीका लागि खाजाको व्यवस्था** गर्ने।
- **स्वच्छ खानेपानी र सरसफाइको प्रबन्ध:** विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा **पर्याप्त पानी, हात धुने ठाउँ र घेराबारको व्यवस्था** गर्ने। साथै, आवश्यक संख्यामा **छात्र र छात्राका लागि अलग-अलग शौचालय** र किशोरावस्थाका लागि **गर्ल्स जङ्क्सन, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइ**को उचित व्यवस्थापन गर्ने।

- **स्वास्थ्य सामग्रीको नियमित वितरण:** विद्यालयहरूमा **प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, सूक्ष्म पोषक तत्त्वदायक भिटामिन 'ए' र आइरन फोलिक आदिको वितरण** गर्ने। साथै, छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि **सेनेटरी प्याड वितरणलाई स्वास्थ्यसँगको सहकार्यमा नियमित र प्रभावकारी** बनाउने।

- **स्थानीय उत्पादनमा आधारित खाजा:** दिवा खाजाका लागि **स्थानीय उत्पादनमा आधारित स्वस्थ र पौष्टिक तत्त्वहरूलाई प्राथमिकता** दिने।

- **दीगोपनका लागि साझेदारी:** दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको **स्थायित्व र दिगोपनका लागि तीन तहका सरकारहरू (सङ्घ, प्रदेश, स्थानीय) सँग साझेदारी विकास, निजी-सार्वजनिक साझेदारी (PPP), अभिभावकहरूको सहभागिता** र विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने।

- **अनुगमन र मूल्याङ्कन:** दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको **अनुगमन तथा मूल्याङ्कन, साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी** थप प्रभावकारी बनाउने।

- **विद्यालयमा करेसाबारी:** विद्यालयमा **करेसाबारी निर्माण** गर्ने।

## ४.४.४ मुख्य उपलब्धि तथा नतिजा:

**उपलब्धि:**

- **उत्तम स्वास्थ्य र सिकाइ वातावरण:** विद्यालयमा अध्ययन गर्ने **सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार** भई उनीहरूको **मनोसामाजिक कौशलतामा अभिवृद्धि** हुनेछ। साथै, सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ।
- **पौष्टिक दिवा खाजाको उपलब्धता:** प्रारम्भिक बालविकासदेखि आधारभूत तह (कक्षा ५) सम्मका **सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा विद्यालयबाट प्राप्त गर्नेछन्।**

- **पर्याप्त सरसफाइ र स्वास्थ्य सुविधा:** विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा **पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्रीसहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा किशोरावस्थाका लागि गर्ल्स जङ्क्सन, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको उचित व्यवस्थापन, हात धुने ठाउँ र घेराबारको व्यवस्था** हुनेछ।

- **नियमित स्वास्थ्य सेवा:** विद्यालयहरूमा **प्राथमिक उपचार किट वितरण तथा स्थापना, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन 'ए' र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व वितरण** र किशोर-किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि **सेनिटरी प्याडको नियमित वितरण** हुनेछ।

- **दिवा खाजा व्यवस्थापक:** विद्यालयमा **दिवा खाजा व्यवस्थापकको व्यवस्था** हुनेछ।

- **सचेत अभिभावक:** बालबालिकाको **न्यूनतम सरसफाइ र स्वास्थ्यप्रति सचेत अभिभावक** हुनेछन्।

- **सक्षम दिवा खाजा सञ्चालन:** विद्यालयहरूले **विद्यार्थी संख्याको अनुपातमा पर्याप्त दिवा खाजा सञ्चालन** गरेको हुनेछ।

- **विपद् प्रतिकार्य योजना:** विद्यालयहरूको **विपद् प्रतिकार्य योजना** तयार भएको हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकासमा भर्ना भएका बालबालिकाले आवश्यक खोप प्राप्त गरेका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | जुकाको औषधी, भिटामिन A, आइरन चक्कि, प्राथमिक उपचार बाकस भएका विद्यालय | २७ | २७ | २९ | २९ | २९ | ३३ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिक रूपमा | १८ | २१ | २५ | २७ | २९ | ३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | | | | | | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १९ | २१ | २३ | २६ | ३० | ३३ |
| ६ | छात्र छात्रा शौचालय, सरसफाई साबुन, फिनायलको व्यवस्थापन गर्ने विद्यालय | १० | १५ | २१ | २६ | २९ | ३३ |
| ७ | स्वास्थ्य चौकी इन्चार्जद्वारा प्रजनन शिक्षा यौन शिक्षा बाल विवाह बालविवाह न्यूनीकरण सम्बन्धित तालिम तथा शिक्षा | १० | १० | १० | १० | १० | १० |

# ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

## सरुमारानी गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | छात्रामैत्री शौचालय निर्माण फिनाइलको प्रयोग र हात धुने स्थानमा साबुनको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राथमिक उपचार बाकस र झटपट झोला भएका विद्यालय थप गर्ने | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| ५ | स्थानीयस्तरमा उत्पादित ताजा खाद्यवस्तु संकलन तथा प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | स्वास्थ्य इन्चार्जद्वारा स्वास्थ्य सम्बन्धी नियमित तालिम प्रशिक्षण र छलफल | पटक | २ | ३ | ३ | ३ | ३ | ३ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

प्रत्येक बालबालिकाको सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, सुरक्षित हुन पाउने र सहभागिता जनाउन पाउने नैसर्गिक अधिकार हो। विद्यालयमा बालबालिकाहरूका लागि **सुरक्षित र भयरहित वातावरणमा** सिकाइ क्रियाकलाप हुनु अनिवार्य छ। वर्तमान अवस्था जस्तासुकै विपत्को अवस्थामा पनि शिक्षालाई निरन्तरता दिनु नेपालको संविधान, शिक्षाको राष्ट्रिय उद्देश्य, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षाको राष्ट्रिय नीति, दिगो विकास लक्ष्य, विद्यालय विकास योजना, शिक्षा विकास योजना, बृहत् विद्यालय सुरक्षा दीर्घकालीन योजना र बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज जस्ता स्थानीय नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख गरिएको छ। यद्यपि, अझै पनि विद्यालयहरूलाई **विपद् प्रतिरोधी, हिंसाविहीन र शान्तिको केन्द्र**को रूपमा स्थापित गरी समग्र विद्यालयलाई सुरक्षित विद्यालयको रूपमा स्थापित गर्न धेरै कामहरू गर्नुपर्ने देखिन्छ।

कतिपय अवस्थामा **नागरिकको अधिकार कुण्ठित** हुन पुग्छ। नागरिक तथा बालबालिकाको बाँच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहन पाउने जस्ता आधारभूत अधिकारहरूलाई **विपद्को समयमा पनि कायम राख्न सुनिश्चितता** हुनुपर्छ। जोखिम वा जटिल समाजमा **पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा विद्यार्थीहरूलाई** बढी प्रभावित गरिरहेको हुन्छ। यस्तो अवस्थामा टाठाबाठाले बढी सुविधा लिएका हुन्छन्। तसर्थ, विपद्को समयमा कमजोर वर्गलाई **विभेद रहित रूपमा सुविधा वा सहयोग पाउन सुनिश्चितता** हुनुपर्छ।

यसैगरी, बालबालिका सम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा सार्वजनिक स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा भनी उल्लेख गरेको छ। यस्तो कसुर गर्नेलाई **५० हजार जरिवाना र एक वर्षसम्म कैद** हुन सक्ने व्यवस्था गरेको छ। शिक्षा नियमावलीले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ। यसैगरी, बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाई र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिन **भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७)** जारी भएको छ भने **विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका (२०७८)** ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य निहित स्वार्थबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको सुनिश्चितता गर्ने विधि र प्रक्रिया समावेश गरेको छ।

### ४.५.१ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा देखिएका ठूला तथा साना विपद्हरूले शिक्षालाई प्रभावित पारिरहेको देखिन्छ। भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक विपद्को सामना गरिरहेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी महामारीले ठूलो शैक्षिक क्षति पुऱ्याएको देखिन्छ। यस्ता विपद्को समयमा शिक्षाका वैकल्पिक उपायसहित **शिक्षालाई निरन्तरता दिनु अनिवार्य** छ। शिक्षालाई विपद्को समयमा निरन्तरता दिनका लागि **सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, एस.ई.ई. नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७७** अनुसार शिक्षाका क्रियाकलापहरूलाई निरन्तरता दिइएको देखिन्छ।

**सरुमारानी गाउँपालिकाले** कोभिड-१९ तथा अन्य महामारीको अवस्थामा शिक्षण सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमको प्रयोग गरेको थियो। विभिन्न माध्यमको प्रयोग गरेर शिक्षालाई निरन्तरता दिएको भए तापनि यसले विभिन्न चुनौतीहरू झेल्नुपरेको देखिन्छ।

### चुनौती र अवसरः

आपत्कालीन अवस्थामा गरिने तयारी, छोटो योजना बनाउनु, दीर्घकालीन योजनामा यसलाई समावेश गर्न नसक्नु, योजना तत्कालिन बनाउनु कि दीर्घकालीन, योजनामा कुन-कुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसक्नु, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका थप चुनौतीहरू रहेका छन्।

यसैगरी, नेपालको संविधानले सबैलाई **अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा**को व्यवस्था, बालबालिकामाथि हुने सबै किसिमका विभेद, सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधाविहीनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउन अधिकार उल्लेख गरेको छ। विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनैतिक र निहित स्वार्थबाट मुक्त राख्ने, भेदभाव, दुर्व्यवहार, शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि **अवसरहरू** रहेका छन्।

## ४.५.२ उद्देश्यहरू

१. **जोखिम न्यूनीकरण र पूर्वतयारीः** सङ्कटको सम्भावित जोखिम कम गर्न **औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सङ्घ र प्रदेश सरकारसँग समन्वय** गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्ने।

२. **उत्थानशील प्रणालीका लागि तयारीः** सम्भावित सङ्कटको सामना गर्न अर्थात् **उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी** गर्ने।

३. **सिकाइको निरन्तरताः** जस्तोसुकै विपद् र सङ्कटको अवस्थामा पनि **सिकाइलाई निरन्तरता दिन सक्ने क्षमता र संरचनाको विकास** गर्ने।

४. **तत्काल प्रतिकार्यको तयारीः** सङ्कटको **तत्काल प्रतिकार्यका लागि निश्चित पालिका स्तरीय संयन्त्र**को तयारी गर्ने।

५. **पुनर्स्थापना केन्द्रको विकासः** पालिका स्तरीय **आपत्कालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्र**को विकास गर्ने।

६. **शान्ति र भयरहित विद्यालयः** विद्यालयलाई **शान्त र हिंसाविहीन** को रूपमा स्थापित गरी, बालबालिकाहरूले सुरक्षित र भय रहित वातावरणमा सिक्ने अवसरको वातावरण सिर्जना गर्ने।

### ४.५.३ रणनीतिहरू

१. **विपद् पूर्व अनुमान र विश्लेषण:** शिक्षामा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा सङ्कटहरूको **पूर्वानुमान तथा यसको मात्रा वा जटिलताको मूल्याङ्कन तथा विश्लेषण** गरिनेछ। २. **आपत्कालीन सामग्रीको व्यवस्था:** पालिका र विद्यालय तहमा विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक पर्ने **शैक्षिक उपकरण, औषधि, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्री**को व्यवस्था गरिनेछ।

३. **वैकल्पिक सिकाइ माध्यमको तयारी:** आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिनका लागि **वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न आवश्यक तयारी** गरिनेछ।

४. **हिंसा तथा शोषणबाट सुरक्षा:** आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकालाई **हिंसा तथा शोषणबाट सुरक्षित गर्न उपायहरू** तर्जुमा गरिनेछ।

५. **विपद् व्यवस्थापन संयन्त्र र मापदण्ड:** विपद् तथा सङ्कटको व्यवस्थापनसँग सम्बन्धित **गाउँपालिका स्तरीय संयन्त्र र मापदण्ड** तयार गरी कार्यान्वयन गरिनेछ।

६. **जोखिमरहित पूर्वाधार निर्माण:** विद्यालयको पूर्वाधार तयार गर्दा **हरेक प्रकारका जोखिम, दुर्घटना, प्रकोप र महामारीबाट सुरक्षित रहन सक्ने गरी निर्माण** गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कानुन बनाई कार्यान्वयन गरिनेछ।

७. **विपद् व्यवस्थापन शिक्षा:** विद्यालयमा **सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान** दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालयको वार्षिक कार्यतालिकामा राखिनेछ।

८. **सरोकारवालासँगको समन्वय:** सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको समन्वयमा **शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, वन्यजन्तु आक्रमण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम** सञ्चालन गर्न समन्वय तथा सहजीकरण गरिनेछ।

९. **सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण:** सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी **विपद् व्यवस्थापन सिकाइ केन्द्र**को रूपमा समेत विकास गरिनेछ।

१०. **बहुउद्देश्यीय साझा घर निर्माण:** बाढी, भूकम्प र महामारीको समयमा विद्यालयको सदुपयोग गर्न र बस्तीहरूमा वैकल्पिक आश्रयस्थलका लागि **पालिकाको सक्रियतामा टोलहरूमा बहुउद्देश्यीय साझा घर** निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यान्वयन गरिनेछ।

११. **स्थायी विपद् व्यवस्थापन कोष:** पालिका, वडा र विद्यालयस्तरमा विपद्को समयमा शैक्षिक क्षेत्रमा सहयोग पुग्ने गरी **स्थायी किसिमको विपद् व्यवस्थापन कोष**को व्यवस्था गरिनेछ।

१२. **विद्यालय शान्ति क्षेत्रको अवधारणा:** विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थक बनाउन **राजनैतिक दल, पेसागत सङ्घ/सङ्गठन तथा विद्यार्थी सङ्गठनहरू र अन्य सामुदायिक निकायहरू** बीच समन्वय गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइनेछ।

### ४.५.४ मुख्य उपलब्धि तथा नतिजा: हाम्रो प्रतिफल

**उपलब्धि:**

१. **विपद् व्यवस्थापनमा क्षमता विकास:** विद्यालय तथा समग्र शिक्षा प्रणालीमा **प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनरुत्थानको योजना तथा क्षमता** विकास भएको हुनेछ।

२. **बालबालिकाको शिक्षा र सुरक्षाको सुनिश्चितता:** सामान्य अवस्था र आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि **बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित** भएको हुनेछ। विस्थापित, सामाजिक, हिंसा, बसाइँसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको परिपूर्तिसहित सिकाइको निरन्तरता भएको हुनेछ।

३. **बहुउद्देश्यीय साझा घरको निर्माण:** बाढी, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रयस्थल बनाउन र सङ्कटको समयमा उपयोग गर्न **पालिकाको सक्रियतामा टोलहरूमा साझा घर** निर्माण गरिएको हुनेछ।

# नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | २३ | २५ | २७ | २९ | ३१ | ३३ |
| २ | प्राथमिक उपचार सामग्री उपलब्ध भएका विद्यालय सङ्ख्या | १९ | २१ | २३ | २६ | २९ | ३३ |
| ३ | विपद प्रतिरोधी विद्यालय भवन संख्या | १९ | २ | २ | २ | २ | २ |
| ४ | विपद प्रतिकार्य संयन्त्र कोष निर्माण गरिएका विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ५ | विपत सम्बन्धित तालिम पटक | ० | १ | १ | १ | १ | १ |
| ६ | सुरक्षित कम्पाउण्डको व्यवस्था भएका विद्यालय सङ्ख्या | १८ | २३ | २६ | २९ | ३१ | ३३ |

**४.५.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति निर्माण | पटक | १ | १ | १ | १ | | १ | |
| २ | लक्षित समूहलाई तालिम जु. रे.स. वि.व्य.स. शि.अ.स. | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| ४ | विद्यालयमा विपत सम्बन्धी घटना अभ्यास गतिविधिहरू | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या विद्यालयमा पदाधिकारीहरूलाई प्रशिक्षण | वटा | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्राथमिक उपचार बाकस, स्ट्रेचर, झटपट झोला व्यवस्थापन भएका विद्यालय सङ्ख्या | वटा | १८ | २१ | २३ | २७ | ३३ | ३३ | |
| ७ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | वटा | २९ | २९ | २९ | २९ | २९ | २९ | |
| ८ | विद्यार्थीहरूको रक्त समूह परीक्षण भएको | जना | २२०० | २५५५ | ३००० | ३४०० | ४००० | ४५०० | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयको भौतिक पूर्वाधार शैक्षिक गुणस्तरको आधार हो। सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, स्वच्छ शौचालय, खेलमैदान र खानेपानी जस्ता आधारभूत संरचनाहरू विद्यालयका अभिन्न अंग हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मठमन्दिर, बगैंचा जस्ता भौतिक पूर्वाधारको व्यवस्था गर्ने परिकल्पना गरेको छ। साथै, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधारलाई विपद् जोखिमरहित बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री विद्यालयको रूपमा विकास गर्नुपर्ने उल्लेख छ। यस नीतिगत प्रावधानलाई सरुमारानी गाउँपालिकामा कार्यान्वयन गर्दा विद्यालयमा तहगत विद्यार्थी संख्याका आधारमा कति भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला र प्रयोगशाला, पुस्तकालय, अन्तरक्रियाकलाप एवं खेलकुद, विद्यालय सभाहल, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) आवश्यक पर्छ र पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानीय तह कसले कसरी लिने भन्ने विषय स्पष्ट हुनु आवश्यक देखिएको छ।

विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भए तापनि पूर्वाधारको आवधिक एवं यथार्थ आकलन हुन सकेको छैन। हाल, बृहत् पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट विद्यालय निर्माणमा ४ वटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेकेदारबाट निर्माण हुने, दातृ निकायबाट निर्माण हुने र गैरसरकारी सङ्घसंस्थाबाट निर्माण हुने) अवलम्बन गरिएका छन्। विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरूपता कायम हुन सकेको छैन। भवन निर्माणको विधि र प्रक्रियामा कहिलेकाहीँ विवाद र कानुनी अड्चनहरू आइरहेका छन्। शिक्षा मन्त्रालय अन्तर्गतको सबैभन्दा ठूलो बजेटको शीर्षक भवन निर्माणकै रहेको छ। जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति लगायतका सरोकारवालाहरूले समेत विद्यालयको शैक्षिक पक्षलाई भन्दा पूर्वाधार निर्माणलाई बढी महत्त्व दिएको पाइन्छ। तथापि, पूर्वाधारहरू भने अपेक्षा गरे अनुसारका बनिसकेका छैनन्। रकम नपुगेर कतिपय पूर्वाधारहरू अधुरो अवस्थामा छन्। भवन निर्माण गर्ने सिलसिलामा भवन आचारसंहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू सुरक्षित, लैङ्गिक र अपाङ्गतामैत्री बन्न सकेका छैनन्। पूर्वाधारका कार्यक्रम वितरणमा पनि न्याय नभएका आवाजहरू उठिरहेका छन्। कसैले कहिल्यै नपाउने र कसैले सधैँ पाइरहने अवस्था भइरहेको गुनासो प्रभावितहरूले गरिरहेका छन्।

**सरुमारानी गाउँपालिकामा** केही विद्यालयहरूमा अझै पनि पुस्तकालय, प्रयोगशाला, घेराबार, शौचालय, खेलमैदान, सभाहल जस्ता भौतिक सुविधा अपुग देखिन्छ। विद्यालय भवनहरू अपाङ्गतामैत्री छैनन्। यस गाउँपालिकामा सुरक्षित विद्यालयका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास, पूर्वाधार विकासका लागि दीर्घकालीन योजना निर्माण, आवश्यक स्रोतको व्यवस्था, भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउन **चुनौतीहरू विद्यमान** छन्।

## ४.६.१ वर्तमान अवस्था: सरुमारानीको भौतिक शैक्षिक पूर्वाधारको चित्र

यस सरुमारानी गाउँपालिकामा **२९ वटा सामुदायिक विद्यालयहरू** रहेका छन्। यी विद्यालयहरूमा **२५ वटा पक्की भवन** छन्। ती भवनहरूमा जम्मा १०० **वटा पक्की कक्षाकोठा** रहेका छन् भने **१०० वटा कक्षाकोठा अपुग** छन्। यसैगरी, जम्मा जस्तापाताका छानो भएका विद्यालयका भवनको कक्षाकोठा संख्या **.....** रहेको छ, जसमा आवश्यक **मर्मतसम्भार र उचित व्यवस्थापन** गर्नुपर्ने देखिन्छ। केही विद्यालयहरूमा प्रधानाध्यापकका लागि छुट्टै कोठा, अलग कम्प्युटर कोठा, चर्पी र खानेपानीको उचित व्यवस्था, स्टाफ कोठा, पुस्तकालय कोठा, खेलकुद तथा अन्तरक्रियाकलाप कोठा तथा ल्याब कक्षाको व्यवस्था भए पनि सबै विद्यालयमा यसो हुन नसक्दा यसको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

सङ्घीयता कार्यान्वयन हुनुअघि तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापन तथा शिक्षा विभागबाट विद्यालयमा भौतिक पूर्वाधारको काम हुने गरेकोमा हाल कार्यान्वयनको जिम्मेवारी **स्थानीय तहमा** रहेको छ भने निर्माणको मापदण्ड **सङ्घीय तहबाट** निर्धारण हुँदै आएको छ। जसबाट योजना र कार्यान्वयनमा तालमेल मिल्न सकेको छैन। विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा एकरूपता नभएको अवस्थामा कहाँ कस्ता संरचनाहरू आवश्यक हुन्छन् र ती आवश्यक पूर्वाधार निर्माणको दायित्व सङ्घ, प्रदेश र स्थानीय तह कसले लिने भन्ने विषय स्पष्ट गर्न आवश्यक देखिएको छ।

# ४.६.२ उद्देश्यहरू

भौतिक पूर्वाधार विकासमार्फत गुणस्तरीय विद्यालय शिक्षामा सहयोग पुर्‍याउनु यस शिक्षा योजनाको समग्र उद्देश्य रहेको छ। यसका विशिष्ट उद्देश्यहरू निम्न लिखित छन्:

१. **समन्वय र सहकार्य:** विद्यालयको पूर्वाधार विकास कार्यमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय गाउँपालिका/नगरपालिकासँग **प्रभावकारी समन्वय र सहकार्य** गर्ने।

२. **न्यूनतम पूर्वाधारको विकास र विस्तार:** सबै विद्यालयमा **न्यूनतम पूर्वाधारको विकास र विस्तार** गर्ने।

३. **मापदण्डको कार्यान्वयन:** भौतिक पूर्वाधार विकासका लागि तोकिएको **मापदण्ड कार्यान्वयन** गर्ने, गराउने।

## ४.६.३ रणनीतिहरू

१. **लागत साझेदारीमा आधारित स्रोत व्यवस्थापन:** विद्यालयको भौतिक विकास पूर्वाधारका लागि सङ्घीय सरकार, प्रदेश सरकार र सरुमारानी गाउँपालिकासँग **लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन** गरिनेछ।

२. **मापदण्डको विकास:** भौगोलिक अवस्था, हावापानी, विद्यार्थी संख्या र लागतका आधारमा पूर्वाधार विकाससम्बन्धी **मापदण्ड विकास** गरिनेछ।

३. **आवश्यकताको आकलन:** विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा **आवश्यक पर्ने भौतिक पूर्वाधारको आकलन** गरिनेछ।

४. **समावेशी र सुरक्षित पूर्वाधार:** विद्यालय भवन, कक्षाकोठा, शौचालय, पुस्तकालय जस्ता भौतिक पूर्वाधारलाई **अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री** बनाइनेछ। ५. **वास्तविक आवश्यकतामा आधारित निर्माण:** मागको आधारमा भन्दा **वास्तविक आवश्यकताको पहिचान गरी** पूर्वाधार निर्माण कार्य गरिनेछ। निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्न आवश्यक **समझदारी, आचारसंहिता, सहमति, विश्वास र प्रतिबद्धताको वातावरण** विकास गरिनेछ।

६. **विकास साझेदारहरूसँग एकीकृत लागत साझेदारी:** विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार र विभिन्न सङ्घसंस्थासँग **एकीकृत लागत साझेदारी** गरिनेछ।

७. **वातावरणमैत्री विद्यालय विकास:** विद्यालयमा **बालउद्यान तथा इको गार्डेनको निर्माण** गरी वातावरणमैत्री विद्यालय विकास गरिनेछ।

शिक्षा योजना सरुमारानी

८. **विपद् जोखिमरहित पूर्वाधार:** विद्यालयका भौतिक पूर्वाधारलाई **विपद् जोखिमरहित** बनाइनेछ।

### ४.६.४ मुख्य उपलब्धि तथा नतिजा: हाम्रो प्रतिफल

**उपलब्धि:**

१. **सुरक्षित र बालमैत्री वातावरण:** विद्यालयको भौतिक वातावरण **सुरक्षित र बालमैत्री** हुनेछ।

२. **अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण:** विद्यालयको भौतिक वातावरण **अपाङ्गतामैत्री र लैङ्गिकमैत्री** हुनेछ।

३. **न्यूनतम भौतिक पूर्वाधारको विकास:** सबै विद्यालयमा **न्यूनतम भौतिक पूर्वाधार विकास** हुनेछ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवनको सँख्या तथा निर्माण थप | १९ | २ | २ | २ | २ | २ |
| २ | स्वच्छ सफा पिउनेपानी उपलब्ध भएका विद्यालय संख्या | १९ | २१ | २३ | २६ | ३० | ३३ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ९० | ८० | ६५ | ५० | ३० | १० |
| ४ | नयाँ निर्माण गर्नु पर्ने बालमैत्री, अपागमैत्री शौचालय सँख्या | २५ | २१ | १७ | १३ | ९ | ५ |
| ५ | प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु | ३३ | २७ | २३ | १७ | ११ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्ने विद्यालय सँख्या | | | | | | |
| ६ | बाल उद्यान भएका विद्यालयको सङ्ख्या | ३ | ७ | ११ | १५ | १९ | २३ |
| ७ | अडिटोरियल हल सवाहल कार्यक्रम सञ्चालन पक्ष भएका विद्यालय संख्या | ८ | ११ | १३ | १६ | १९ | २१ |
| ८ | कम्पाउन्ड वरिपरि घेराबार भएको विद्यालयहरूको खेलमैदान संख्या | १८ | २३ | २६ | २९ | ३१ | ३३ |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

तलको तालिकामा स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा नयाँ भवन निर्माण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |
| २ | विद्यालयमा नयाँ कक्षा कोठा निर्माण | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| ३ | विद्यालयमा बनिसकेका भौतिक सामग्रीहरूको मर्मत सम्भार फर्निचर व्यवस्थापन | विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४ | छात्रछात्रालाई अलग्गै शौचालय पिउने पानी हात धुने पानीको उचित व्यवस्थापन | संख्या | २ | २ | २ | २ | २ | १० | |
| ५ | बालमैत्री अपाङ्ग मैत्री कक्षा कोठाको मर्मत | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा | विद्यालय सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ४५ | |

शिक्षा योजना सम्भारानी

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी अनुसूची भर्ने संख्या | | | | | | | | |
| ७ | विषयगत प्रयोगशालाको निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ८ | कार्यक्रम सञ्चालन सभाहल स्टेजसहितको भएका विद्यालय सङ्ख्या | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |

शिक्षा योजना सरुमारानी

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगले शिक्षामा क्रान्ति ल्याउन महत्वपूर्ण भूमिका खेल्छ। आजको युगमा ICT को प्रयोगले शिक्षण-सिकाइलाई अझ सहज, सरल, प्रभावकारी र दिगो बनाएको छ। यसले विद्यार्थीहरूलाई ज्ञानको नयाँ क्षितिजमा पुग्न मद्दत गर्छ र संसारलाई एउटा सानो गाउँजस्तै बनाइदिएको छ।

### वर्तमान अवस्था

सरुमारानी गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरूमा ICT को सुविधा पुगेको छ। यो आफैंमा एउटा ठूलो उपलब्धि हो। नेपाल सरकारले निर्धारण गरेअनुसार कक्षा ४ देखि विज्ञान तथा प्रविधि विषयमा **कम्प्युटर विषय** समावेश गरिएको छ, र स्थानीय पाठ्यक्रममा पनि यसलाई प्राथमिकता दिइएको छ। गाउँपालिकाका ९ वटा माध्यमिक विद्यालयमध्ये ८ वटामा **ICT ल्याब स्थापना** भइसकेका छन्। आगामी वर्ष **लुम्बिनी प्रदेश सरकारको नवप्रवर्तन कार्यक्रम** मार्फत बाँकी एक माध्यमिक विद्यालयमा पनि ICT ल्याब स्थापना हुनेछ, साथै सबै ९ वटै माध्यमिक विद्यालयमा **अन्तरक्रियात्मक बोर्ड (Interactive Board)** जडान गर्ने र यसको प्रयोग सम्बन्धी तालिम दिने योजना छ।

धेरै विद्यालयहरूमा इन्टरनेट जडान गरिएको छ, , र केही विद्यालयमा डिजिटल पुस्तकालय तथा कम्प्युटर प्रयोगशालासमेत छन्। शिक्षकहरूलाई ICT तालिम पनि दिइएको छ। सरस्वती मा.वि. बाङ्गेसालमा **CCTV जडान** गरिएको छ। सबै विद्यालयमा इन्टरनेटको पहुँच रहे पनि, सबैमा **दिगो र भरपर्दो इन्टरनेट नहुँदा** यसमा तत्काल सुधार आवश्यक देखिन्छ। यसैगरी, सबै प्राथमिक विद्यालयमा **ल्यापटप र फोटोकपी मेसिन** उपलब्ध छन् जसले प्रशासनिक कार्यलाई डिजिटल बनाउन मद्दत पुर्याएको छ, तर यो पर्याप्त छैन। त्यसैले, सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई थप व्यवस्थित गर्न जरुरी छ।

**चुनौतीहरू :**

- कतिपय विद्यालयमा **दक्ष र योग्य ICT शिक्षकको अभाव** छ।
- विद्यालयहरूमा रहेका **कम्प्युटरहरू बिग्रिएकाले मर्मत गर्नुपर्ने** देखिएको छ।
- विद्यालयहरूमा रहेको **इन्टरनेटको क्षमता कमजोर** हुनु।
- उपलब्ध स्रोतसाधन र प्रविधिलाई शिक्षण-सिकाइमा **प्रभावकारी रूपमा प्रयोग गर्न सकिएको छैन**।
- माध्यमिक विद्यालयहरूमा उपलब्ध गराइएका उपकरणहरू केही समय प्रयोग भए पनि अहिले धेरैजसो **प्रयोगविहीन अवस्थामा** छन्।

## ६.२ उद्देश्यहरू

- सरुमारानी गाउँपालिकाका **सबै विद्यालयहरूलाई पूर्ण रूपमा ICT मैत्री बनाउने**।
- **प्रविधिमैत्री शिक्षण क्रियाकलापको प्रयोग**बाट सिकाइलाई सहजीकरण गर्ने।
- सबै बालबालिकाको शिक्षामा **ICT को सहज पहुँच सुनिश्चित गर्ने**।

# ६.३ रणनीति तथा कार्यनीतिहरू

**१. सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गर्ने:**

- **नि:शुल्क उच्च गतिको इन्टरनेट सेवा:** गाउँपालिका भित्रका सबै शैक्षिक संस्थाहरूमा नि:शुल्क रूपमा **उच्च गतिको इन्टरनेट सेवा** विस्तारका लागि सहजीकरण गरिनेछ। यसले विद्यार्थी र शिक्षक दुवैलाई डिजिटल स्रोतहरूमा सहज पहुँच पुर्याउनेछ।
- **अनलाइन शिक्षक सूचना व्यवस्थापन प्रणाली:** स्थानीयस्तरमा **अनलाइनमा आधारित शिक्षक सूचना व्यवस्थापन प्रणाली** को विकास गरी विद्यालयहरूको शैक्षिक तथ्याङ्कलाई व्यवस्थित गरिनेछ। यसले शैक्षिक योजना र निर्णय निर्माणमा सहयोग पुर्याउनेछ।
- **वैकल्पिक प्रविधि तथा शिक्षण-सिकाइ:** अनलाइन तथा **वैकल्पिक प्रविधिका साधनहरू** लाई शिक्षण-सिकाइमा पूरकका रूपमा प्रयोग गरी सिकाइ अवसर वृद्धि गरिनेछ। यसले सिकाइलाई थप लचिलो र विद्यार्थीमैत्री बनाउनेछ।

**२. संस्थागत क्षमताको सुदृढीकरण गर्ने:**

- **ICT प्रयोगशाला स्थापना:** विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा **कम्प्युटर, एलसीडी प्रोजेक्टर, टेलिभिजन, डिजिटल ह्वाइटबोर्ड** सहितको **ICT प्रयोगशाला** स्थापना गरिनेछ। यसले विद्यार्थीहरूलाई व्यावहारिक रूपमा प्रविधिको प्रयोग गर्न सिकाउनेछ।
- **ई-पुस्तकालयको व्यवस्था:** विद्यालयहरूमा क्रमिक रूपमा **ई-पुस्तकालय** को व्यवस्था गरिनेछ। यसले विद्यार्थीहरूलाई अनलाइन अध्ययन सामग्रीहरूमा पहुँच प्रदान गरी उनीहरूको सिकाइलाई फराकिलो बनाउनेछ।

शिक्षा योजना सरुमारानी

- **अनलाइन सिकाइ स्रोत केन्द्रः डिजिटल स्रोतसामग्री** सहितको **अनलाइन सिकाइ स्रोतकेन्द्र** विकास गरी गाउँपालिकाभित्रका सबै विद्यालयहरूको पहुँच सुनिश्चित गरिनेछ। यसले शिक्षक र विद्यार्थी दुवैलाई नवीनतम सिकाइ सामग्रीहरू उपलब्ध गराउनेछ।

**३. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास गर्ने:**

- **अभिभावकका लागि ICT साक्षरता:** अभिभावकका लागि **सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी कार्यक्रम** सञ्चालन गरिनेछ। यसले अभिभावकहरूलाई बालबालिकाको डिजिटल सिकाइमा सहयोग गर्न सक्षम बनाउनेछ।
- **शिक्षकका लागि ICT तालिम:** शिक्षकहरूका लागि शिक्षण-सिकाइमा **सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नियमित तालिम** सञ्चालन गरिनेछ। यसले शिक्षकहरूलाई प्रविधिमैत्री शिक्षणका लागि आवश्यक सीप प्रदान गर्नेछ।

- **अनलाइन पेसागत विकास:** गाउँपालिकाभित्र कार्यरत जनशक्तिलाई **अनलाइनमा आधारित पेसागत विकासका कोर्सहरू** मा सहभागी हुन अभिप्रेरित गरिनेछ। यसले उनीहरूको सीप र ज्ञानलाई अद्यावधिक गर्न मद्दत गर्नेछ।

**४. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्ने:**

- **डिजिटल सामग्रीको प्रयोग:** शिक्षण-सिकाइ क्रियाकलापमा **डिजिटल सामग्रीको प्रयोग** गरी सिकाइलाई दिगो एवं सहभागितामूलक गराइनेछ। यसले विद्यार्थीहरूलाई सक्रिय रूपमा सिकाइमा संलग्न गराउनेछ।
- **सुरक्षित अनलाइन सिकाइ वातावरण:** विद्यालयहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोगका लागि **सुरक्षित एवं सहज वातावरण** बनाइनेछ। यसले विद्यार्थीहरूलाई डिजिटल प्लेटफर्महरूमा निर्धक्क भएर सिक्न प्रोत्साहित गर्नेछ।

- **डिजिटल प्रविधिमा आधारित सिकाइ पोर्टलको प्रयोगमा जोड शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रहेका सिकाइ पोर्टलको प्रयोगमा** ल्याइनेछ। यस पोर्टलमा शैक्षिक स्रोतहरू, अभ्यासहरू, र अन्य सिकाइ सामग्रीहरू समावेश गरिनेछ।

- **सामुदायिक सिकाइ केन्द्रहरूको उपयोग:** सामुदायिक सिकाइ केन्द्रहरूलाई **डिजिटल साक्षरता सीप विकास** का लागि उपयोगमा ल्याइनेछ। यसले समुदायस्तरमा डिजिटल ज्ञानको विस्तार गर्न मद्दत गर्नेछ।

- **AI को प्रयोग: कृत्रिम बौद्धिकता (AI)** को प्रयोग गरी विद्यार्थीहरूको व्यक्तिगत सिकाइ आवश्यकता अनुसार अनुकूलित सामग्री (adaptive learning content) विकास गरिनेछ। साथै, AI-आधारित उपकरणहरू प्रयोग गरी विद्यार्थीहरूको प्रगति अनुगमन र प्रतिक्रिया प्रदान गरिनेछ।

शिक्षा योजना सङ्ग्रह

## नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र. सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको संख्या | २९ | २९ | ३३ | ३३ | ३३ | ३३ |
| २ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | २९ | २९ | ३३ | ३३ | ३३ | ३३ |
| ३ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायत प्रविधिको प्रयोग भएको विद्यालय सङ्ख्या | १० | १० | १३ | १७ | २१ | २५ |
| ४ | विद्युतीय पुस्तकालय र आइसिटी ल्याब भएका विद्यालय संख्या | ८ | १२ | १५ | १७ | १९ | २१ |
| ५ | डिजिटल स्मार्ट बोर्ड उपलब्ध भएका विद्यालय संख्या | ४ | ६ | ८ | १० | १२ | १४ |
| ६ | विद्यालयको व्यवस्थापकीय कार्यमा डिजिटल एपको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ० | ० | १ | १ | १ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

स्थानीय तहले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु

| क्र | प्रमुख क्रियाकलापहरू | इका | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|

| सं | | इ | १ | २ | ३ | ४ | ५ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना भएका विद्यालय | वटा | १ | १ | १ | १ | १ | ५ | |
| २ | Internet Connectivity को व्यवस्था विद्यालय | वटा | २९ | २९ | ३३ | ३३ | ३३ | ३३ | |
| ३ | विद्यालयहरूमा स्मार्ट बोर्डको जडान भएका विद्यालय | वटा | २ | २ | २ | २ | २ | १० | |
| ४ | शिक्षकहरूको ICT सम्वन्धि क्षमता विकास | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | |
| ५ | विद्यालय व्यवस्थापन सफ्टवेयर प्रणाली जडान | वटा | ० | ३ | ७ | ० | ० | १० | |
| ६ | शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्ने विद्यालय | वटा | १० | १३ | १७ | १९ | २१ | २३ | |

# परिच्छेद ५: विद्यालय-समुदाय सम्बन्ध

## ५.१.१ वर्तमान अवस्था

सरुमारानी गाउँपालिकामा स्थानीय सरकारले विद्यालयलाई पहिलो प्राथमिकतामा राखेको छ। विद्यालयले समुदायमा शिक्षाको ज्योति फैलाउने काम गर्छ भने विद्यालय सञ्चालनका लागि विद्यार्थीको स्रोत समुदाय नै हो। समुदाय बिना विद्यालय सञ्चालन सम्भव छैन।

यति हुँदाहुँदै पनि वर्तमान अवस्थामा विद्यालयप्रति समुदायको अपनत्व घट्दै गएको देखिन्छ। जसले गर्दा विद्यालयको आर्थिक, भौतिक र शैक्षिक गुणस्तर वृद्धि सोचेजस्तो हुन सकेको छैन। यसको प्रमुख कारण बसाइसराइ पनि एक हो। सरुमारानी गाउँपालिकाका केही मानिस रहरले शहरमुखी भएका छन् भने केही मानिस जंगली जनावरको आतङ्कले खेतीपाती नष्ट हुने हुँदा जीवन निर्वाहका लागि शहरमुखी भएका छन्। जसले गर्दा समुदायका लागि बनेका विद्यालयहरू रित्तिँदै गएका छन्। बसाइसराइको कारणले विद्यालय उमेर समूहका बालबालिका गाउँमा कमै भेटिन थालेका छन्।

समुदायका मानिसले अशिक्षा र गरिबीका कारणले पनि विद्यालयप्रति चासो दिँदैनन्। जबसम्म समुदायमा सचेतना फैलाउन सकिन्न, तबसम्म त्यस्ता समुदायबाट आएका बालबालिकालाई विद्यालय एक्लैले सबल र योग्य बनाउन सक्दैन। विद्यालय जस्तो पवित्र स्थलमा राजनैतिक अखडा बनाउनु नकारात्मक पक्ष हो।

विद्यालयमा विद्यालय व्यवस्थापन समिति (विव्यस) तथा शिक्षक अभिभावक सङ्घको गठन प्रक्रियामा कतिपय विद्यालयमा अभिभावकलाई ललाईफकाई त कतिपय विद्यालयमा राजनैतिक दवावमा गठन गर्नुपर्ने अवस्था छ। यी दुवै प्रकृतिबाट बनेका विव्यस तथा शिक्षक अभिभावक सङ्घले विद्यालयप्रति कम चासो दिएको पाइन्छ। जसले गर्दा विद्यालयको चौतर्फी विकासमा प्रत्यक्ष रूपमा बाधा पुगेको देखिन्छ। त्यसैले विद्यालयको हितका लागि समुदायलाई नै अगाडि सार्नुपर्ने देखिन्छ।

विद्यालयको चौतर्फी विकास र विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउन जबसम्म विद्यालय र समुदायबीच सहकार्य हुन सक्दैन, तबसम्म विद्यालयले कुनै नवीनतम उपलब्धि हासिल गर्न सक्दैन। निःशुल्क शिक्षाको कारणले पनि विद्यालयप्रति समुदायको अपनत्व घटेको पाइन्छ। समुदाय स्थानीय सरकारमा निर्भर हुन थालेकोले अभिभावकले न त विद्यालयप्रति न त आफ्ना बालबालिकाको पढाइप्रति चासो दिन्छन्। जहाँ आफ्नो लगानी हुन्छ, त्यहाँ बढी अपनत्व भएको पाइन्छ। बिना लगानीको शिक्षामा अभिभावक तथा समुदायको चासो एकदमै कम भएको पाइन्छ।

यसको ज्वलन्त उदाहरण: वर्षभरिमा अभिभावक विद्यालयमा आई शिक्षक भेट्ने तथा बच्चाको बारेमा सोधपुछ गर्ने गर्दैनन्। जब वार्षिक परीक्षाको नजिकै केही शुल्क सहित अतिरिक्त कक्षाको सञ्चालन हुन्छ, तब विद्यार्थीको नियमित उपस्थिति र अभिभावकको चासो दुवै बढ्छ। यस्तो अवस्थामा रहेको समुदायलाई विद्यालयप्रति उत्तरदायी बनाउन स्थानीय सरकारले नीति निर्माण गरी पूर्ण निःशुल्क भन्दा केही शुल्क सहित विद्यालय सञ्चालन गर्ने परिपाटी बसाल्नु आवश्यक देखिन्छ।

सरुमारानी गाउँपालिकाले स्थानीय चाडपर्वदेखि अन्य सांस्कृतिक भेला वा समारोहमा खुला आत्मीयतासाथ सहभागिता गराउने, विद्यालयमा हुने विभिन्न दिवसहरूमा आमन्त्रण गर्ने, विद्यालयको विभिन्न सुशासनका कार्यक्रमका बारेमा समुदायलाई जानकारी दिएर पारदर्शी नीति लिने तथा विद्यालय व्यवस्थापन समिति, अभिभावक सङ्घ, शिक्षक अभिभावक, विद्यार्थी, स्थानीय निकाय, गैरसरकारी संस्था, सहकारी सङ्घ संस्थाहरू बिच समय-समयमा अन्तरक्रिया कार्यक्रम गर्ने काम गर्दै आईरहेको छ।

**सबल पक्षहरू**

- समुदायको सहभागितामा विव्यस गठन।
- समय-समयमा अभिभावकहरूसँग अन्तरक्रिया।
- सामाजिक परीक्षणमा समुदायको सहभागिता।
- विद्यालयका कार्यक्रममा अभिभावकहरूको सक्रिय सहभागिता।
- वार्षिक उत्सवमा अभिभावकहरूको सहभागिता।

## *सुधार गर्नुपर्ने पक्षहरू*

- विद्यार्थीको पढाइप्रति अभिभावकको चासो वृद्धि।
- अभिभावकीय शिक्षाको कमी पूर्ति।
- शिक्षक-अभिभावक बिच नियमित भेटघाट, छलफल र अन्तरक्रिया।
- विद्यालयको सम्पत्तिको संरक्षणमा चासो वृद्धि।

## चुनौतीहरू

- विद्यार्थीको पढाइप्रति अभिरुचि सिर्जना।

- अभिभावकलाई बालबालिकाको पठनपाठनप्रति सचेत गराउनु।
- शिक्षक-अभिभावक बिच अपनत्व बोध।

**५.१.२ उद्देश्य**

विद्यालय-समुदाय सम्बन्धसँग सम्बन्धित उद्देश्यहरू:

१. विद्यालयप्रति समुदायको **सकारात्मक भावनाको विकास** गर्नु। २. विद्यालय क्षेत्रको समुदायको **आवश्यकता पहिचान गरी आवश्यक सहयोग** गर्नु। ३. विद्यालय-समुदायको सम्बन्ध **सुमधुर र मजवुत बनाई सिकाइ उपलब्धि अभिवृद्धि** गर्नु।

५.१.३ रणनीति

रणनीति

१) शिक्षक सङ्घ तथा अभिभावक सङ्घ दुवैलाई सक्रिय बनाउने।

२) विद्यालयको योजना, नीति तथा कार्यक्रम निर्माण सञ्चालनमा बुद्धिजीवी अभिभावकलाई पहिलो प्राथमिकताको आधारमा अनिवार्य रूपमा संलग्न गराउने।

३) स्थानीय अभिभावक तथा समुदायका समाजसेवी तथा प्रबुद्ध वर्गसँग शिक्षकहरूले अनिवार्य रूपमा भेटघाट र अन्तरक्रिया गर्ने।

४) समुदायमा सचेतना फैलाई हातेमालो गर्ने।

५) समुदायका कार्यमा अभिभावक, विद्यार्थी र शिक्षकलाई सहभागी गराउने।

६) विद्यालयको समग्र सुधारको पक्षमा समुदायलाई सरिक बनाउने।

७) अभिभावकको सहयोगमा स्थानीय शैक्षिक सामग्री सङ्कलन तथा निर्माण गर्ने।

८) विद्यालयमा विद्यार्थीको नियमितता एवम् पहुँचको सुनिश्चित गर्ने।

कार्यनीति

१) विद्यालय-समुदायको सम्बन्ध प्रगाढ बनाउन सरुमारानी गाउँपालिकाले अभिभावक सचेतनामूलक कार्यक्रम, अभिमुखीकरण कार्यक्रम एवम् अन्तर्क्रिया कार्यक्रम गर्ने।

२) समुदायमा आइपर्ने आपतकालीन समस्यामा समुदाय, विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारीहरू संयुक्त परिचालन गर्ने।

३) विद्यालयको हरेक काम तथा कार्यक्रम, नीति निर्माण प्रक्रियामा समुदायको उल्लेखनीय सहभागिता गराउने।

४) निःशुल्क शिक्षाको प्रत्याभूति गरी अभिभावकहरूको सहयोग, दान, दातव्य प्राप्त भएमा उचित सम्मान गर्ने।

शिक्षा योजना सरुमारानी

कार्यनीति

५) विद्यालय र समुदायको सहकार्यमा स्थानीय शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने।

६) सरुमारानी गाउँपालिकासँग समन्वय गरी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

## ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू:

१. सरुमारानी गाउँपालिकाका **सबै विद्यालयहरूमा सूचना प्रविधिको पहुँच** पुगेको हुनेछ। २. सरुमारानी गाउँपालिकाका **सबै विद्यार्थी र शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी तालिम** प्रदान भएको हुनेछ। ३. सिकाइ उपलब्धिको प्रमुख आधार सूचना प्रविधिको प्रयोगबाट **बालबालिका/विद्यार्थीहरूले सिकेको ज्ञान र सिपमा अभिवृद्धि** भएको हुनेछ।

### *नतिजा तथा परिमाणात्मक लक्ष्य*

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू:

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अभिभावकलाई विद्यालयमा आफ्ना विद्यार्थीहरुको बारेमा बुझ्ने वातावरण पटक | १२ | १२ | १२ | १२ | १२ | १२ |
| २ | प्रत्येक तिन महिनाको एक पटक अभिभावक भेला गराई विद्यालयको असल तथा सुधार गर्नुपर्ने विषयमा छलफल गर्ने | १ | ४ | ४ | ४ | ४ | ४ |

शिक्षा योजना सरुमारानी

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | पटक | | | | | | |
| ३ | उत्कृष्ट अभिभावकलाई विद्यालयले सम्मान तथा प्रोत्साहन गर्ने संख्या | ० | ० | ३३ | ३३ | ३३ | ३३ |
| ४ | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको बैठक पटक | ३ | ३ | ४ | ४ | ४ | ४ |
| ५ | विद्यालयका विभिन्न उत्सव तथा कार्यक्रममा अभिभावकहरूलाई सहभागी गराउने विद्यालय संख्या | १६ | १८ | २१ | २६ | २९ | ३३ |

४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (३ वर्ष) | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रत्येक महिनाको अन्तिम शुक्रवार अभिभावकहरूसँग अन्तर्क्रिया गर्ने विद्यालय | वटा | २३ | ३३ | सबै |
| २ | पढाइ मेला कार्यक्रममा अभिभावकहरूको सहभागिता | पटक | ६ | १० | |
| ३ | अभिभावकहरूको सहभागितामा शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | ६ | १० | |
| ४ | विद्यालयका विविध क्रियाकलापमा अभिभावकहरूको सहभागिता गर्ने विद्यालय | संख्या | २५ | ३३ | |
| ५ | विद्यालयमा अभिभावक उपस्थितिको log book | वटा | ३३ | ३३ | |

शिक्षा योजना सक्षमारानी

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य (३ वर्ष) | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

सरुमारानी गाउँपालिकाको **दीर्घकालीन शिक्षा योजना** अनुसार गाउँपालिकाले शैक्षिक कार्यक्रमको विकास, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ। यसका लागि गाउँपालिकाको **संस्थागत सुधार तथा क्षमता विकास** गर्नुपर्छ। यस योजनाको परिकल्पना, दूरदृष्टि, दीर्घकालीन लक्ष्य र उद्देश्य अनुसारको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण-सिकाइ तथा विद्यालयमा कार्यरत जनशक्ति एवं गाउँपालिकाको शैक्षिक प्रशासन शाखामा उपलब्ध जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास गर्न आवश्यक छ। यसका लागि देहायका रणनीति तथा कार्यनीतिहरू कार्यान्वयनमा ल्याइनेछ।

## अवसरहरू

१. **शैक्षिक सूचकहरूमा सुधार:** शिक्षा क्षेत्रमा गरिने लगानी र सुधारका प्रयासले गाउँपालिकाका **शैक्षिक सूचकहरू सकारात्मक बन्ने** छन्, जसले समग्र शैक्षिक गुणस्तरमा वृद्धि ल्याउनेछ।

२. **भौतिक र प्रविधिको विकास:** शिक्षा क्षेत्रको विकासले **संस्थागत भौतिक विकासमा सहयोग पुग्नेछ** र **इन्टरनेटको पहुँच विस्तार हुने** हुँदा प्रविधिमैत्री शिक्षामा थप सहयोग पुग्नेछ।

३. **प्रतिस्पर्धा र जनशक्ति उत्पादन:** शिक्षाको विकासमा **प्रतिस्पर्धी भावनाको विकास** हुनेछ, जसले **योग्य शैक्षिक जनशक्ति उत्पादनमा सहयोग** पुर्याउनेछ।

## चुनौतीहरू

१. **भौतिक पूर्वाधारको अभाव:** बालमैत्री कक्षा कोठा, शौचालय, कम्पाउन्ड, खेलमैदान तथा अपाङ्गतामैत्री भौतिक संरचना निर्माणका लागि **पर्याप्त स्रोतको उपलब्धता नहुनु** प्रमुख चुनौती हो।

२. **शिक्षकको प्राविधिक क्षमता: सबै शिक्षकहरू प्रविधि प्रयोग गर्न सक्ने नहुनु** र व्यवस्थित विज्ञान प्रयोगशाला, ई-लाइब्रेरी आदिको व्यवस्थापन गर्न नसक्नु अर्को चुनौती हो।

३. **शिक्षक दरबन्दी र व्यवस्थापन:** करारमा कार्यरत **शिक्षक पद खाली भइरहने अवस्था** आउँदा पठनपाठन गतिविधिहरू सोचेबमोजिम सञ्चालन नहुनु र शिक्षक व्यवस्थापनमा समस्या आउनु मुख्य चुनौती हो।

## ६.१.२ उद्देश्यहरू

सरुमारानी गाउँपालिकाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि निम्न उद्देश्यहरू राखेको छ:

शिक्षा योजना सरुमारानी

१. **शैक्षिक जनशक्ति व्यवस्थापन:** स्थानीय तहको आवश्यकता अनुसार **शैक्षिक जनशक्ति व्यवस्थापन गर्नु**। २. **संस्थागत क्षमता अभिवृद्धि:** विद्यालयको **संस्थागत क्षमता अभिवृद्धि गर्नु**। ३. **सुशासनमा सहभागिता:** सबै सरोकारवालाहरूलाई **सुशासनका क्रियाकलापमा सक्रिय सहभागी गराउनु**।

## ६.१.३ रणनीति तथा कार्यनीतिहरू

**१. गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी परिवर्तित सन्दर्भ र दीर्घकालीन योजना अनुसार आवश्यक जनशक्ति योजना तयार गर्ने:**

- गाउँपालिकामा कार्यरत **जनशक्ति विकास योजना** तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- योजना अनुसार आवश्यक जनशक्ति तथा स्रोत व्यवस्थापनका लागि **सङ्घ तथा प्रदेश सरकारसँग समन्वय** गरिनेछ।
- गाउँपालिकाबाट आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गरी निश्चित प्रक्रिया अवलम्बन गरी **जनशक्ति आपूर्ति** गरिनेछ।
- जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरु जस्तै: **स्थानीय पाठ्यक्रम विकास, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरीवेक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित** गरिनेछ।

**२. नक्साङ्कनका आधारमा विद्यालय तथा शिक्षक/कर्मचारी दरबन्दी वितरणलाई पुनरावलोकन गरी विद्यालय समायोजन, दरबन्दी मिलान तथा थप दरबन्दी सिर्जना गरी संरचना तथा स्रोतको व्यवस्थापन गर्ने:**

- तोकिएका मापदण्डका आधारमा **विद्यालय नक्साङ्कन** गरिनेछ।
- **विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्थिति, कक्षा तथा विषयका आधारमा शिक्षक दरबन्दी मिलान** गरिनेछ।
- शिक्षक तथा कर्मचारीको दरबन्दी तथा स्रोत व्यवस्थापनका लागि आवश्यकता अनुसार **सङ्घ तथा प्रदेश सरकारसँग समन्वय** गरिनेछ।

**३. प्रत्येक वडा कार्यालयलाई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवार बनाउने:**

- **वडा शिक्षा समिति गठन** गरी क्षमता विकास गरिनेछ।
- वडा शिक्षा समितिलाई **विद्यालय बाहिरका बालबालिका पहिचान गर्ने, विद्यालय भर्ना अभियान सञ्चालन गर्ने, अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई सहजीकरण गर्ने** कार्यमा जिम्मेवार बनाइनेछ।
- **अपाङ्गता भएका वा अन्य कारणले विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित भएको घोषणा गर्न विद्यालय तथा वडालाई तोकिएका आधारमा सम्मान र प्रोत्साहन** गरिनेछ।

- वडा शिक्षा समितिको समन्वय र सहजीकरणमा **अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रमहरू** सञ्चालन गरिनेछ।

**४. गाउँपालिकामा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको समूह गठन गरी परिचालन गर्ने:**

- शिक्षा क्षेत्रमा विशेष योगदान दिएका **दक्ष, अनुभवी र निष्पक्ष विज्ञहरूको स्वयंसेवी समूह** गठन गरी विद्यालय शिक्षाको समग्र सुधारका लागि परिचालन गरिनेछ।
- शिक्षकहरूलाई **कार्यथलोमा आधारित पेसागत सहयोग, कोचिङ तथा मेन्टरिङ सहयोग** प्रदान गर्नका लागि विज्ञ समूहलाई परिचालन गरिनेछ।
- विज्ञ समूहलाई **समकालीन विषय तथा मुद्दाहरूमा अभिमुखीकरण गर्ने, अनुसन्धान कार्यमा सरिक गराउने तथा निरन्तर सिकाइ आदानप्रदान गर्ने** व्यवस्था गरिनेछ।

# ६.१.४ संस्थागत संरचना

**क) नगर शिक्षा समिति (सरुमारानी गाउँपालिकाको सन्दर्भमा "गाउँ शिक्षा समिति")**

१. सरुमारानी गाउँपालिकाको शिक्षा ऐन २०७५ अनुसार गठित **गाउँ शिक्षा समितिको सचिवालयको काम गाउँपालिकाको शिक्षा शाखाले गर्नेछ।**

२. समितिलाई **अनिवार्य तथा निःशुल्क शिक्षाको प्रबन्धलाई सुनिश्चित गर्ने, विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क व्यवस्थित गरी विद्यालय भर्नाका लागि योजना तयार गरी कार्यान्वयन गर्ने, गुणस्तर सुधारका लागि सञ्चालित विभिन्न योजना कार्यान्वयनको अनुगमन गर्ने, उपलब्ध स्रोतको न्यायोचित वितरण गर्ने, गुणस्तरीय शिक्षाका लागि विभिन्न सरोकारवालाहरू बीच अन्तरक्रिया गर्ने लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यालय वातावरणलाई भयमुक्त तथा स्वस्थ र सफा राख्न** लगायतका कार्यहरूका लागि जिम्मेवार बनाइनेछ।

**ख) शिक्षा शाखा** १. गाउँपालिकामा एक शिक्षा **शाखा रहनेछ** र यसको नेतृत्व शिक्षा प्रशासन तर्फको सातौं /**आठौं तह रहने र शिक्षा प्रशासनको प्राविधिक सहायक हुने।**

२. गाउँपालिकालाई विभिन्न **क्लस्टरमा विभाजन गरी समूहमा सूचना प्रवाह गर्ने तथा व्यवस्थापकीय कार्य सम्पादन गर्ने** व्यवस्था मिलाइनेछ।

३. शिक्षा शाखाले **विद्यालय प्रशासन र शिक्षक व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कन, योजना तथा अनुगमन, युवा तथा खेलकुद सम्बन्धी कार्य गर्नेछ।**

**ग) वडा शिक्षा समिति**

. गाउँपालिकाका प्रत्येक वडामा गठित **वडा शिक्षा समितिलाई विद्यालय शिक्षाको योजना, तथ्याङ्क व्यवस्थापन, विद्यालयको व्यवस्थापन, गुणस्तर सुधार तथा निरीक्षणका लागि जिम्मेवार** बनाइनेछ।

२. **अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रम तर्जुमा तथा व्यवस्थापनमा सहजीकरण** गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

शिक्षा शाखा सरुमारानी

३. वडास्तरीय विभिन्न सञ्जालहरूलाई **प्रभावकारी परिचालन गरी अभिभावक शिक्षा, सचेतना अभिवृद्धि गर्ने** कार्यमा वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

**घ) विज्ञ समूह**

१. गाउँपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा, व्यवस्थापन, परीक्षा र मूल्याङ्कन, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, शिक्षक सुपरीवेक्षण तथा अनुगमन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा **अनुभवी विज्ञहरूको एक रोस्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ**।

२. गाउँपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकता अनुसार **विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग** गरिनेछ।

३. आवधिक रूपमा **विज्ञ समूहको सूची अद्यावधिक** गरिनेछ।

४. विज्ञ समूहको काम, कर्तव्य र जिम्मेवारी गाउँपालिकाबाट तय गरिनेछ।

५. विज्ञ समूहको कार्यसम्पादनमा विकास साझेदार संस्था तथा पेसागत संस्थाहरूसँग आवश्यकता अनुसार **सहकार्य गर्ने** व्यवस्था मिलाइनेछ।

**ङ) सुपरीवेक्षण तथा सहयोगको प्रबन्ध**

१. गाउँपालिकाको **गाउँ शिक्षा समिति नै शिक्षा क्षेत्रको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख अङ्ग** को रूपमा रहनेछ।

२. शैक्षिक प्रशासन शाखाको संयोजनमा वडा शिक्षा समितिका पदाधिकारी, विज्ञ समूहका प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइ तथा साझेदार सङ्घसंस्था समेतको आवश्यकता अनुसार प्रतिनिधित्व रहेको समूहबाट **विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको सुपरीवेक्षण, अनुगमन, पृष्ठपोषण तथा अनुभव आदानप्रदान गर्ने** व्यवस्था मिलाइनेछ।

३. गाउँपालिकाको शैक्षिक योजना तथा कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका **विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा विभिन्न उपसमिति वा कार्यसमूह गठन एवं परिचालन** गरिनेछ।

४. शैक्षिक प्रशासन शाखाका कर्मचारीहरूलाई **नियमित सुपरीवेक्षणका लागि जिम्मेवार** बनाइनेछ।

## ६.१.५ संस्थागत क्षमता विकास

१. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विद्यालयमा कार्यरत जनशक्तिको **आवश्यकतामा आधारित सक्षमता विकासको योजना तर्जुमा गरी कार्यान्वयन** गरिनेछ।

२. **छोटो वा लामो अवधिका सक्षमता विकास कार्यक्रम** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। ३. विभिन्न **अनलाइनमा आधारित अध्ययन तथा तालिम कार्यक्रममा सहभागी भई सक्षमता विकास गर्न** गाउँपालिकाका कर्मचारी तथा विद्यालयका शिक्षक र कर्मचारीलाई प्रोत्साहन गरिनेछ।

४. प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच, शाखा प्रमुख र फाँट प्रमुखबीच तथा शाखा प्रमुख र प्रधानाध्यापकबीच **कार्यसम्पादन करार सम्झौता गरी पदाधिकारीहरूलाई जवाफदेही र उत्तरदायी** बनाइनेछ।

५. जनशक्ति, स्रोत साधनको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका लागि **प्रदेश तथा सङ्घीय सरकारसँग उचित समन्वय र सहकार्य** गरिनेछ।

६. संस्थागत सक्षमता विकासका लागि **विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य** गरिनेछ।

**अवसरहरू**

## ६.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धि

यस गाउँपालिकाले १० वर्षे शिक्षा व्यवस्थापन तथा सुशासनमा निम्न उपलब्धि हुने अपेक्षा गरेको छ।

- गाउँपालिकाका लागि आवश्यक पर्ने शैक्षिक जनशक्ति तयार हुनेछ।
- विद्यालयहरूको आर्थिक, भौतिक र शैक्षिक अवस्था राम्रो हुनेछ।
- संस्थागत क्षमता अभिवृद्धि भई सुशासनमा सहयोग हुनेछ।
- शिक्षकको पेशागत क्षमता विकासमा सहयोग पुग्नेछ।
- बालमैत्री र अपाङ्गता मैत्री भौतिक संरचना निर्माण भई गुणस्तर अभिवृद्धिमा सहयोग पुग्नेछ। योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरु

### नतिजा तथा परिमाणात्मक लक्ष्य

यो योजना कार्यान्वयन भएपछि शिक्षा व्यवस्थापन तथा सुशासनमा निम्न नतिजा प्राप्त हुनेछ।

1. भएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम प्राप्त विषय शिक्षक सङ्ख्या प्रतिशतमा | ९५.५ | ९५.५ | ९७ | १०० | १०० | १०० |
| २ | सरोकालवालाहरू लाई तालिम कार्यशाला पटक | १ | १ | १ | १ | १ | १ |
| ३ | मापदण्ड बमोजिम प्र.अ. नियुक्ति भएका विद्यालय | १२ | १२ | १५ | १९ | २५ | २९ |

शिक्षा योजना सम्मारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | समयमै लेखा परीक्षण गराउने विद्यालय संख्या | २९ | २९ | ३३ | ३३ | ३३ | ३३ |
| ५ | समयमै विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय संख्या | २७ | २७ | २९ | ३३ | ३३ | ३३ |
| ६ | गुनासो सुझाव पेटिका,सूचना पाटी, प्राथमिक उपचार कक्ष व्यवस्थापन गर्ने विद्यालय संख्या | १५ | १५ | १९ | २५ | २९ | ३३ |
| ७ | पालिकाको एसइइको औसत सिकाई उपलब्धि वृद्धि अङ्कमा | | | | | | |

### ६.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*शिक्षा व्यवस्थापन र सुशासनका क्षेत्रमा निम्न प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य हासिल हुनेछ।*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षा सम्बन्धी आवश्यक निर्देशिका कार्यविधि निर्माण तथा परिमार्जन | वटा | १ | २ | १ | १ | १ | ६ | |
| २ | प्रत्येक वर्ष उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई पुरस्कृत | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान | पटक | ० | १ | १ | १ | १ | ४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | दिवा खाजा विद्यार्थीको स्वास्थ्य पोषण सुरक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | वास सहितका छात्र छात्रा र अपाङ्गमैत्री शौचालय निर्माण | वटा | २ | २ | २ | २ | २ | १० | |
| ७ | डिजिटल लाइब्रेरी निर्माण | वटा | २ | २ | २ | २ | २ | १० | |
| ८ | शैक्षिक तालिम अन्तरक्रिया कार्यशाला | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ९ | प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गरेका विद्यालयको सङ्ख्या | वटा | १ | ० | ० | १ | ० | २ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको स्वरूप

### ६.२.१ परिचय र वर्तमान अवस्था

सरुमारानी गाउँपालिकाले शिक्षाका कार्यक्रमहरूलाई **वार्षिक योजना र बजेट**को परिधिमा रहेर कार्यान्वयन गर्छ। हाम्रो गाउँपालिका र विद्यालयस्तरमा सञ्चालित कार्यक्रमहरूको प्रभावकारितामा विशेष जोड दिइएको छ। हरेक विद्यालयले गाउँपालिकाको **शिक्षा शाखाले तोकेको बजेट र जिम्मेवारी** अनुरूप आफ्ना शैक्षिक गतिविधिहरू सञ्चालन गर्नुपर्छ। कार्यक्रम सञ्चालनका लागि आवश्यक आर्थिक व्यवस्थापन र समयावधि **शिक्षा शाखा**ले नै निर्धारण गर्छ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न गाउँपालिकाले **शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको नेतृत्वमा एक अनुगमन समिति** गठन गरेको छ। यसैगरी, विद्यालय तहमा **विद्यालय व्यवस्थापन समिति (व्यस)** र **शिक्षक अभिभावक संघ (शिअ)** को सक्रिय भूमिकामा कार्यक्रमको अनुगमन गरिन्छ। गाउँपालिकाले विद्यालयहरूको **शैक्षिक, प्रशासकीय र भौतिक** लगायतका समग्र पक्षको नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्छ।

अनुगमनपश्चात सरोकारवालाहरूसँग समीक्षा बैठक आयोजना गरिन्छ। यस बैठकमा उत्कृष्ट अभ्यासहरूको **प्रचारप्रसार** गरिन्छ र सुधारका लागि आवश्यक **कार्ययोजना** बनाई कार्यान्वयनमा ल्याइन्छ। कार्यक्रम कार्यान्वयनको प्रक्रियालाई नीतिगत रूपमा बलियो बनाउन पालिका र विद्यालयस्तरमा **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समितिहरू** गठन गरी सक्रिय बनाइनेछ।

हाल, स्थानीय तहमा शैक्षिक अधिकार अन्तर्गतका अनुगमन, नियमन र मूल्याङ्कनका कार्यहरू भइरहेका छन्। विशेषगरी, गाउँपालिकाको शिक्षा शाखाले समय-समयमा अनुगमन तथा मूल्याङ्कन गर्दै आएको छ। कहिलेकाहीँ **जनप्रतिनिधिहरूलाई समेत संलग्न गराई संयुक्त अनुगमन** पनि गरिने गरिएको छ। विद्यालयमा पनि व्यस र शिअको नेतृत्वमा अनुगमन हुने गरेको छ। यद्यपि, अनुगमन तथा मूल्याङ्कनका लागि स्थापित संरचना वा निकायहरूलाई अझै **पूर्ण रूपमा सक्रिय बनाउन बाँकी** छ। गरिएका अनुगमनहरूले सुधारात्मक सुझावहरू दिने

गरे पनि, ती सुझावहरूलाई **व्यवहारमा उतार्ने परिपाटी अझै कमजोर** छ। समग्र कार्यक्रम कार्यान्वयनको **आवधिक समीक्षाको पाटो पनि सशक्त** बन्न सकेको छैन। प्रभावकारी अनुगमन र मूल्याङ्कनको **स्थायी प्रणाली विकास र सञ्चालनमा चुनौती** छ। साथै, शैक्षिक सफलता, सिकाइका अनुभव र राम्रा अभ्यासहरूको **दस्तावेजीकरण र प्रचारप्रसारको अभाव** पनि खड्किएको छ।

## चुनौतीहरू

१. **बजेटको अभाव:** शिक्षा योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि **पर्याप्त बजेटको कमी** प्रमुख चुनौतीको रूपमा रहेको छ।

२. **दक्ष जनशक्तिको कमी:** योजना कार्यान्वयनका लागि आवश्यक **योग्य जनशक्ति र प्राविधिक दक्षताको अभावले** कार्यक्रममा ढिलाइ वा असफलता ल्याउन सक्छ।

३. **पूर्वाधारको अपर्याप्तता:** शैक्षिक कार्यक्रमहरूलाई सफल बनाउन आवश्यक **संरचना, उपकरण र भौतिक पूर्वाधारको कमी** चुनौतीपूर्ण छ।

४. **समन्वयको खाँचो:** सरकारी निकाय, विद्यालय र समुदायबीच **सक्रिय समन्वयको अभावले** योजनाहरू अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन्।

५. **राजनैतिक हस्तक्षेप:** स्थानीय शिक्षा योजनाको कार्यान्वयनमा **राजनैतिक प्रभाव र व्यक्तिगत स्वार्थ**ले अनियमितता निम्त्याउन सक्ने जोखिम छ।

६. **कमजोर अनुगमन प्रणाली:** प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभावले योजनाहरू **सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न** कठिनाइ भइरहेको छ।

## **अवसरहरू**

१. **सामुदायिक स्वामित्व:** स्थानीय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाहरूको **सक्रिय सहभागिताले शिक्षाको गुणस्तर सुधारमा** महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। २. **डिजिटल रूपान्तरण: डिजिटल विधि, अनलाइन शिक्षा र आधुनिक शिक्षा व्यवस्थापन प्रणालीहरू**को प्रयोगले शिक्षाको पहुँच विस्तारका साथै कुशल र प्रभावकारी व्यवस्थापनको अवसर प्रदान गर्दछ।

३. **स्थानीय स्रोतको परिचालन:** गाउँपालिका भित्र उपलब्ध **स्थानीय स्रोत र सीपहरूको उच्चतम उपयोगले** शैक्षिक कार्यक्रमहरूलाई थप बलियो र दिगो बनाउन मद्दत गर्दछ।

४. **साझेदारीका सम्भावना:** गैरसरकारी संस्था, सङ्घसंस्था र निजी क्षेत्रसँगको **सक्रिय सहकार्यले** शिक्षा क्षेत्रका लागि थप आर्थिक सहयोग र विशेषज्ञता जुटाउने अवसर प्रदान गर्दछ।

५. **सङ्घीयताको लचकता:** सङ्घीय प्रणालीले स्थानीय आवश्यकता अनुरूप शैक्षिक योजनाहरू बनाउन र कार्यान्वयन गर्न **व्यापक स्वायत्तता र लचकता** प्रदान गर्दछ।

६. **नेतृत्वको पहलकदमी:** स्थानीय निकायहरूको **सक्रिय र दूरदृष्टिपूर्ण नेतृत्वले** शिक्षा सुधारका लागि ठोस र समयसापेक्ष कदम चाल्न सकिनेछ।

शिक्षा योजना सङ्ग्रह

## ६.२.२ उद्देश्यहरू

१. **वार्षिक शैक्षिक योजना तथा बजेटको निर्माण र कार्यान्वयन:** सरुमारानी गाउँपालिकाको शैक्षिक प्राथमिकता र आवश्यकता अनुसार वार्षिक शैक्षिक योजना तथा बजेट तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

२. **कानुनी तथा नीतिगत संरचनाको विकास:** शिक्षा क्षेत्रका कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने **कानुनी मापदण्ड र निर्देशिकाहरू**को विकास गर्ने।

३. **एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण: एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली**मार्फत कार्यक्रम कार्यान्वयनको अवस्था र त्यसका नतिजाहरूको नियमित विवरण तयार गर्ने, समीक्षा गर्ने र आवश्यकता अनुसार सुधारका लागि प्रयोग गर्ने।

४. **शिक्षक सहायता प्रणालीको विकास:** शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन **स्थानीय स्तरमा शिक्षक सहायता प्रणाली** विकास गरी आवश्यक सहयोग तथा अनुभव आदानप्रदानको वातावरण सिर्जना गर्ने।

५. **विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूको सक्रियता:** विद्यालय र सामुदायिक अध्ययन केन्द्रहरूलाई **योजनाबद्ध रूपमा शिक्षा सुधारका लागि सक्रिय** बनाउने।

६. **प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना:** शिक्षा कार्यक्रमहरूको **प्रभावकारी र कुशल अनुगमन तथा मूल्याङ्कन प्रणाली** विकास गरी त्यसलाई नियमित सञ्चालनमा ल्याउने।

७. **नतिजा-आधारित अनुगमनको अवलम्बन:** कार्यक्रमहरूबाट प्राप्त नतिजाहरूका आधारमा **अनुगमन तथा मूल्याङ्कन प्रणाली** निर्माण गरी त्यसको प्रभावकारिता सुनिश्चित गर्ने।

८. **चुनौतीहरूको तत्काल सम्बोधन:** योजना कार्यान्वयनका क्रममा आइपर्ने **समस्या र चुनौतीहरूलाई समयमै पहिचान गरी सम्बोधन गर्दै** अपेक्षित उपलब्धिहरू हासिल गर्ने।

९. **आवश्यकतामा आधारित योजना निर्माण:** शिक्षामा गरिएको लगानीको **प्रभाव तहसम्मको मूल्याङ्कन** गरी प्राप्त नतिजा र आवश्यकताका आधारमा भावी योजनाहरू निर्माण गर्न सहयोग पुऱ्याउने।

## ६.२.३ रणनीतिहरू

१. **स्रोतको अधिकतम परिचालन:** सङ्घीय तथा प्रदेश तहबाट **वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त तथा अन्य अनुदानहरूलाई** वार्षिक शिक्षा बजेट तथा कार्यक्रममा पूर्ण रूपमा समावेश गरी स्रोतको अधिकतम परिचालन गर्ने।

२. **कानुनी तथा विधिगत स्पष्टता:** कार्यक्रम कार्यान्वयनका लागि **आवश्यक कानुनी विधि र स्पष्ट निर्देशिकाहरू**को विकास गर्ने।

३. **नियमित अनुगमन र सहजीकरण:** कार्यक्रम कार्यान्वयनको **नियमित अनुगमन र सहजीकरण** गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने तथा समस्या समाधानका लागि आवश्यक नीतिगत निर्देशन र समन्वय गर्ने।

४. **एकीकृत शैक्षिक सूचना प्रणालीको सदुपयोग: एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली** मार्फत कार्यक्रम कार्यान्वयनको प्रगति र नतिजाहरूको नियमित विवरण तयार गर्ने, समीक्षा गर्ने र प्राप्त जानकारीलाई सुधारका लागि प्रयोग गर्ने।

५. **विद्यालय व्यवस्थापनलाई सशक्त बनाउने:** विद्यालयमा **विद्यालय व्यवस्थापन समिति (ब्यस) र शिक्षक अभिभावक सङ्घ (शिअ)** लाई सक्रिय गराउँदै विद्यालय सुधार योजना (SIP) को विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

६. **विद्यालय सुधार योजना (SIP) को निर्माण र अद्यावधिक:** प्रत्येक विद्यालयको आफ्नै **विद्यालय सुधार योजना (SIP)** निर्माण गराउने र त्यसलाई नियमित रूपमा अद्यावधिक गर्ने। ७. **जिम्मेवारी र उत्तरदायित्वको सुनिश्चितता:** विद्यालय व्यवस्थापनलाई **सशक्त र सुदृढ** बनाई निर्धारित कार्यक्रम कार्यान्वयनका लागि **प्रधानाध्यापकलाई जिम्मेवार र उत्तरदायी** बनाउने।

८. **वित्तीय सुशासन र पारदर्शीता:** वित्तीय व्यवस्थापन, खरिद र कार्यक्रमको सुनिश्चिततासम्बन्धी **आवश्यक मापदण्डहरू** तयार गरी वित्तीय सुशासन कायम गर्ने।

९. **सामुदायिक संलग्नता र सामाजिक परीक्षण:** अभिभावक तथा सरोकारवालाहरूसँग **नियमित भेटघाट तथा बैठकहरू** आयोजना गर्ने र **सामाजिक परीक्षणलाई प्रभावकारी** बनाउने।

१०. **निरन्तर सिकाइका अवसरको विस्तार:** सामुदायिक सिकाइ केन्द्र, निरन्तर शिक्षा र आजीवन सिकाइ केन्द्र मार्फत **सबै उमेर समूहका व्यक्तिहरूका लागि साक्षरता, साक्षर उत्तर, व्यापक शिक्षा तथा आयआर्जन र सीप विकासका कार्यक्रमहरू** सञ्चालन गर्ने।

## ६.२.४ मुख्य उपलब्धि तथा नतिजा

**क) उपलब्धि:**

१. **शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन:** सरुमारानी गाउँपालिकाको **शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता** हुनेछ।

२. **समस्या समाधान र लक्ष्य प्राप्ति: प्रभावकारी अनुगमन** मार्फत योजना कार्यान्वयनका क्रममा देखा पर्ने **समस्या र चुनौतीहरूलाई समयमै सम्बोधन** गरिनेछ, जसले गर्दा अपेक्षित उपलब्धिहरू हासिल हुनेछन्। साथै, योजनाको **मूल्याङ्कनका आधारमा आवश्यकतामा आधारित योजना निर्माणमा** सहयोग पुग्नेछ।

३. **निरन्तर सुधार र सिकाइ:** कार्यक्रमहरूको **आवधिक समीक्षा** भई सफलताहरूलाई निरन्तरता दिइनेछ, कमजोरीहरूमा सुधार गरिनेछ र प्राप्त अनुभवहरूलाई भावी कार्यक्रमहरूमा **पुनः सिकाइ**को रूपमा उपयोग गरिनेछ।

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

शिक्षा योजना सरुमारानी

शिक्षा कुनै पनि समाजको आधारशिला हो। सरुमारानी गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि आधुनिक र वैज्ञानिक शिक्षाको विकास अपरिहार्य छ। जबसम्म हामी आफ्ना बालबालिकाहरूमा लगानी गर्दैनौं, तबसम्म हाम्रो गाउँपालिकाले सही विकासको बाटो समात्न सक्दैन। त्यसैले, शिक्षाको विकासका लागि **सरुमारानी गाउँपालिकाले सर्वप्रथम लगानी गर्नुपर्छ।**

शिक्षामा गरिएको लगानीले मुख्य चार पक्षलाई ध्यान दिनुपर्छ:

१. **समतामूलक शैक्षिक अवसर र सहभागिता:** सरुमारानीका **सबै बालबालिका र नागरिकलाई** समान शैक्षिक अवसर र सहभागिता सुनिश्चित गर्नु।

२. **गुणस्तरीय शिक्षाको सुनिश्चितता:** शिक्षाको **गुणस्तरमा कुनै सम्झौता नगरी** त्यसको सुनिश्चितता गर्नु।

३. **विद्यालयमा सहज पहुँच र टिकाउपन:** विद्यालय उमेर समूहका **सबै बालबालिकाको विद्यालयसम्म सहज पहुँच** र टिकाउपन कायम गर्नु।

४. **सक्षम र कुशल जनशक्तिको सुनिश्चितता:** शिक्षणमा **सक्षम र कुशल जनशक्ति**को व्यवस्था गर्नु।

**'समृद्ध सरुमारानी, सुखी नागरिक'** को हाम्रो स्थानीय सोचलाई सार्थक बनाउन शिक्षामा सरुमारानी गाउँपालिकाले प्राथमिकताका साथ लगानी गर्न आवश्यक छ।

शिक्षामा पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्त्वपूर्ण पक्ष हो। यद्यपि, शिक्षामा लगानीका सन्दर्भमा केही चुनौतीहरू छन्। एकातिर, संवैधानिक प्रावधानमा समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गरिए पनि, अर्कोतिर शिक्षाको लगानीमा निजी क्षेत्रको संलग्नता क्रमशः बढ्दै जाँदा चुनौती थपिएको छ। राज्य संघीय स्वरूपमा व्यवस्थित हुँदा सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयत्मक र उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सन्दर्भमा अहम महत्त्वको विषय बनेको छ।

सरुमारानी गाउँपालिकामा **शिक्षाको लगानी र स्रोत व्यवस्थापनमा धेरै समस्या र चुनौतीहरू** रहेका छन्। **<u>यस समयका महत्त्वपूर्ण चुनौतीहरू हुन्</u>**:

- **आर्थिक अभाव:** शिक्षा क्षेत्रका लागि न्यूनतम बजेट तथा स्रोतको कमी।
- **प्राथमिकताको बाध्यता:** उपलब्ध स्रोतबाट स्वास्थ्य, सरसफाइ र भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्ने बाध्यता रहनु।
- **आन्तरिक आयको कमी:** शिक्षण संस्थाका नाममा आयआर्जन हुन नसक्नु वा अनुदान/सहयोग अपेक्षित रूपमा प्राप्त नहुनु।
- **सहयोगी निकायको प्राथमिकता:** सहयोगी निकायहरूले गाउँपालिकाको योजनामा सहयोग गर्नुभन्दा अन्य योजना र कार्यक्रममा रुची देखाउनु।
- **समुदायको न्यून संलग्नता:** विपन्न समुदाय, उद्योग, कलकारखाना र रोजगारीका पर्याप्त अवसर नभएकाले उनीहरूको शिक्षामा संलग्नता न्यून हुनु।
- **राजनैतिक प्रभाव:** शिक्षक कर्मचारी सेवा तथा व्यवस्थापनमा राजनैतिक प्रभाव रहनु।

- **संवैधानिक प्रावधानको कार्यान्वयनमा चुनौती:** संविधान तथा राष्ट्रिय ऐन कानुनले माध्यमिक तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क भने पनि, सो अनुसार कार्यक्रम र बजेट बनाउने अभ्यासमा कठिनाइ हुनु।

**यद्यपि, सरुमारानी गाउँपालिकामा शिक्षा विकासका केही सबल पक्ष तथा अवसरहरू पनि छन्:**

- **सरकारी अनुदान:** विद्यार्थी छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, दिवा खाजा, विद्यालय निर्माण मर्मत, शिक्षक कर्मचारी तलबमा अनुदान प्राप्त हुनु।
- **सङ्घसंस्था, समुदाय, सहकारीको सहयोग:** यी निकायहरूको शिक्षामा सहयोग रहनु।
- **गाउँपालिकाको प्राथमिकता:** गाउँपालिकाले शिक्षा विकासलाई प्राथमिकता दिनु।
- **दीर्घकालीन योजना:** गाउँपालिकाको दीर्घकालीन योजनाले दिगो शैक्षिक कार्यक्रम निर्धारण गर्नु।
- **पर्याप्त विद्यालय र बालविकास केन्द्र स्थापना:** गाउँपालिकाभित्र आवश्यक संख्यामा विद्यालय र बालिविकास केन्त्रद्र स्थापना हुनु।

नेपालमा शिक्षाको लगानीमा मुलुकभर नै चर्चाको विषय बनेको अवस्था छ। विगतका वर्षहरूमा राष्ट्रिय बजेटको ठूलो हिस्सा शिक्षामा विनियोजन भएको छ, **सरुमारानी गाउँपालिकाको सन्दर्भमा** शिक्षामा भएको लगानी पर्याप्त छ। तर, ठूलो हिस्सा शिक्षक तलबमा खरेच भएको छ। नेपाल सरकारको शिक्षामा कुल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत लगानी रहेकोमा विगत एक दशकको अवधिमा शिक्षा बजेट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत रहेको थियो। यस बजेटमा वैदेशिक सहायताको अंश पनि उल्लेख्य रहेको छ।

# ७.२ उद्देश्यहरू

१. **स्रोत प्रक्षेपण:** शिक्षा क्षेत्रमा आवश्यक स्रोत प्रक्षेपण गर्नु

२.**स्रोतको अधिकतम परिचालन:** शिक्षाका लागि आवश्यक **वित्तीय र भौतिक स्रोतहरूको पहिचान, परिचालन र समुचित उपयोग** गरी यस योजनामा समावेश गरिएका सबै कार्यक्रमहरूलाई सफल बनाउनु।

३. **प्राथमिकतामा आधारित कार्यान्वयन:** उपलब्ध स्रोतसाधनको **वैज्ञानिक विश्लेषण** गरी गाउँपालिकाको आवश्यकता अनुसार **शैक्षिक कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्ने** र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

# ७.३ रणनीतिहरू:

१. **बहु-स्तरीय समन्वय: सङ्घीय र प्रदेश सरकार**सँग शिक्षामा गरिने लगानीको अनुपात र प्रभावकारिताका लागि **निरन्तर समन्वय र सहकार्य** गर्ने।

२. **स्थानीय स्रोतको प्राथमिकता:** स्थानीय सरकारले आफ्नो **आन्तरिक स्रोतबाट शिक्षामा लगानीको सुनिश्चितता** गर्न कुल बजेटको कम्तीमा **२०% शिक्षाका कार्यक्रमहरूमा विनियोजन** गर्ने। यो लगानीलाई विद्यालय पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धिमा केन्द्रित गर्ने।

३. **निजी र गैरसरकारी क्षेत्रसँग साझेदारी:** शिक्षामा **निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन** गर्ने। लागत साझेदारीमा आधारित कार्यक्रमहरूलाई प्राथमिकता दिई समुदाय र स्थानीय उद्योगहरूलाई शिक्षामा संलग्न गराउने।

४. **वैज्ञानिक खर्च र प्रतिवेदन: मापदण्डमा आधारित खर्च प्रणाली** र नियमित प्रतिवेदन प्रक्रिया अवलम्बन गर्ने। यसले **वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व** सुनिश्चित गर्नेछ।

५. **सुदृढ वित्तीय व्यवस्थापन:** शिक्षाका लागि छुट्ट्याइएको बजेटको **कुशल व्यवस्थापन** गर्न वित्तीय नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने। यसमा नियमित **लेखापरीक्षण, खर्चको अनुगमन र मूल्याङ्कन** समावेश हुनेछ।

६. **क्षमता विकास र सशक्तिकरण:** विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरूको **वित्तीय व्यवस्थापन क्षमतामा सुधार** ल्याउने। उनीहरूलाई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वका लागि तालिम र मार्गदर्शन प्रदान गर्ने।

## ७.४ मुख्य उपलब्धिहरू:

यी रणनीतिहरूको सफल कार्यान्वयनबाट सरुमारानी गाउँपालिकाले निम्न मुख्य उपलब्धिहरू हासिल गर्नेछ:

१. **समृद्ध स्रोत व्यवस्थापन:** शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासका लागि **आवश्यक वित्तीय र भौतिक स्रोतको सुनिश्चित व्यवस्थापन** हुनेछ।

२. **उच्च वित्तीय सुशासन: वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व** को संस्कृति सुदृढ हुनेछ, जसले शिक्षा क्षेत्रमा जनताको विश्वास बढाउनेछ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक.राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान. विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक, कर्मचारीहरु समेत | ६३१७३००० | ६९४९०३०० | ७६४३९३३० | ७८७३२५०९ | ८६६०५७६० | ३७४४४०८९९ |
| २ | माध्यमिक तहका.स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षक.का लागि तलब भत्ता अनुदान.प्राविधिक धार सहित. | १६८५५००० | १८५४०५०० | १९०९६७१५ | २१०९६६१५ | २३२०६२७६ | ९८७९५१०६ |
| ३ | प्रारम्भिक बालविकास.सहजकर्ताहरुको.पारिश्रमि | ७९४८० | ९३४८९०० | १०४९०००० | १०८९०००० | ११५९०००० | ५२०६६९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क, तथा विद्यालय कर्मचारी व्यवस्थापन.अनुदान. | ०० | | | | | ०० |
| ४ | स्थानीयको साझेदारीमा विद्यालय, भवन निर्माण अनुदान. | १८०००००० | १८९००००० | १९०८०००० | १९२६०००० | १९४४०००० | ९४६८०००० |
| ५ | तोकिएका विद्यार्थीको.दिवा खाजाका लागि.विद्यालयलाई अनुदान. | १०२३३००० | १०७४४६५० | १०८४६९८० | १०९४९३१० | ११०५१६४० | ५३८२५५८० |
| ६ | विद्यालय सञ्चालन, तथा.व्यवस्थापन अनुदान. | १८९३००० | २२००००० | २२५०००० | २३५०००० | २५००००० | १११९३००० |
| ७ | शैक्षिक पहुँच सुनिश्चितता.अनौपचारिक तथा वैकल्पिक.शिक्षा कार्यक्रम.परम्परागत विद्यालय.वैकल्पिक विद्यालय.साक्षरता.र निरन्तर शिक्षाका कार्यक्रम समेत. | १४००००० | १५००००० | १५५०००० | १६००००० | १६५०००० | ७७००००० |
| ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान. | ३८४८००० | ३८४८००० | ३८४८००० | ३८४८००० | ३८४८००० | १९२४०००० |
| ९ | सामुदायिक.विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन. | १७००००० | १८१६५०० | १८३३८०० | १८५११०० | १८६८४०० | ९००४८०० |
| १० | शैक्षिक सुशासनका लागि.संस्थागत क्षमता विकास.विद्यार्थी परीक्षण मूल्याङ्कन.शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण. | ११५६००० | १२१३८०० | १२२५३६० | १२३६९२० | १२४८४८० | ६०८०५६० |
| ११ | विपद्का समयमा.सिकाइ निरन्तरताका लागि.सिकाइ पुरन.तथा.उता सिकाइ योजना.कार्यान्वयन. | ४००००० | ४२०००० | ४२४००० | ४२८००० | ४३२००० | २१०४००० |
| १२ | विपन्न, लक्षित.छात्रवृत्तिका लागि.छनौट भएका.कक्षा ६ देखी १२.मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति. | ७८२००० | ८२११०० | ८२८९२० | ८३६७४० | ८४४५६० | ४११३३२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | माध्यमिक त.माध्यमिक त.कक्षा ९-१० मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान. | ६९३८००० | ७०३८००० | ७५३५००० | ७५३८००० | ८०३८००० | ३७०८७००० |
| १४ | आधारभुत तह.६- ८ मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान. | १३८४००० | १४५०००० | १६००००० | १६५०००० | १७००००० | ७७८४००० |
| १५ | प्रतिविद्यार्थी.लागतका आधारमा.सिकाइ. सामग्री तथा.डिजिटल सिकाइ. सामग्री.व्यवस्थापनका लागि विद्यालयलाई.अनुदान. | ३३३६००० | ३५०२८०० | ३५३६१६० | ३५६९५२० | ३६०२८८० | १७५४७३६० |
| १६ | सार्वजनिक विद्यालयमा अध्ययनरत.विद्यार्थीहरुका लागी छात्रवृत्ति, आवासीय तथा गैरआवासीय | ८४९००० | ८९१४५० | ८९९९४० | ९०८४३० | ९१६९२० | ४४६५७४० |
| १७ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि.नि शुल्क पाठ्यपुस्तक अनुदान. | ४६७७००० | ४९१०८५० | ४९५७६२० | ५००४३९० | ५०५११६० | २४६०१०२० |
| | | १४४५७२००० | ५६६३६८५० | १५६४४१८२५ | १७१७४९५३४ | १८३५९४०७६ | ८२४७२९२८५ |

## ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| **बालविकास र शिक्षा** | | ० | ० | ० | ० | ० | ० |
| १ | विद्यालय भौतिक पूर्वाधार विकास | ४०००००० | ५०००००० | ५५००००० | ६०००००० | ६०००००० | २६५००००० |
| २ | शैक्षिक गुणस्तर सुधार तथा सूचना प्रविधि विकास | ० | २००००००० | २००००००० | २००००००० | २००००००० | ८००००००० |

## ग। स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1. १ | गा.पा अनुदान शिक्षक पोशाक | ३५०००० | ३५०००० | ७००००० | ७००००० | ७००००० | २७००००० |
| 2. | गा.पा अनुदान शिक्षक तलब भत्ता | २५०००००० | २५०००००० | २७५००००० | २७५००००० | २७५००००० | १३२५००००० |
| 3. | प्र.अ बैठक सञ्चालन तथा व्यबस्थापन | ३३२७०० | ४८५००० | ४८५००० | ५००००० | ५००००० | २३०२७०० |
| 4. | प्रधानाध्यपक शैक्षिक अबलोकन भ्रमण | ० | १००००० | १५०००० | १५०००० | १५०००० | ५५०००० |
| 5. | स्थानिय पा.पु (१-८) लेखन तथा छपाई | ८००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २८००००० |
| 6. | मगर भाषा शिक्षक तलबभत्ता | ४९४००० | ५००००० | ५५०००० | ५५०००० | ५५०००० | २६४४००० |
| 7. | मगर भाषा पाठ्यक्रम र पापु लेखन तथा छपाई | ३५०००० | १००००० | १००००० | १००००० | १००००० | ७५०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 8. | हप्किडो तथा अन्य खेल प्रशिक्षक तलबभत्ता | १०४०००० | १०४०००० | १०४०००० | १०४०००० | १०४०००० | ५२००००० |
| 9. | शिक्षक कर्मचारी तालिम | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| 10. | विषयतग शिक्षक अन्तरक्रिया | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० |
| 11. | STEM कार्यक्रम | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| 12. | अभिभावक शिक्षा कार्यक्रम | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | २०००००० |
| 13. | १-५ पालिका स्तरिय खेल | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० |
| 14. | आधारभुत तह कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | ४५०००० | ६००००० | ६००००० | ६००००० | ६००००० | २८५०००० |
| 15. २ | अध्यक्ष कप खेल सञ्चालन | ६००००० | ८००००० | ८००००० | ८००००० | ८००००० | ३८००००० |
| 16. | रनिडशिल्ड सञ्चालन | ५००००० | ९००००० | ९००००० | ९००००० | ९००००० | ४१००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | | | | | | | |
| 17. | जिल्ला रनिङशिल्ड | २५०००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १४५०००० |
| 18. | मगरभाषा शिक्षण व्यवस्थापन | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० |
| 19. | मुस्लिम धार्मिक शिक्षा | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| 20. | सुत्केरी सट्टा शिक्षक तलबभत्ता | २००००० | ३६५००० | ४००००० | ४००००० | ४५०००० | १८१५००० |
| 21. | पढदै कमाउदै कार्यक्रम | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० |
| 22. | शैक्षिक क्यालेन्डर शिक्षक डायरी निरन्तर मुल्याङकन तथा बुलेटिन प्रकाशन | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | ४००००० | १८००००० |
| 23. | ९ वटा मा वि मा योग/ध्यान | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० |
| 24. | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | १००००० | १००००० | १५०००० | १५०००० | १५०००० | ६५०००० |
| 25. | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि कार्यक्रम | ० | १००००० | १५०००० | २००००० | २००००० | ६५०००० |
| 26. | पालिकास्तरिय उत्कृस्ट विद्यार्थी पुरस्कार कार्यक्रम | ० | १५०००० | १५०००० | १५०००० | १५०००० | ६००००० |
| 27. | पालिका स्तरमा दिवसहरु सञ्चालन | ० | १००००० | १५०००० | १५०००० | १५०००० | ५५०००० |
| 28. | विपन्न विद्यार्थी सहयोग | ० | ५०००० | १००००० | १००००० | १००००० | ३५०००० |
| 29. | रेडक्रस तथा स्काउट कार्यक्रम | ० | १००००० | १००००० | १००००० | १५०००० | ३५०००० |
| 30. | शिक्षा नीति तथा.आवधिक योजना निर्माण | २००००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२००००० |
| 31. | खेलमैदान निर्माण. | ० | ३५०००० | ३५०००० | ४००००० | ४००००० | १५००००० |
| 32. | बालबालिकाहरुका लागी खेल सामग्री वितरण. | ० | १००००० | १५०००० | १५०००० | १५०००० | ५५०००० |
| 33. | जम्मा | ३३१२६७० | ३५२०००० | ३८४३५००० | ३८८५५०००० | ३८७००००० | १८३८११७०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ० | ० | ० | | | |

**घ। अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | |
| १ | किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० |
| २ | बालविकास र शैक्षिक सूधार | ० | ६००००० | १०००००० | १०००००० | १०००००० | ३६००००० |
| | जम्मा | ० | ११००००० | १५००००० | १५००००० | १५००००० | ५६००००० |

## *परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन*

*नेपालमा योजनाबद्ध विकासको सुरुवातसँगै **विकास आयोजनाहरूको अनुगमन र मूल्याङ्कन गर्ने प्रचलन** सुरु भएको हो। विशेषगरी आर्थिक वर्ष २०३२/०३३ बाट यसले गति लियो र आठौं योजना (२०४९-२०५४) देखि यसलाई एउटा बलियो पद्धतिका रूपमा विकास गरियो। अनुगमन र मूल्याङ्कनले कुनै पनि काम गुणस्तरीय भयो कि भएन, तोकिएको समय र प्रक्रियामा गरियो कि गरिएन, खर्च प्रभावकारी भयो कि भएन, र त्यसले कस्तो प्रभाव पार्‍यो भन्ने जस्ता महत्त्वपूर्ण जानकारी दिन्छ। शिक्षा क्षेत्रमा त यो अझ महत्त्वपूर्ण मानिन्छ किनभने यसले शैक्षिक योजना तथा कार्यक्रमहरू लक्ष्यअनुसार भए नभएको निरन्तर निगरानी राख्ने र तिनीहरूको सान्दर्भिकता, सबलता, लाभदायीपन र प्रभावकारिता मापन गर्ने काम गर्छ।*

नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, जस्तैः निःशुल्क र अनिवार्य शिक्षा तथा दिगो विकास लक्ष्यहरू प्राप्तिका लागि पनि सही अनुगमन र मूल्याङ्कन आवश्यक छ। विद्यालयको विकास र शिक्षणको गुणस्तर सुधारका लागि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणलाई योजनाको अभिन्न अंगका रूपमा हेरिनुपर्छ।

## ट. १ वर्तमान अवस्था

**सरुमारानी गाउँपालिका** ले राष्ट्रिय र प्रदेश स्तरका नीति-नियमहरूलाई आत्मसात् गर्दै शिक्षा कार्यविधि, शिक्षा ऐन, नियमावली, शैक्षिक योजना, पाठ्यसामग्री, गुरुयोजना, आवधिक योजना र विपद्कालीन प्रतिकार्य योजनाहरू निर्माण गरी अगाडि बढ्ने लक्ष्य राखेको छ। विद्यालयहरूले पनि पाँच वर्षे विद्यालय सुधार योजना, वार्षिक सुधार योजना र कार्यक्रम बजेटमार्फत अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रावधानहरू स्पष्ट पारेका छन्। ऐन-नियमअनुसार काम भए नभएको लेखाजोखा गर्ने, लक्ष्य र उद्देश्यका आधारमा प्रगति मापन गर्ने, र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएका रणनीति तथा नीतिगत प्रभावको मूल्याङ्कन गर्ने कार्यहरू नियमित भइरहेका छन्। गाउँपालिकाको शिक्षा शाखाले गाउँ शिक्षा योजनाबारे सरोकारवालाहरूलाई जानकारी गराई त्यसको कार्यान्वयनको अनुगमन गर्नेछ।

हाल **स्रोत केन्द्रहरू खारेज** भएको अवस्थामा, गाउँपालिका शिक्षा शाखामा नियमित र प्रभावकारी अनुगमनका लागि **जनशक्तिको अभाव** एउटा चुनौती बनेको छ। यस गाउँ शिक्षा योजनाले योजनाको प्रभावकारी कार्यान्वयन र लक्षित उद्देश्य प्राप्तिका लागि **प्रभावकारी मूल्याङ्कन प्रणाली** र **व्यवस्थित अनुगमन संयन्त्र** निर्माणको खाका प्रस्तुत गरी भविष्यका लागि मार्गनिर्देश गर्नेछ।

**सबल पक्षः**

- माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा आएको।
- अनुगमन तथा मूल्याङ्कनमा सरोकारवाला र सर्वसाधारणमा शैक्षिक गुणस्तरबारे चासो बढेको।
- राज्यले अनुगमन र मूल्याङ्कनलाई योजना कार्यान्वयनको अंग बनाएको।

**सुधार गर्नुपर्ने पक्षः**

- योजनाको कार्यक्रम प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि **पर्याप्त जनशक्ति व्यवस्थापन** गर्ने।
- अनुगमन र मूल्याङ्कनलाई **उच्च प्राथमिकता** दिने।
- **स्रोत सामग्री र आर्थिक अभाव** व्यवस्थापन गर्ने।

**अवसरः**

- अनुगमन तथा मूल्याङ्कनमा **सूचना प्रविधिको विस्तार** र चासो बढाउन सकिने।
- गाउँपालिकाभित्रै **अनुभव प्राप्त विज्ञहरू** उपलब्ध हुनु।
- स्थानीय तहले शैक्षिक गुणस्तर वृद्धिमा चासो बढाउनु।

**चुनौतीः**

- योजनाको कार्यक्रम प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने **पर्याप्त जनशक्ति नहुनु**।

शिक्षा योजना सरुमारानी

- *अनुगमन र मूल्याङ्कनलाई **प्राथमिकतामा नराखिनु**।*
- ***स्रोत सामग्री र आर्थिक अभाव** हुनु।*

## *ट.२ उद्देश्य*

*अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित मुख्य उद्देश्यहरू:*

- *वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरी **कार्यान्वयन** गर्ने।*
- *अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई **व्यवस्थित** बनाउने।*
- *आवश्यकताअनुसार कानुन, मापदण्ड र निर्देशिका **विकास** गर्ने।*
- *एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, **समीक्षा गर्ने र सुधार** गर्ने।*
- ***प्रभावकारी तथा कुशल अनुगमन प्रणाली** विकास गर्ने।*
- ***नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली** बनाउने।*
- *योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई **समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि** हासिल गर्ने।*
- *कार्यस्थलमा गरिने मूल्याङ्कन र अनुगमनको आधारमा **प्रोत्साहन र दण्डको व्यवस्था** गर्ने।*

## *ट.३ रणनीति*

*माथि उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि निम्न रणनीतिहरू अपनाइनेछन्:*

*१. सरुमारानी गाउँपालिकाले **सहभागितामूलक र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया** संस्थागत गर्नेछ।*

*२. **गाउँ शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिहरूलाई सूचक र मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार** बनाइनेछ।*

*3. संघ तथा प्रदेशका अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित विभिन्न निकायहरूसँग **उचित समन्वय तथा सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी** बनाइनेछ।*

*4. **वार्षिक कार्ययोजनाको अंगका रूपमा अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना कार्यान्वयनमा** ल्याइनेछ।*

*5. अनुगमन तथा मूल्याङ्कनमा **आधुनिक विधि, प्रविधि तथा प्रक्रिया** अपनाइनेछ।*

*6. अनुगमन तथा मूल्याङ्कनका **प्राविधिक आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार** गरिनेछ।*

*7. सरुमारानी गाउँपालिकामा कार्यरत **जनशक्तिको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास** गरिनेछ।*

शिक्षा योजना सरुमारानी

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

***उपलब्धि:*** *योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू:*

- ***नतिजामा आधारित अनुगमन प्रणाली*** *स्थापित हुने।*
- *विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको* ***आवधिक मूल्याङ्कन*** *हुने।*
- *विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा* ***सुधार गर्ने परिपाटी*** *स्थापित हुने।*
- *अनुगमन तथा मूल्याङ्कनका लागि* ***संस्थागत संरचना तथा क्षमता विकास*** *हुने।*
- *अनुगमनका आधारमा* ***नतिजा सुधार*** *हुने।*
- *गाउँपालिकाभित्र* ***प्रभावकारी अनुगमन संयन्त्र*** *निर्माण भएको हुने।*
- *सबै विद्यालयहरूमा* ***सूचना प्रविधिमैत्री अनुगमन मूल्याङ्कन प्रणाली*** *व्यवस्था भएको हुने।*
- *योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी* ***अपेक्षित उपलब्धि*** *हासिल भएको हुने।*

***नतिजा:***

- *विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा* ***सुधार गर्ने परिपाटी विकास*** *हुने।*
- *अनुगमन तथा मूल्याङ्कनका* ***संस्थागत संरचना तथा क्षमता विकास*** *हुने।*
- *अनुगमनका आधारमा* ***नतिजा सुधार*** *हुने।*
- ***नतिजामा आधारित अनुगमन प्रणाली*** *स्थापित हुने।*

### ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*अनुगमन तथा मूल्याङ्कनका लागि कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यहरु*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | नतिजाका आधारमा अनुगमन प्रणाली लागि सूचकहरू तयार गर्ने र अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४ | विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यार्थीको कार्य सम्पादन परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालय सामाजिक परीक्षण प्रभावकारी तथा नियमित बनाउने | वटा | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालयको लेखा परीक्षण | वटा | १ | १ | १ | १ | १ | ५ | |
| ८ | नियमित रुपमा शिक्षा युवा खेलकुद शाखाबाट अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| ९ | गाउँपालिकाबाट नियमित विद्यालयको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | |
| १० | गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा अद्यावधिक | पटक | ० | १ | १ | १ | १ | ४ | |

शिक्षा योजना सक्षमानी